# वार्षिक प्रगति प्रतिवेदन पुस्तिका

## आ.व. २०८०/०८१

लेटाङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

(कृषि विकास शाखा)

लेटाङ, मोरङ

फोन नः ०२६-५२०२२६, ५२०४७८
ईमेलः letangmunicipality@gmail.com
krishibikasshakhaletang@gmail.com
वेभसाईट : www.letangmun.gov.np

## वार्षिक प्रगति प्रतिवेदन पुस्तिका
## आ.व. २०८०।०८१

**संरक्षक**
श्री भुपेन्द्र कुमार लावती
(नगर प्रमुख)

**सल्लाहकार**
श्री कृष्ण कुमारी निरौला पोखेल
(नगर उप प्रमुख)
श्री नारायण न्यौपाने
(प्रमुख प्रशासकीय अधिकृत)

**सम्पादन तथा फोटोहरू**
श्री करण श्रेष्ठ
(कृषि शाखा प्रमुख)
अधिकृत स्तर छैठौं

**सम्पादन सहयोगी**
श्री अल्का ढकाल
(कृषि स्नातक प्राविधिक)
श्री मन्जु तामाङ्ग (कृषि प्राविधिक)

**प्रकाशक**
लेटाङ्ग नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषिविकास शाखा
लेटाङ्ग, मोरङ्ग
फोन नं ०२१५६०३३४
Email:letangmunicipality@gmail.com
krishibikasshakhaletang@gmail.com
letangmun.gov.np


# हाम्रो भनाई

नेपालको आर्थिक उन्नतीमा कृषि क्षेत्रको अग्रणी भुमिका रहेको सर्वविविदत छ । तथापी सर्मद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्ने नेपालको योजनाको कृषिक्षेत्रको विकास नभए सम्म अधुरै रहने कुरामा दुईमत छैन । कुल जनसँख्याको ६३% जनताको जिविकोपार्जनको मुख्य पेशा कृषि नै रहेको छ । देशको अर्थतन्त्रको मेरूदण्ड कृषिक्षेत्र भएको हुदाँ कृषिविकास विना बहुसँख्यक जनताको जीवन स्तर उठ्न नसक्ने वास्तविकतामा हामीसँग भएका सिमित स्रोत र साधनलाई वैज्ञानिक तवरले उपयोग गर्दै कृषि उपजको उत्पादन र उत्पादकत्व एवं कृषकहरूको आयआर्जन वृद्धि गराई गरिबी न्युनिकरणमा योगदान पुऱ्याउनु नै कृषि कार्यक्रमको सफलता मान्न सकिन्छ ।

यस कार्यालयबाट आ.व. २०८०।०८१ को अवधीमा खाधान्नबाली, तरकारीबालीको विउविजन वितरण, माटो परिक्षण र सुधार कार्यक्रम, बाली संरक्षण सेवा कार्यक्रम, मकै च्याउ तथा रैथानेबालीहरूको व्यवसाय प्रबर्द्धन कार्यक्रम संचालन गरिएको छ । नगरको कृषि विकासमा प्रत्यक्षपरोक्ष रूपमा सरोकार राख्न हुने कृषक, कृषिविकाससँग सम्बन्धित सहयोगी सरकारी तथा गैह्र सरकारी कार्यालय संघ संस्था, कृषिप्राविधिक, चासो र जानकारी राख्नुहुने जो कसैलाई थोरै भएपनि यस वार्षिक प्रगति पुस्तिका विवरण उपयोगी हुनेछ भन्ने विश्वास लिइएको छ ।

धन्यवाद ।

विषय सुचि पेज नं.

खण्ड- क

१. परिचायात्मक जानकारी

१.१ लेटाङ्गको ऐतिहासिक पृष्ठभुमी १

१.२ राजनैतिक तथा प्रशासनिक सिमाना ३

१.३ राजनैतिक तथा प्रशासनिक विभाजन ३

१.४ भौगोलिक अवस्थिति ३

१.५ भौगोलिक अवस्था तथा क्षेत्रफल र भु उपयोग ३

१.६ प्रमुख धार्मिक तथा पर्यटकिय स्थलहरू ४

१.७ जनसंख्या ४

१.८ मुख्य पेशा ४

१.९. मुख्य बालीहरू ४

१.१०. प्राकितिक सम्पदाहरू ५

१.११ हावापानी अनरूप उत्पादन सम्भावयताहरू र भुउपयोग नक्सा ५

खण्ड - ख

२. कृषि विकास शाखा, लेटाङ नगरपालिकाको परिचय, उद्देश्य,कार्यनिति ६

३. विनियोजित बजेट अनुसार खर्च विवरण ९

३.२ कृषि विकास कार्यक्रमको बार्षिक एकमुष्ट भौति क प्रगति प्रतिबेदन (नगर) १०

३.३ कृषि विकास कार्यक्रमको बार्षिक एकमुष्ट भौति क प्रगति प्रतिबेदन (संघिय) ११

३.४ बार्षिक लैगिक क सहभागिता प्रगति विवरणा (नगर) १३

३.५ बार्षिक लैगिक सहभागिता प्रगति विवरण (संघिय ) १४

३.६. लेटाङ नगरपालिकामा हाल कार्यरत कृषि प्राविधिकहरूको विवरण १५

४. वार्षिक प्रगति विवरण १७

४. ले.न.पा कृषि विकास शाखाबाट संचालित पकेट/ब्लक क्षेत्रको विवरण २४

५. आ.व. २०७८।०७९ कृषि विकास शाखा अन्तर्गत कार्यक्रमको विस्तृत विवरण २५

६. लेटाङ नगर क्षेत्रमा उत्पादन गरिने मुख्य वालीहरूको विवरण ४६

७. अनुदानका मल वितरण निर्देशिका २०७७ को कारोवार गर्ने कृषि सहकारीहरूको विवरण ५३

८. कृषि विकास शाखा दर्ता तथा अध्यावधिक भएका निजि कृषि फर्मको विवरण ५२

९. कृषि विकास शाखा हाल सम्म दर्ता भएका कृषक समुहको विवरण ५४

१०. कोदो, रागे, धान,डि कम्पोजर,टमाटर, खेती प्रविधि तथा अमेरिकन फौजी किरा नियन्त्रण र कृषिको इतिहास र हालको अवस्था ६४

११. कृषि विमा र निजि फर्म दर्ता र समुह विधान ९९

# खण्ड–एक

# १. परिचयात्मक जानकारी

## १.१. लेटाङको ऐतिहासिक पृष्ठभूमि

लेटाङ नगरपालिका क्षेत्र प्राचिन समयमा धिमालहरूको राजधानी थियो । खासगरी लेटाङ बजारको पश्चिममा अवस्थित चिसाङ खोला तरे पछि केहि उत्तर तिर जादाँ पुगिने राजारानी पोखरी भएको ठाउँमा धिमाल राजाको दरबार थियो भन्ने किंवदन्ती छ । त्यसैले यस क्षेत्रका पुराना बासिन्दाहरूको धिमालको भाषाबाट लेटाङ रहन भएको भनाई छ । यहाँ आदिवासी धिमालहरू हुन । लेटाङको नामाकरण धिमाल भाषामा "लेटा" शब्दबाट भएको मानिन्छ । प्राचिन धिमाल भाषामा लेटाको अर्थ पहाडबाट झरेको समथल भुभाग भन्ने हुन्छ । धिमाल पोखरी भनेर चिनिने राजारानी डाँडाबाट हेर्दा हालको लेटाङ पहाडसँग जोडिएको समथर भुभाग देखिन्छ । त्यसैले त्यसलाई धिमालहरूको लेटा भने । त्यति बेला लेटा जंगलले भरिएको थियो । त्यहि बेला लेटा शब्द उच्चारण गर्दै जादाँ कालान्तरमा अपभ्रंश भई लेटाङ भएको हुनु जर्दछ । त्यही आधारमा त्यस भूमिलाई लेटाङ भन्ने गरियो ।

लेटाङ नगरपालिका क्षेत्रको ऐतिहासिक पृष्ठभुमि खोजि गर्दा यो क्षेत्र प्राचिन प्राग्ज्योतिष राज्यभित्र पर्दथ्यो । पछि गएर यसबाट मत्स्यदेश अलग हुदाँ लेटाङ भेग मत्स्यदेशमा पर्न पुग्यो । यदाकदा मिथिला, पुण्ड्र र किराँतहरूको अधिनमा पर्ने तथा यस भेग स्थानिय शासकले शासन गर्ने कार्य पछि यो क्षेत्र मुरेहाङको मोरङ भित्र पर्यो । यसै गरी विजयपुर राज्यको स्थापना भएपछि भने लेटाङ क्षेत्र विजयपुर कै अधिनमा रह्यो ।

तत्कालिन समयमा लेटाङ क्षेत्रलाई घना जंगलले ढाकेको थियो भन्ने गरिन्छ । यहाँका नदी किनारा भागमा केहि जातजातीका मानिसहरूका ससाना वस्तीहरू थिए । घना जंगलका कारण मानिसले खोला या नदिको किनारा भाग तथा पहाडको फेदीमा बस्न आवश्यक थियो । लेटाङ भेगमा बेलाबेलामा पाइने

पुराना बसोबासका अवशेषहरूले यसै कुराको संकेत गरेका छन । लेटाङको आसपासमा यस्ता थुप्रै प्रकारका अवशेषहरू पाइएका छन् । तिनिहरू कतिपय नाँसिएका छन् भने कतिपय अझसम्म पनि उजागर हुन सकेका छैनन ।

मोरङ विजयपुरमा विजयनारायण पछि पाल्पाली सेनराजा लोहांगसेनले कब्जा गरेपछि भने यो भेग पाल्पाली सेनहरूको अधिनमा पर्न पुग्यो । तत्काल पाल्पाली नै राज्य विभाजन हुदाँ नारायणी पुर्वको मकवानपुर लोहांगसेनले पाएको हुनाले यो भेग पनि मकवानपुरबाट विजयपुरलाई अलग्गै राज्य बनाएको हुदाँ लेटाङ लगायतको स्थान विजयपुरको अभिन्न अंग बन्न पुग्यो । सेनकाल भन्दा अघि नै लेटाङको सीमाभन्दा केहि पश्चिम उत्तरमा रहेको कसेनीमा धनपाल नामक एक जना रजौटेले शासन गर्थे । तिनको राजधानी र दरबारका अवशेषहरू अहिले पनि रहेको छ । यसलाई स्थानिय मानिसहरूले संरक्षण गरेर राखेका छन, जसलाई धनपालगढी नामले चिनिन्छ । कालान्तरमा धनापाल रजौटेको पतन भयो । धनपालको राज्य विजयपुरमा गाभियो । यता विजयपुर पनि स्थानिय रजौटेबाट सेनहरूको अधिनमा परेको देखिन्छ । वि.स. १८३१ मा पृथ्वीनारायण शाहले नेपालएकीकरण गरे सँगै यो भुभागपनि बृहत्तर नेपालमा गाभिएको पाइन्छ ।

वि.स. २०१८ मा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेदेखि नै लेटाङ नगरपालिकाले ओगटेको क्षेत्र मोरङ जिल्लाको उत्तरी भुभागका रूपमा रहनपुग्यो । वि.स. २०७१ सालमा तत्कालिन लेटाङ र भोगटेनी गा.वि.स. मिलाएर लेटाङ भोगटेनी नगरपालिका बनाइयो । नेपालको संविधान २०७२ ले अङ्गीकार गरेको संघिय गणतन्त्र नेपालको राज्यपुनर संरचनाले गर्दा स्थानियतह पुन रसंरचना सुझाव आयोगको प्रतिवेदन २०७३ अनुसार साविक लेटाङ भोगटेनी नगरपालिकाको १ नं वडा बाहेक सबै, जाँते गा.वि.स.को १,२,५,६,८ र ९ वडाहरू र वारङ्गी गा.वि.स.को सम्पूर्ण वडाहरूलाई मिलाएर वि.स. २०७३।१।२७ गते लेटाङ नगरपालिका बनाइएको हो ।

## १.२. राजनैतिक तथा प्रशासनिक सिमानाः

क. पुर्वतर्फ– मिक्लाजुङ्ग गाउँपालिका पश्चिमतर्फ– केराबारी गाउँपालिका

ख. उत्तर तर्फ– धनकुटा जिल्लाको चौबिसे गाउपालिका

ग. दक्षिण तर्फ– उर्लाबारी न.पा, पथरी शनिश्चरे नगरपालिका, बेलबारी नगरपालिका र कानेपोखरी गाँउपालिका

## १.३. राजनैतिक तथा प्रशासनिक विभाजनः

निर्वाचन क्षेत्र नं– १ वडाहरू– ९ वटा

जिल्ला - मोरङ प्रदेश नं– १

## १.४. भौगोलिक अवस्थितिः

अक्षांश २६°२०' उत्तरदेखि २६°५३' उत्तर,

देशान्तर ८७°१६' पूर्वदेखि ८७°४१' पूर्वसम्म

## १.५. भौगोलिक अवस्था तथा क्षेत्रफल र भू-उपयोग स्थितिः

भौगोलिक अवस्था : पहाड र भावर प्रदेशको समतल

क्षेत्रफल : २१९.२३ वर्ग कि.मि., कृषिकर्मी : ८०%

गैरकृषिकर्मि : २०%,

समुन्द्र सतह देखि उचाई : २७६ देखि २४१० मि. सम्म । तापक्रमः ४.९ देखि ३६ डिग्री सेल्सीयस सम्म,

एक दिनमा वर्षा : ८४ मिलिमिटर

## १.५ प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरू

राजारानी ताल, आरूबोटे डाँडा, किसे झरना, कोलुङ झरना, देउजे झरना, नावदेलुङ झरना, जोरकुज, बाराजी मन्दिर, धार्मिक चौक जाँते, गुवाबारी ।

## १.६. जनसँख्या

घर परिवारः ८,६६४, कुल जनँसँख्या ३८,११७

पुरूष १९०७४, महिला १९०४३

जनसँख्या वृद्धिदर १.९%

लैङ्गिक अनुपात २.०१%, औसत परिवार सँख्या ४.४ जना

जनघनत्व १४२ वर्ग मि

*(श्रोत नगर बस्तुस्थिति विवरण २०८०)*

## १.७. मुख्य पेशा

कृषि, व्यापार, होटल, नोकरी, घरेलु उधोग आदि ।

## १.८. मुख्यबालीहरू

मकै, धान, गहुँ, आलु, कोदो, दालहरू (मास, भटमास, मस्याङ., सिमी, बोडी, केराउ, आदि) अदुवा, बेसार, अलैची, तरकारी, सुन्तला, कागती, सुपारी, कफी, केरा, मौरी, च्याउ, कुरिलो,आदि ।

## १.९. निकासी हुने बाली तथा वनस्पतिहरू

तरकारी, सुन्तला, अलैँची, कफी, अलैची, आलु, अदुवा, बेसार, कागती, केरा, मौरीको मह, कुरिलो, च्याउ, तेजपात, अम्रिसो आदि ।

## १.१०. प्राकृतिक सम्पदाहरू

क. नदी-नालाहरूः-चिसाङ खोला, तेलि खोला, भुवा खोला, मोरङ्गी खोला

ख. वनस्पतिहरूः-सुनाखरी, साल,उतिस, कटुस, चिलाउने, चाप, लाकुरी, सल्लो, हलेदो, टाकी, कोईरालो, खन्यू, कुटमिरो, निभारो, बडहर, गुरस, निगालो, खयर, सिसौ, सत्तिसाल, बास, आदि ।

## १.११. असिना पर्ने महिनाहरू

फाल्गुन, चैत्र  र वैशाख

## १.१२. हावापानी अनुरूपको उत्पादन सम्भाव्यता

१. अन्नवाली : मकै, धान, गहु, कोदो र फापर ।

२. तेलवाली : तोरी, सर्स्यू, आलस, बदाम, फिलुङ्ग, सुर्यमुखी ।

३. दालवाली : मास, मसुरो, मुङ्ग,  रहर, भटमास ।


४. नगदेवाली : अलैची, कफी।

५. मसलावाली : अदुवा, लसुन, प्याज, बेसार, खुर्सानी, धनिया ।

६. फलफूल : केरा,सुन्तला, जुनार, कागति, नास्पाती, एभोकाडो आप, लिचि र किवी ।

७. तरकारीवाली : आलु, बन्दा, काउली, गोलभेडा, मूला, रायो, भेडेंखुर्सानी, भन्टा, सबै किसिमका तरकारीबाली आदि ।

८. विविध- मौरी, च्याउ, कुरिलो, सुपारी, सिमसाग इत्यादी ।



# खण्ड- दुई

# २. कृषि विकास शाखा, लेटाङ नगरपालिका, मोरङ

## २.१. परिचय

मोरङ जिल्लाका कृषकहरूको परापूर्वकालदेखि गरि आएको कृषि पद्धतिलाई परिमार्जन गरी प्रति इकाई क्षेत्रफलमा उत्पादन बढाई कृषकहरूको जीवनस्तर उकास्न उन्नत कृषि प्रविधिको प्रचार-प्रसार गर्ने उद्देश्यले वि.स. २०७३ सालमा लेटाङ नगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गत कृषि विकास शाखाको नामले यस शाखाको स्थापना भएको हो । कार्यालयको स्थापना भए पश्चात् यस कार्यालयले कृषकहरूको चाहना अनुरूप खाद्यन्न, दलहन, तेलहन, नगदेवाली, मौरीपालन, रेशम खेती, फलफूल खेती, तरकारी खेती जस्ता व्यवसायको दिगो विकास गरी कृषकहरूको जीवनस्तर उकास्न स्वीकृत नीति निर्देशन अनुसार विभिन्न कार्यक्रमहरू कृषि सेवा केन्द्र मार्फत कृषक समूह/कृषकहरूमा संचालन गर्दै आएको छ ।

## २.२. उद्देश्य

(क) दीर्घकालीन (Long Term) उद्देश्यहरू

१. खाद्यबस्तुको बढदो माग पुरा गर्न उत्पादकत्व बढाई खाद्य सुरक्षा तथा पोषण सुरक्षाको सम्बर्धन गर्ने । जिल्लाबाट निर्यात भई रहेका व्यवसायिक कृषिवालीहरूको प्रवर्द्धन र विकास गर्ने । बहुसंख्यक साना किसानहरूका लागि कृषि क्षेत्रमा आयमूलक र उत्पादनशील रोजगारीका अवसरहरू बढाउने । गरिवी न्यूनीकरण गर्न स्थानीय निकायसँग समन्वय गरी गरिवीको आधार सर्भेक्षण तयार गराई समावेशी रूपमा गरिवी न्यूनीकरण कार्यक्रम संचालन गर्ने । जनसंख्या तथा वातावरणलाई ध्यानमा राखी दिगो कृषि विकासको प्रयासवाट कृषकहरूको आयआर्जन बृद्धिगरि जीवनस्तर

उकास्ने ।

(ख) अल्पकालीन (Short Term) उद्देश्य

१. कृषकहरूको मागवमोजिम कृषक उपयोगी कृषिकार्यक्रमहरू संचालन गर्ने । कृषक समुदायको कृषि सम्वन्धि परम्परागत विचारधारामा परिवर्तन ल्याई उत्पादन र उत्पादकत्व बढाउने । कृषक समक्षनयाँ-नयाँ उत्पादनका प्रविधि ज्ञान, शीप र साधन पुऱ्याउने । संभाव्यताको आधारमा पकेट क्षेत्र छनौट गरी खाद्यान्न, फलफुल, तरकारी वालीको व्यवसायिक कार्यक्रमलाई प्रोत्साहन गर्ने । कृषकहरूमा समस्या समाधान गर्न समयानुकूल सरल, सस्तो र प्रभावकारी नयाँ प्रविधिहरू कृषक समक्ष पुऱ्याउने

२. कृषक समूहको माध्यमवाट ग्रामीण स्तरमा प्रगतिशील अगुवा कृषक र कृषक समूहतयार गर्ने

३. उन्नत कृषि प्रविधि अपनाई उत्पादन वृद्धि गराउन कृषकवर्गलाई आवश्यक पर्ने उत्पादन साधनहरू (स्तरयुक्त बीउ, मल र कृषि ऋण) को आपुर्ति तथा उत्पादित वस्तुको वजार व्यवस्थापन पुऱ्याउने सहजिकरण गर्ने । बजार मागको आधारमा व्यवसायिक रूपमा आउन सक्ने कृषि वालीहरूको पहिचान गरी विकास गर्ने ।

(ग) कार्यनीतिहरू (Strategies)

१. कृषकहरूलाई जिल्ला स्तरिय कृषि कार्यक्रम निर्माणमा प्रत्यक्ष सहभागी गर्ने । कृषिविकासमा पिछडिएका वर्गलाई समूह गठन, तालिम, भ्रमण, गोष्ठी प्रदर्शन जस्ता प्रसार प्रविधितथा स्रोत केन्द्र विकासमा समावेश गर्ने । कृषिविकास कार्यक्रममा विकेन्द्रीकरणको सिद्धान्त अनुरूप राजमार्ग एवं सहायक सडकको आसपासमा वढी प्रभावकारी देखिने र जिल्लाको भौगोलिक स्थिति, हावापानी, माटो, तुलनात्मकलाभ र संभाव्य थलोलाई दृष्टिगत गरि सोही अनुरूपको हुन सक्ने कार्यक्रम तर्जुमा गरी कार्यक्रम संचालन गर्ने । शीपविकास र रोजगारी वृद्धिमा सहयोग पुऱ्याउने सिपबिकास

तालिमहरूको व्यवस्था गर्ने । कम आयतन भएका बढी मोल पर्ने वालीलाई प्राथमिकता दिई कार्यक्रम संचालन गर्ने । बजार संभाव्यता अध्ययन, पूर्वाधार विकास र सूचना प्रवाह गरी कृषि बजार विकास र कृषि बजार सूचना प्रणालीको प्रयोग लागि निरन्तरता दिदै जाने । माटोको उर्वरा शक्ति कायम राख्न हरियो मल, कम्पोष्ट मल, जैविक मल प्रयोगमा जोड दिनुको साथै कृषिचुनको प्रयोगलाई समेत ध्यान दिई सहयोग पुर्‍याउने । विभिन्न कृषि कार्यक्रमहरू कृषक समूह तथा कृषक सहकारी मार्फत संचालन गर्ने । दीर्घकालिन कृषियोजना (APP)लाई आधार मानि उत्पादन पकेटहरूको विकास र व्यवसायिकरणमा प्राथमिकता दिई कार्यक्रम संचालन गर्ने । कृषि विकाससँग सम्वन्धित विभिन्न सरकारी, अर्ध सरकारी तथा गैर सरकारी संघ संस्थाहरूसँग समन्वय राखी कार्यक्रम संचालन गर्ने । गरिवी न्यूनीकरण गर्न स्थानिय निकायवाट तयार गरिएको आधार रेखाबाट गरिव ठहरिएका कृषकहरूको जीवन स्तर उकास्न कृषि सेवा केन्द्रको पहुचको आधार हेरी गरिवी न्यूनीकरण कार्यक्रम समावेशी रूपमा संचालन गर्दै लैजाने ।

# ३. आ.व. २०८०।०८१ लेटाङ नगरपालिका कृषि विकास शाखा अन्तर्गत कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन फारम

## ३.१. विनियोजित वजेट अनुसार खर्च विवरण

| सि. नं. | व.उ.शि.नं. | आयोजनाको नाम | विनियोजित वार्षिक बजेट रू. हजारमा | | | | वार्षिक वजेट खर्च रू. हजारमा | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल बजेट | कार्यक्रम बजेट | चालु बजेट | पूँजिगत वजेट | वजेट | कार्यक्रम बजेट | चालु बजेट | पूँजिगत वजेट | |
| १ | ८०११३४०६३०० | नगरपालिका कृषिविकास कार्यक्रम | १९०० | १९०० | १९०० | ० | १९०० | १९००।० | १९००।० | ० | |
| २ | ८०११३४०६५११ | संघिय सरकारबाट हस्तान्तरित कृषिकार्यक्रम | २७२४ | २७२४ | २७२४ | ० | २७२४ | २६८०।९७ | २६८०।९७ | ० | |
| | | कुलजम्मा | ४६२४ | ४६२४ | ४६२४ | ० | ४६२४ | ४५८०।९७ | ४५८०।९७ | | |

## ३.२. कृषि विकास कार्यक्रमको बार्षिक एकमुष्ट भौतिक प्रगति प्रतिबेदन

लेटाङ नगरपालिका कृषि विकास तर्फ आ.ब. २०८०।०८१

| क्र.सं. | कार्य विवरण | | इकाइ | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम | दोश्रो | तेश्रो | बार्षिक |
| १ | कृषक समू हगठन तथा अध्यावधिक साथै उन्नत वीउको मिनिकिट वितरण | लक्ष | संख्या | २ | २ | ० | ४ |
| | | प्रगति | | २ | २ | ० | ४ |
| | | प्रतिशत | | १०० | १०० | ० | १०० |
| २ | बाली संरक्षण सेवा कार्यक्रम तथा शिविर संचालन | लक्ष | संख्या | १ | १ | १ | ३ |
| | | प्रगति | | १ | १ | १ | ३ |
| | | प्रतिशत | | १०० | १०० | १०० | १०० |
| ३ | ५० प्रतिशत अनुदानमा वर्षे तरकारीको वीउ | लक्ष | पटक | ० | ० | १ | १ |
| | | प्रगति | | ० | ० | १ | १ |
| | | प्रतिशत | | ० | ० | १०० | १०० |
| ४ | ५० प्रतिशत अनुदानमा टमाटर हाइब्रिड विउ वितरण | लक्ष | पटक | १ | ० | ० | १ |
| | | प्रगति | | १ | ० | ० | ० |
| | | प्रतिशत | | १०० | ० | ० | १०० |
| ५ | ५० प्रतिशत अनुदानमा धानको विउ वितरण | लक्ष | पटक | ० | ० | १ | १ |
| | | प्रगति | | ० | ० | १ | १ |
| | | प्रतिशत | | ० | ० | १०० | १०० |
| ६ | माटो परिक्षणका लागी नमुना तथा शिविर संचालन | लक्ष | पटक | १ | २ | ० | ३ |
| | | प्रगति | | १ | २ | ० | ३ |
| | | प्रतिशत | | १०० | १०० | ० | १०० |
| कुल भौतिक प्रगति प्रतिशत | | | | १०० | १०० | १०० | १०० |

## ३.३. कृषि विकास कार्यक्रमको बार्षिक एकमुष्ट भौतिक प्रगति प्रतिबेदन

### संघिय तथा प्रदेश हस्तातरणीय सशर्त बजेट कार्यक्रम कृषि विकास तर्फ आ.ब. २०८०|०८१

| क्र. सं. | कार्य विवरण | | इकाइ | लेटाङ | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम | दोश्रो | तेश्रो | बार्षिक |
| १ | कृषक सुचिकरण व्यवस्थापन | लक्ष | संख्या | ० | १ | १ | २ |
| | | प्रगति | | ० | १ | १ | २ |
| | | प्रतिशत | | ० | १०० | १०० | १०० |
| २ | कृषि तथा पशुपंक्षी सम्बन्धी तथ्यांक अध्यावधिक कार्यक्रम | लक्ष | संख्या | ० | १ | ० | १ |
| | | प्रगति | | ० | १ | ० | १ |
| | | प्रतिशत | | ० | १०० | ० | १०० |
| ३. | रबर खेतीप्रवर्द्धन कार्यक्रम | लक्ष | पटक | ० | १ | ० | १ |
| | | प्रगति | | ० | १ | ० | १ |
| | | प्रतिशत | | ० | १०० | ० | १०० |
| ४. | रैथाने बाली प्रबर्द्धन कार्यक्रम | लक्ष | पटक | ० | १ | ० | १ |
| | | प्रगति | | ० | १ | ० | १ |
| | | प्रतिशत | | ० | १०० | ० | १०० |
| ५. | मकै तथा च्याउबालीको साना व्यवसायीक उत्पादन केन्द्र पकेट विकास कार्यक्रम | लक्ष | पटक | ० | १ | ० | १ |
| | | प्रगति | | ० | १ | ० | १ |
| | | प्रतिशत | | ० | १०० | ० | १०० |

| क्र. सं. | कार्य विवरण | | इकाइ | लेटाङ | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम | दोश्रो | तेश्रो | बार्षिक |
| ६. | सेतो भटमास विस्तार तथाउत्पादनकार्यक्रम( प्रदेश सशर्त) | लक्ष | संख्या | ० | १ | १ | २ |
| | | प्रगति | | ० | १ | १ | २ |
| | | प्रतिशत | | ० | १०० | १०० | १०० |
| कुल भौतिक प्रगति प्रतिशत | | | | १०० | १०० | १०० | १०० |

## ३.४. वार्षिक लैङ्गिक सहभागिता प्रगति विवरण आ.ब. २०८०/०८१

आयोजना:लेटाङ नगरपालिका कार्यक्रम : कृषिविकास कार्यक्रम

| क्र.स. | कार्य विवरण | इकाइ | सहभागिता | नगरपालिका लेटाङ | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम | दोश्रो | तेश्रो | बार्षिक |
| १ | २ | ३ | ४ | | | | |
| १ | कृषक समूह गठन तथा अध्यावधिक साथै उन्नतवीउको मिनिकिट वितरण | जवान | पुरूष | ११२ | ० | ० | ११२ |
| | | | महिला | ८८ | ० | ० | ८८ |
| | | | जम्मा | २०० | ० | ० | २०० |
| २ | बाली संरक्षण सेवा कार्यक्रमतथा शिविर संचालन | जवान | पुरूष | ११५ | ३५० | १४५ | ६१० |
| | | | महिला | ११० | २२५ | १३० | ४६५ |
| | | | जम्मा | २२५ | ५७५ | २७५ | १०७५ |
| ३ | ५० प्रतिशत अनुदानमा वर्षे तरकारीको वीउ | जवान | पुरूष | ० | ० | २०० | २०० |
| | | | महिला | ० | ० | ११७ | ११७ |
| | | | जम्मा | ० | ० | ३१७ | ३१७ |
| ४ | ५० प्रतिशत अनुदानमा टमाटर हाइब्रिड विउ वितरण | जवान | पुरूष | ८० | ० | ० | ८० |
| | | | महिला | ४५ | ० | ० | ४५ |
| | | | जम्मा | १२५ | ० | ० | १२५ |
| ५ | ५० प्रतिशत अनुदानमा धानको विउ वितरण | जवान | पुरूष | ० | ० | २० | २० |
| | | | महिला | ० | ० | १७ | १७ |
| | | | जम्मा | ० | ० | ३७ | ३७ |
| ६ | माटो परिक्षणका लागी नमुना तथा शिविर संचालन | जवान | पुरूष | ० | १७१ | ० | १७१ |
| | | | महिला | ० | ५६ | ० | ५६ |
| | | | जम्मा | ० | २२७ | ० | २२७ |
| कुलजम्मा | | ज्वान महिला जम्मा | पुरूष | ३०७ | ५२१ | ३६५ | ११९३ |
| | | | २४३ | २८१ | २६० | ७८४ | |
| | | | ५५० | ८०२ | ६२५ | १९७७ | |
| महिला सहभागिता प्रगति प्रतिशत | | | | ४४.१८ | ३५.०३ | ४१.६ | ३९.६५ |

## ३.५. बार्षिक लैङिक सहभागिता प्रगति विवरण आ.व. २०८०/०८१

आयोजना:लेटाङ नगरपालिका कार्यक्रम : संघियशशर्त बजेट कार्यक्रम

| क्र.स. | कार्य विवरण | इकाइ | सहभागिता | नगरपालिका | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | लेटाङ | | | |
| | | | | प्रथम | दोश्रो | तेश्रो | बार्षिक |
| १ | २ | ३ | ४ | | | | |
| १ | कृषक सुचिकरण व्यवस्थापन | जना | पुरुष | ० | ० | २७२५ | २७२५ |
| | | | महिला | ० | ० | २६६४ | २६६४ |
| | | | जम्मा | ० | ० | ५३८९ | ५३८९ |
| २ | कृषि तथा पशुपंक्षी सम्बन्धि तथ्यांक अध्यावधिक कार्यक्रम | जना | पुरुष | ० | १२० | ० | १२० |
| | | | महिला | ० | ८० | ० | ८० |
| | | | जम्मा | ० | २०० | ० | १०० |
| ३ | रबर खेती प्रवर्द्धन कार्यक्रम | जना | पुरुष | ० | ० | ० | ० |
| | | | महिला | | ० | ० | ० |
| | | | जम्मा | | ० | ० | ० |
| ४ | रैथानेबाली प्रवर्द्धन कार्यक्रम | जना | पुरुष | ० | ३० | ० | ३० |
| | | | महिला | ० | २० | ० | २० |
| | | | जम्मा | ० | ५० | ० | ५० |
| ५ | मकै तथा च्याउ बालीको साना व्यवसायीक उत्पादन केन्द्र पकेट विकास कार्यक्रम | जना | पुरुष | ० | ४५ | ० | ४५ |
| | | | महिला | ० | ३५ | ० | ३५ |
| | | | जम्मा | ० | ८० | ० | ८० |
| ६ | सेतो भटमास विस्तार तथा उत्पादन कार्यक्रम(प्रदेश सशर्त) | जना | पुरुष | ० | ० | १३५ | १३५ |
| | | | महिला | ० | ० | ११० | ११० |
| | | | जम्मा | ० | ० | २४५ | २४५ |
| | कुल जम्मा | | पुरुष | ० | १९५ | २८६० | ३०५५ |
| | | | महिला | ० | १३५ | २७७४ | २९०९ |
| | | | जम्मा | ० | ३३० | ५६३४ | ५९६४ |
| | महिला सहभागिता प्रगति प्रतिशत | | | ० | ४०.९ | ४९.२३ | ४८.७७ |

## ३.६. लेटाङ नगरपालिकामा हाल कार्यरत कृषि प्राविधिकहरूको विवरण

| क्र.स. | नाम, थर | पद | ठेगाना | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|
| १. | करण श्रेष्ठ | कृषि प्रसार अधिकृत (अधिकृत स्तर छैटौ) | विराटचोक, मोरङ | ९८४२२३८७९३ | स्थायी |
| २. | अल्का ढकाल | कृषि स्नातक प्राविधिक | मिक्लाजुङ्ग, मोरङ्ग | ९८२७३६३३३७ | संघिय सशर्त करार |
| २. | मन्जु तामाङ | कृषिप्राविधिक (सहायक स्तर चौथो) | रतुवामाई, मोरङ | ९८१५३२६६२६ | एक गा.वि.स एक प्राविधिक करार |

## ३.७. प्रगति विवरण

(आ १८०/०८० .व.)

२०८० श्रावण १ गते देखी २०८१ अषाढ मसान्त महिना सम्मको प्रगति विवरण

लेटाङ नगरपालिका कृषि तर्फको प्रगति संघिय सशर्त बजेट कार्यक्रम

| सं.क्र | कार्यक्रम | विनियोजित बजेट हजारमा | कुल खर्च | भारित % प्रगति | वित्तिय % प्रगति | सचालित कार्यक्रम |
|---|---|---|---|---|---|---|
| १ | किसान सूचिकरण कार्यक्रम | २४९ | २४८।९७ | १०० | ९९९९. | ५२०० कृषकको सूचिकरण भै सकेको र वडा नं ५,६,८ र ९ मा ३२७३ किसान परिचय पत्र वितरण। |
| २ | कृषि तथा पशुपंक्षी तथ्यांक अध्यावधिक | १०० | १०० | १०० | १०० | बाली तथ्यांक लिइसकेको उत्पादन रेकर्ड कृषि मन्त्रालय पठाइएको। |

| सं. क्र | कार्यक्रम | विनियोजित बजेट हजारमा | कुल खर्च | भारित % प्रगति | वित्तिय % प्रगति | सचालित कार्यक्रम |
|---|---|---|---|---|---|---|
| ३ | आ व२०७९।०८० मा स्थापना भएको मकैबाली पकेट विकास कार्यक्रम निरन्तरता | ४९८ | ४९८ | १०० | १०० | कार्यक्रम सम्पन्न भइसकेको जस्मा मकैको विउ रामपुर १० र सि पी ८०८ जातको विउ÷१२०० केजी सम्म वितरण। |
| ४ | रैथाने बाली उत्पादन प्रवर्द्धन | ५०० | ५०० | १०० | १०० | रैथानेबालीको उपजको प्रशोधन ब्रान्डीगं र प्याकेजीङ कार्य हुदै |
| ५ | आ व२०७९।०८० मा स्थापना भएको च्याउबाली पकेट विकास कार्यक्रम निरन्तरता | ६०२ | ६०२ | १०० | १०० | च्याउको विउ र कृषि सामाग्री वितरण मासिक २००० केजी सम्म च्याउ उत्पादन |
| ६ | रवर खेती प्रबर्द्धन कार्यक्रम | ७७५ | ७३२ | १०० | ९४५४. | रबर नर्सरी घर निर्माण भैसकेको रबर प्रि नर्सरी विरुवा तयारीमा ३२५ नर्सरी विरुवा तयार |
| ७ | सेतो भटमास उत्पादन तथा विस्तार कार्यक्रम प्रदेश सशर्त | १००० | १००० | १०० | १०० | |
| | जम्मा | ३७२४ | ३६८०।९७ | १०० | ९८२४. | |

# ४. लेटाङ नगरपालिका

## नगर कार्यपलिकाको कार्यालय (कृषि विकास शाखा)

### बार्षिक बजेट प्रगति विवरण

आ.व. २०८०।०८१ बजेट उपशिर्षक : कृषि(८०११३४०६३०३) उप क्षेत्र : आर्थिक विकास

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयनहुने स्थान | लक्षित समूह | खर्च शिर्षक | लक्ष्य लक्ष्य | इकाई इकाई | जम्मा जम्मा | प्रगतिविवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | कृषि प्रसार तथा तालिम सेवा कार्यक्रम | | | | | | | | | | |
| १.१ | कृषक समूह गठन र दर्ता उन्नत जातको मिनिकिट वितरण | नगर क्षेत्रभित्र | कृषक वा समूह | २२५१२ | १ | पटक | २०० | 1 | पटक | 200 | |
| जम्म | | | | | | | २००.०० | | | 200 | |
| २. | वाग्वानी विकास कार्यक्रम | | | | | | | | | | |
| २.१ | ५० प्रतिशत अनुदानमा वर्षे तरकारीको वीउ | नगर क्षेत्रभित्र | कृषक वा समूह | २२५२२ | १ | पटक | ३०० | १ | पटक | ३०० | |
| २.२ | टमाटरको हाइब्रिड विउवितरण | ले.न.पा क्षेत्र | कृषक वा समूह सहकारी | २२५२२ | १ | पटक | ३०० | 1 | पटक | ३०० | |
| जम्मा | | | | | | | ६०० | | | 600 | |
| ३ | वाली विकास कार्यक्रम | | | | | | | | | | |
| ३.१ | ५०% अनुदानमा धानको विउवितरण | ले.न.पा क्षेत्र | कृषक वा समूह | २२५२२ | १ | पटक | २०० | १ | पटक | २०० | |

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयनहुने स्थान | लक्षित समूह | खर्च शिर्षक | लक्ष्य लक्ष्य | इकाई इकाई | जम्मा जम्मा | प्रगतिविवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | | | | | | २०० | | | २०० | |
| ४ | बाली संरक्षण, मौरीपालन र च्याउ खेती कार्यक्रम | | | | | | | | | | |
| ४.१ | आक्समिक बाली संरक्षण सेवा (रसायनिक तथा प्रांगारिक बिषादी वितरण) | - | - | २२५२२ | ३ | पटक | ६०० | ३ | पटक | ६०० | |
| जम्मा | | | | | | | ७०० | | | ७०० | |
| ५. | माटो परिक्षण तथा सुधार कार्यक्रम प्रयोगशाला | | | | | | | | | | |
| ५.१ | माटो परिक्षणका लागी नमुना तथा शिविर संचालन | - | - | २२५२२ | १ | पटक | ३०० | १ | पटक | ३०० | |
| | | | | | | | ३०० | | | 300 | |
| ६. | कार्यक्रम व्यवस्थापन खर्च बैठक तथा अनुगमन खर्च | | | | | | १२० | | | 120 | |
| कुलजम्मा रकम रू. (१+२+३+४+५+६) | | | | | | | २०२०.०० | | | 2020.00 | |
| | | | | | | | | | | | |

वार्षिक विनियोजित प्राथमिकता नं १ को बजेट कार्यक्रम रकमको तुलनामा आर्थिक प्रगति प्रतिशत १०० %

वार्षिक विनियोजित प्राथमिकता नं १ को बजेट कार्यक्रम रकमको तुलनामा भौतिक प्रगति प्रतिशत १००%

# ५. लेटाङ नगरपालिका

नगर कार्य पालिककाको कार्यालय, कृषि विकास तर्फ

## संघिय शशर्त हस्तातरण कार्यक्रम

आ.व. २०८०।०८१बजेट उपशिर्षक : संघिय तथा प्रदेशसशर्त हस्तान्तरण कार्यक्रम | उप क्षेत्र : कृषिविकास शाखा

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्षित समूह | खर्च शिर्षक | लक्ष्य | इकाई | बजेट रू. हजारमा | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | चौमासिक | जम्मा | लक्ष्य | खर्च रकम | |
| १ | रैथानेबाली प्रबर्द्धन कार्यक्रम( बालीविकास कार्यक्रम) साग्मा साग, रागे सिमी र कोदो | वडा नं १,२ र ५ | समावेशी कृषि समूह, ले.न.पा ५, | २२५२२ | १ | पटक | ५०० | ५०० | १ | ५०० | १००% |
| २ | च्याउबाली र मकैबालीको साना व्यवसायीक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम | वडा नं २ र४ | सृजनशिल कृषक समूह ले.न.पा २ र सँयुक्त च्याउ उधोग, ले.न.पा. ४ | २२५२२ | २ | पटक | ११०० | ११०० | २ | ११०० | १००% |
| ३ | कृषि पशुपंक्षी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम | ले.न.पा | कृषक | २२५२२ | १ | पटक | १०० | १०० | १ | १०० | १००% |
| ४ | किसान सुचिकरण कार्यक्रम | ले.न.पा | कृषक | २२५२२ | १ | पटक | २४९ | २४९ | १ | २४९ | १००% |
| ५. | रबर खेती प्रबर्द्धन कार्यक्रम | ले.न.पा | लेटागं नगरपालिकाको कार्यालय | २२५२२ | १ | पटक | ७७५ | ७७५ | १ | ७३२ | ९४.४५ % |
| ६. | सेतो भटमास उत्पादनविस्तार कार्यक्रमप्रदेश सशर्त | ले.न.पा | साना किसान स.स.लि जाँते, समावेशी कृषि समूह, ले.न.पा ५ | २२५२२ | १ | पटक | १००० | १००० | १ | १००० | १००% |
| | कुलजम्मा | | | | | | | ३७२४ | | ३६८०.९ | ९८.८४ |

वार्षिक विनियोजित बजेट रकमको तुलनामा खर्चप्रतिशत ९८.८४%

# ६. लेटाङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा, लेटाङ मोरङ

प्रगति प्रतिवेदन संचालित मुख्य मुख्य गतिविधिहरू आ व०८०/८१

| स.न. | स्वीकृत कार्यक्रम | सम्पन्न क्रियाकलाप | प्राप्त उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि विकास कार्यक्र | बाली संरक्षण सेवा कार्यक्रम | मकैको अमेरिकन फौजी,आलुको ढुसी,धानको रोग किरा,टमाटर साथै अन्यबालीको विषादी वितरण तथा नियन्त्रण ५०००पाकेट वितरण | |
| २ | | ५० प्रतिशत अनुदानमा वर्षे तरकारीको वीउ | ६ कृषक समूह, ४ कृषि सहकारी र १६ कृषक तथा कृषि फर्मलाई काक्राको वीउ ३२५ पाकेट, करेलाको वीउ ३०० पाकेट, भिन्डीको वीउ ३०० पाकेट,फर्सीको वीउ ३०० पाकेट, वोडीको वीउ ३०० पाकेट र घिरौलाको वीउ ३०० पाकेट वितरण | |
| ३ | | कृषक समूह गठन र दर्ता तथा मिनिकिट वितरण | समला कृषक समूह लेटाङ ७, सिमाना कृषक समूह लेटाङ ७, बथाहा कृषक समूह लेटाङ १ र राजारानी कृषक समूह लेटा ङ ७ | |
| ४ | | ५० प्रतिशत अनुदानमा टमाटर हाइव्रिड विउ वितरण | १९ कृषक समूह र कृषि सहकारीमा ३५२ पाकेट वितरण | |
| ५ | | ५० प्रतिशत अनुदानमा धानको विउ वितरण | ३७ कृषि फर्म ,कृषक समूह,निजि कृषि फर्मलाई ६००० केजी विउ वितरण | |
| ६ | | माटो परिक्षणका लागी नमुना तथा शिविर संचालन | समला, सिमाना, साग्मा र वडा नं २ क्षेत्रमा ४४० नमुना परिक्षण ८० प्रतिशत माटोमा अम्लियपन सुधारका लागी ३०० केजी कृषि चुन वितरण। | |
| | जम्मा | १९०० | १९०० | |

# ७. लेटाङ नगरपालिका
## नगरकार्यपालिककाको कार्यालय
## कृषि विकास शाखा
## बार्षिक प्रगति प्रतिवेदन अवधीमा भएका चालु र पुँजीगत कार्यक्रमको मुख्य मुख्य क्रियाकलाप

| क्र.सं. | स्वीकृत कार्यक्रम | सम्पन्न क्रियाकलाप | कार्यक्रम बजेट रु हजारमा | प्राप्त उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु अनुदान | नगर स्तरीय तालिम,५० प्रतिशत अनुदानमा मकै,धानको विरूवा, ५० प्रतिशत अनुदानमा तरकारीको वीउ, वडा स्तरीय तालिम,बिषादी खरिद वितरण, किसान सुचिकरण , कृषि तथ्यांक संकलनत्रूप कटिगं,सेतो भटमास उत्पादन तथा विस्तार, रबर नर्सरी स्थापना, च्याउतथा रैथानेबाली कोदो,फापर उपजप्रशोधन ब्रान्डिगं प्याकेजिगं | ५७४४ | लेटाङ न.पा स्थित विभिन्न वडाका कृषक, कृषक समूह सहकारी र निजि फर्मलाई आवश्यकता तथा तिनिहरूले गर्ने कृषिकार्यलाई टेवा पुऱ्याउने उदेश्यले यि चालु कार्यक्रमहरू संचालन गरिएको । | |
| जम्मा | | | ५७४४.०० | | |

# ८. कार्यक्रम संचालन समस्या सम्बन्धी विवरण

आयोजनाको नाम : कृषि विकास शाखा

आ.व. २०८०।०८१

| क्र.सं. | आयोजना कार्यान्वयनमा देखिएका मुख्यमुख्य समस्याहरू | समस्या समाधान गर्न गरिएका प्रयासहरू | समस्या समाधानको लागि सुझाव |
|---|---|---|---|
| १. | कृषि तथ्यांकको आधारमा किसान पहिचानमा समस्या | किसान सुचिकरण कार्यक्रम संचालन गरिएको | किसान सुचिकरण सफ्टवेयर अपडेट गरिनु पर्ने। |

# ९. लेटाङ नगरपालिका

## नगर कार्यपालिकककको कार्यालय

## कृषिविकास शाखा, आ.व. २०८०।०८१

| क्र. स. | शाखाको नाम | लाभान्वीत | | | | | लाभान्वीत जनसंख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | समूह | कृषि सहकारी | जल उपभोक्ता समिति | उद्यमी | जम्मा | महिला | पुरूष | जम्मा | जनजाति | दलित | अन्य | कूल( जम्मा | कैफियत |
| १ | कृषि विकास शाखा लेटाङ | १२ | ६ | | १२ | ३० | ७८४ | ११९३ | १९७७ | ७२१ | ३०० | ९५६ | १९७७ | |
| | जम्मा | १२ | ६ | | १२ | ३० | ७८४ | ११९३ | १९७७ | ७२१ | ३०० | ९५६ | १९७७ | |

# १०. ले.न.पा कृषि विकास शाखाबाट संचालित पकेट क्षेत्रको विवरण (संघिय शशर्त)

| क्र. स. | पकेटको नाम | संचालन अवधी | पकेटले ढाकेका वडा | बाली | पकेटको क्षेत्रफल (हे) | उक्तपकेटमा संचाल नभएका कार्यक्रमहरू |
|---|---|---|---|---|---|---|
| १ | तरकारी पकेट संचालन समन्वय समिति (लालीगुराँस कृषक समूह) | २०७७।०७८ देखी २०७८।०७९ सम्म २ वर्ष | ले.न.पा. - ८ जाँते | तरकारी | २० हे. | ५० प्रतिशत मुल्य अनुदानमा विउ बितरण, रोग किरा ब्यबस्थापन तालिम संचालन , नर्सरी स्थापनाको लागी सहयोग र कृषि यान्त्रिकरण |
| २ | सुन्तलापकेट संचालन समन्वय समिति(साग्मा कृषक समूह) | २०७७।०७८ देखी २०७८।०७९ सम्म २ वर्ष | ले.न.पा. - १ साग्मा | सुन्तला | १० हे. | ५० प्रतिशतम मुल्य अनुदानमा विउविरूवा बितरण, रोग किरा ब्यबस्थापन तालिम संचालन , नर्सरी स्थापनाको लागी सहयोग र कृषि यान्त्रिकरण |
| ३. | तरकारी पकेट संचालन समन्वय समिति (चेलीबेटी कृषि सहकारी सँस्था लि.) | २०७८।०७९ देखी २०७९।०८० सम्म २ वर्ष | ले.न.पा. - ९ जाँते | तरकारी | २० हे. | ५० प्रतिशतम मुल्य अनुदानमा विउबितरण, रोग किरा ब्यबस्थापन तालिम संचालन , नर्सरी स्थापनाको लागी सहयोग र कृषि यान्त्रिकरण |
| ४. | मकै पकेट संचालन समन्वय समिति (सिर्जनशिल कृषक समूह) | २०७९ ।८० देखी २०८०।०८१ सम्म | ले.न.पा २ | मकै | २० हे | ५० प्रतिशतम मुल्य अनुदानमा विउ बितरण, रोग किरा ब्यबस्थापन तालिम संचालन , नर्सरी स्थापनाको लागी सहयोग र कृषि यान्त्रिकरण |
| ५. | सँयुक्त च्याउ उधोग | २०७९।०८० देखी २०८०।०८१ सम्म | ले.न.पा ४ | च्याउ | १००० केजी | च्याउ घर निर्माण,५० प्रतिशत मुल्य अनुदानमा विउबितरण, रोग किरा ब्यबस्थापन तालिम संचालन , नर्सरी स्थापनाको लागी सहयोग र कृषि यान्त्रिकरण |

## १०.१. ले.न.पा कृषिविकास शाखाबाट संचालित रैथाने बाली प्रबर्द्धन कार्यक्रमको विवरण (संघिय शशर्त)

| क्र.स. | नर्सरीको नाम | पकेटले ढाकेका वडा | बाली | पकेटको क्षेत्रफल (हे) | उक्त पकेटमा संचालन भएका कार्यक्रमहरू |
|---|---|---|---|---|---|
| १. | समावेशी कृषि समूह | ले.न.पा ५ | कोदो | ५ हे. | प्रबर्द्धनमा सहयोग प्याकेजीङ्ग ब्रान्डिङ्ग सहयोग |

# ११. लेटाङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा, लेटाङ मोरङ

## कार्यक्रम सार्वजिनकरण कार्यक्रम २०८१

चालु आ.व. २०८०।०८१ मा भएका कृषि विकास शाखातर्फ मुख्य मुख्य क्रियाकलापहरूः

१. रैथाने बाली, कोदोको पिठो, फापरको पिठो, मकैको चामल प्याकेजीङ र ब्रान्डीङ कार्यक्रम सम्पन्न समावेशी कृषि समूह लेटाङ ५ मार्फत कृषकहरुको उपज तथा उत्पादन बजारीकरण तथा व्यवसायीकरण तर्फ उन्मुख।

२. कृषि प्रयोगशाला स्थापना गरी किसानहरुले ल्याएका माटो नमुना परिक्षण गरी बाली अनुसार माटोको सुधार गर्न रिपोर्ट तयार गरीएको साथै रोग किरा प्रकोप तथा पहिचान गरी त्यस अनुसार आवश्यक मात्रामा उपचार विधि प्रदान गरिएको। चालु आ व २०८०।०८१ मा ४४० नमुना परिक्षण।

३. किसान सूचिकरण कार्यक्रम अन्तर्गत लेटाङ नगरपालिका वडा नं १,२,३,५,६,७,८,९ मा ५२०० भन्दा बढी किसान सुचिकृत गरिएको लेटाङ ५,६,८ र ९ को ३२७३ जना परिचय पत्र वितरण।

४. च्याउ खेतीको उत्पादनमा वृद्धि प्रति मुढा ५ केजी का दरले उत्पादन र एक लटमा १५०० केजी उत्पादन।

५. बाली विरुवामा लाग्ने रोगकिरा नियन्त्रणका लागी आकस्मिक बाली संरक्षण सेवा प्रदान।

# १२. लेटाङ नगरपालिका

(कृषि विकास शाखा), लेटाङ, मोरङ

आ व २०८०/०८१ को ५० प्रतिशत अनुदानमा टमाटरको विउ वितरण विवरण

| सि न | कृषकसहकारीको नाम/समूह | ठेगाना | सम्पर्क नं | टमाटरको वीउको नाम | परिमाण ८ ग्राम (प्याकेट) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | लम्साल कृषि फर्म | ले ५ | ९८४२४३८५४७ | त्रिशुल | ३ | |
| २ | बाली बिकास कृषि स सं लि | ले १ | ९७४१७५१८८४ | त्रिशुल | २५ | |
| ३ | सिर्जनशिल कृषक समूह | ले २ | ९८४२२६६१२४ | त्रिशुल | ५ | |
| ४ | समावेशी कृषि समूह | ले ५ | ९८४२२४७५६४ | त्रिशुल | १२ | |
| ५ | प्रांगरिक कृषक समूह | ले ५ | ९८४२४३८६५६ | त्रिशुल | ६ | |
| ६ | कोइराला कृषि फर्म | ले ८ | ९८६२२९१०८१ | त्रिशुल | ५ | |
| ७ | त्रिवेणी कृषि समूह | ले ५ | ९८६२२९१०८१ | त्रिशुल | ३० | |
| ८ | मझौला कृषि स सं लि | ले ५ | ९८४२२९६३४४ | त्रिशुल | ५५ | |
| ९ | उन्नत कृषि स सं लि | ले ८ | ९८४२३७५३७४ | त्रिशुल | ५० | |
| १० | साना किसान कृ स सं लि | ले ८ | ९८१७३९९०९८ | त्रिशुल | ४५ | |
| ११ | लेटाङ कृषि ड्रागन फर्म | ले २ | ९८२२३८१३१२ | त्रिशुल | ३ | |
| १२ | सदाबहार प्रांगारिक कृ स सं लि | ले २ | ९८४२२९६५२४ | त्रिशुल | ५० | |
| १३ | कुलुङ कृषि फर्म | ले २ | | त्रिशुल | १० | |
| १४ | माँ पाथिभारा कृषि फर्म | ले २ | | त्रिशुल | १० | |
| १५ | ललितकला कृषि फर्म तलिल)श्रेष्ठ | ले ३ | | त्रिशुल | ५ | |
| १६ | सम्झना तामाङ | ले ६ | | त्रिशुल | ४ | |
| १७ | मन कुमार लिम्बु | ले ७ | ९८६९८१७०७१ | त्रिशुल | ५ | |
| १८ | पुष्पानजली कृषक समूह | ले २ | ९८४२४६०९३० | त्रिशुल | १९ | |
| १९ | सँयुत्त कृषि फर्म | ले ४ | | त्रिशुल | १० | |
| | जम्मा | | | | ३५२ | |

# १३. लेटाङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कृषि विकास शाखा, लेटाङ, मोरङ

<u>माटो नमुना परिक्षण प्रतिवेदन</u> मिति- २०७९/१०।१९

| क्र.स | कृषकको नाम,थर | सम्पर्क नं | ठेगाना | माटोको किसिम | पि. एच | माटोको उपलब्धता fmg/kg | | | कृषिचुनको सिफारिश मात्रा/कठा | रसायनिकमलको सिफारिश के.जी।कठा | | | वाली | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ना. | फा. | पो. | | ना. | फा. | पो. | | |
| १ | लिलमायाचिमरिया | | लेटागं ३ | ब.दो | ६.१ | ०.१६ | ०.१५ | ०.१९ | ०.५ | ६.७८ | १.५ | ३.४ | तरकारी | |
| २ | दिपक घिमिरे | | ,, | ,, | ४.९ | ०.११ | ०.०९ | ०.२९ | १ | ७.८ | २.१७ | २.७७ | तरकारी | |
| ३ | मन्जु तामागं | | ,, | ,, | ६.९ | ०.२१ | ०.२ | ०.५७ | - | ५.९३ | १.४४ | १.६६ | फुल | |
| ४ | चन्द्र प्र गौतम | ९८४२४१८८७२ | ,,२ | पा | ५.७ | ०.०२ | ०.०२ | ०.०९ | ०.७५ | ६.५ | २.८ | २.४ | मकै | |
| ५ | सन्तकुमार ठकुरी | ९८४२४६२४०७ | ,, २ | पा | ५.२ | ०.१५ | ०.१५ | ०.४२ | ०.७५ | ६ | १ | २ | मकै | केराबारी |
| ६ | ,, ,, ,, | ,, | ,, | ,, | ५.२ | ०.०३ | ०.०२ | ०.०७ | ०.७५ | ६.५ | २.८ | २.४ | मकै | |
| ७ | तुलसादंगाल | | ,, | ,, | ५.२ | ०.०२ | ०.०२ | ०.०७ | ०.७५ | ६.५ | २.८ | २.४ | मकै | |
| ८ | गोविन्द्र अधिकारी | ९८४२२९६०४७ | ,, | ,, | ६.१ | ०.०२ | ०.०२ | ०.०२ | ०.७५ | ६.५ | २.८ | २.४ | मकै | |
| ९ | टिकाराममलम्साल | ९८४२४३८५४७ | ले ५ | ब.दो | ६.१ | ०.०२ | ०.०२ | ०.०६ | ०.५ | ५.२ | ३.२ | २.५ | मकै | |
| १० | महेश लमसाल | ९८४२४३८५०२ | ,, | ,, | ५.३ | ०.१७ | ०.१६ | ०.१६ | ०.७५ | ६ | १ | २ | मकै | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११. | चुडामणी लम्साल | ९८१८१७३०९२ | ,, | ,, | ५.५ | ०.१६ | ०.१५ | ०.४३ | ०.७५ | ३.५ | १.२५ | २.५ | मकै | |
| १२ | कृष्ण प्रसाद खतिवडा | | ले २ | पा | ५.१० | ०.०३ | ०.०३ | ०.०८ | ०.७५ | ६.५ | २.५ | २.४ | मकै | |
| १३ | सिताराम लुइटेल | | ले २ | | ५.२ | ०.०२ | ०.०२ | ०.०५ | ०.७५ | ६.५ | ३.२ | २.५ | काक्रा | |
| १४ | फडिन्द्र न्यौपाने | | ले २ | | ५.० | ०.०१ | ०.०१ | ०.०५ | १ | ६.५ | ३.० | २.५ | मकै | |
| १५ | नगेन्द्र पराजुली | | ले ५ | | ५.३ | ०.०३ | ०.०३ | ०.०९ | ०.७५ | ६.० | २.५ | २ं५ | मकै | |
| १६ | हेरम्बराज भट्टराई | | ले २ | ब.दो | ५.७ | ०.०२ | ०.०२ | ०.०६ | ०.७५ | ६.५ | २.८ | २.० | मकै | |
| १७ | शर्मिला खत्री | | ले ५ | ,, | ५.७ | ०.०२ | ०.२२ | ०.०७ | ०.७५ | ६.५ | २.८ | २.० | मकै | |
| १८ | एम ब. मगर | | ले १ | चि. दो | ६.० | ०.०३ | ०.०३ | ०.१ | ०.५ | ६.० | २.५ | १.५ | मकै | |
| १९ | विष्णुमाया राई | | ले १ | ,, | ५.३ | ०.०४ | ०.०५ | ०.१४ | ०.७५ | २.३ | २.० | १.० | मकै | |
| २० | सिता लिम्बु | | ले ६ | ब दो | ५.१ | ०.०३ | ०.०३ | ०.१ | ०.७५ | २.३ | २.५ | १.५ | फलफुल | १ फुट |
| २१ | ,, | | | ,, | ५.३ | ०.०४ | ,, | ,, | | | | | | २ फुट |
| २२ | ,, | | | ,, | ५.३ | ०.०४ | ,, | ,, | | | | | | ३ फुट |
| २३ | हरि प्रसाद धिमाल | | ले ६ | ब.दो | ५.४ | ०.०२ | ०.०२ | ०.०७ | २०० | २०० ग्रा | ३०० | ३०० | सुपारी | १ |
| २४ | ,, | | ,, | ,, | | | | | | | | | | २ |
| २५ | ,, | | ,, | ,, | | | | | | | | | | ३ |

बाकी माटो परिक्षण शिविर संचालन गरी ४४० नमुना परिक्षण, परिक्षणको प्रतिवेदन अनुसार ८० प्रतिशत माटोमा अम्लियपन देखिएको । सुधारका लागी नमुनाको रूपमा ३०० केजी कृषि चुन वितरण।

# १४. लेटाङ्ग नगर क्षेत्रमा संचालित ब्लक विकास कार्यक्रम विवरण

| क्र. स. | पकेटको नाम | पकेटले ढाकेका वडा | बाली | पकेटको क्षेत्रफल (हे) | उक्तपकेटमा संचालन भएका कार्यक्रमहरू |
|---|---|---|---|---|---|
| १ | तरकारी ब्लक विकास कार्यक्रम | ले.न.पा. - ८ र ९जाँते | तरकारी | १०० हे. | ५० प्रतिशत मुल्य अनुदानमा विउ बितरण, रोग किरा ब्यबस्थापन तालिम संचालन , नर्सरी स्थापनाको लागी सहयोग र कृषि यान्त्रिकरण |
| २ | कागती ब्लक विकास कार्यक्रम | ले.न.पा. - ९ जाँते | कागती | १०० हे. | ५० प्रतिशत मुल्य अनुदानमा विउ विरूवा बितरण, रोग किरा ब्यबस्थापन तालिम संचालन ,नर्सरी स्थापनाको लागी सहयोग र कृषि यान्त्रिकरण |

# १५. आ.व. २०८०।०८१ कृषि विकास शाखा अन्तर्गत कार्यक्रमको विस्तृत विवरण

## १५.१. ५०% अनुदानमा टमाटरको विउ वितरणका तस्विरहरू








# १५.२. बाली संरक्षण सेवा कार्यक्रम अन्तर्गतका तस्विरहरू ।
















## १५.३. नयाँ कृषक समुह दर्ता, गठन तथा उन्नत मिनिकिट वितरण कार्यक्रम










## १५.४. नयाँ कृषक समूह दर्ता, गठन तथा उन्नत मिनिकिट वितरण कार्यक्रम










## १५.५. ५०% अनुदानमा धानको वीउ वितरण










## १५.६. माटो नमुना संकलन तथा माटो शिविर संचालनमा तस्विरहरू










## १६. संघिय सशर्त बजेट कार्यक्रम तर्फका कार्यक्रम तस्विरहरू

कोदोको पिठो प्याकेजीगं ब्रान्डिगं वजारिकरण कार्यक्रम, प्रशोधन मेसिनवितरण तथा कोसेली घर स्थापना सहयोग (समावेशी कृषि समूह, ले.न.पा ५,समावेशी टोल, लेटागं)














## १७. मकै पकेट विकास कार्यक्रम सिर्जनशिल कृषक समुह ले.न.पा- २ मा संचालनगरिएको थियो ।





# १८.च्याउ खेती पकेट विकास कार्यक्रम

सँयुक्त च्याउ उधोगले. न.पा-४ मानमुना च्याउ खेती , च्याउको उत्पादन संचालन गरिएको थियो ।















## १९. रबर खेती प्रबर्द्धन कार्यक्रम

लेटाङ्ग नगरापालिका ४ नं वडा कार्यालय भवनको क्षेत्रमा रबर नर्सरी विरूवा उत्पादन नर्सरी उत्पादन गरिएको छ। जस्मा ३२५ सँख्यमा विरूवा राखी विरूवा उत्पादन कार्य तयारीमा रहेको छ । र रबर खेती बारे जानकारीको लागी ५ दिन कृषि अध्यन अवलोकन भ्रमण संचालन ।










# २०.संघिय शशर्त बजेट कार्यक्रम अन्तर्गत

## कृषि पशुपंक्षी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम

## लेटाङ नगरपालिका

### कृषि विकास शाखा



लेटाङ मोरङ

आ व २०८०/०८१ को बाली कटानी क्रप कटिङ अनुसार औसत प्रतिवेदन

| क्र०स | बाली | जात | क्रपकटिङ रिपोर्टको आधारमा निर्धारित उत्पादकत्व मे.टन/हेक्टर | कैफियत |
|---|---|---|---|---|
| | | स्वर्ण सव१ | | |
| १ | | रंजित | ७०५ | |
| | धान | इन्डियनहाइब्रि८ | १२ | |
| | | टि एक्स३६९ | | |
| २ | मकै | रामपुर कम्पोजिट | ७ | |
| ३ | गहुँ | बि एल | ३०१ | |
| ४ | सुन्तला | स्थानिय | ५००केजी/बोट | |
| ५ | साग | स्थानिय | २० | |
| ६ | काउली | वाइट टप | २९०१० | |
| ७ | बन्दा | स्नोमिस्टिक | ३१०१० | |
| ८ | सिमी | स्थानिय | ४००८/दाना | त्रध |
| ९ | करेला | पालीहाइब्रिड | २१००२ | |
| | | मालिनी | | |
| १० | काक्रा | स्थानिय | १२०८८ | |
| ११ | अकबरेखोर्सानी | स्थानिय | १००३ | |
| | | रामसाई | | |
| १२ | अलैँची | गोलसाई | ००२५५ | |
| १३ | तोरी | स्थानिय | १०७४६ | |

| | | | | |
|---|---|---|---|---|
| | | लाल गुलाब | | |
| १४ | आलु | खुमल उपहार | १८०० ७ | |
| १५ | टमाटर | त्रिशुल | ५५०६ | |
| १६ | लसुन | स्थानिय | ९०८२५ | |
| १७ | प्याज | नासिक रेड | १२०८४ | |
| १८ | च्याउ | कन्ये | ४.५ केजी/डल्ला | २० मेटन वार्षिक |
| १९ | तने वोडी | बन्टीहाइब्रीड | १२०४ | तरकारी |
| २० | खोर्सानी | एन एस १७०१ | ३५०७५ | |
| २१ | मौरीपालन | मेलिफेरा /सेरेना | ७ केजी/घार | ३५०० घार |
| २२ | कोदो | स्थानिय | १.५ | |
| २३ | फापर | स्थानिय | ०.८५ | |
| २४ | कफी | स्थानिय | १५ केजी | सुकिएको |


## क्रप कटिगंका केहितस्विरहरू







# २१. संघिय शशर्त बजेट कार्यक्रम अन्तर्गत किसान सूचिकरण कार्यक्रम

यस कार्यक्रमअन्तर्गत ले.न.पा.१,२३,५,६,७, ८ र ९ जाँतेका ५४३१जना किसानलाई सूचिकरणमा ४२ जनाको रद्ध गरिएको,१९१ जनाको अपुर्ण विवरण र ५१९८ जना सुचिकृत गरिएकोमा ले.न.पा ५,६,८ र ९ को ३२७३ जनाको किसान परिचयपत्र वितरण सम्पन्न गरी सकिएको छ।



## किसान परिचय पत्र वितरणका तस्विरहरू












# २२. प्रदेश सशर्त बजेट कार्यक्रम तर्फका सेतो भटमास विस्तार उत्पादन कार्यक्रम तस्विरहरू

साना किसान कृषि सहकारी सँस्थालि. ले.न.पा ८ जाँते र (समावेशी कृषि समूह, ले.न.पा ५,समावेशी टोल, लेटागं)मा सेतो भटमास उत्पादनमा आवश्यक कृषि सामाग्री, विउ वितरण गरिएको थियो ।













# कार्यक्रम अनुगमनका तस्विरहरू










# २३. लेटाङ नगर क्षेत्रमा उत्पादन गरिने मुख्य वालीहरू

(क) खाद्यान्न वाली :

देशमा युवा वर्ग वैदेशिक रोजगारीका लागि गाउँ छाड्ने क्रम बढीरहेको कारणले पहाडी क्षेत्रको खाद्यान्न वालीको खेतीमा ५० वर्षदेखि ६५ वर्षको प्रौढ वर्ग संलग्न भएको देखिन्छ । नगरका दुर्गम स्थानहरूमा कृषि मजदुरको अभाव भएको पाइन्छ । व्यवसायि कवालीहरूमा वाहेक खाद्यान्न वालीको खेतीमा कृषकहरूबाट राम्रोसंग लगानी गरी उत्पादन लिने उत्साहमा समेत कमि भएको पाईन्छ । हल गोरू पाल्ने चलन पनि विस्तारै घट्दै गैरहेको छ । अर्को तर्फ नयाँ प्रविधिबाट खेती गरिने मेशिनरी औजारहरूको प्रयोग पनि भैनसकेका कारण कृषि क्षेत्र झन पछाडि पर्दै गएको भान हुन्छ । यस्तो अवस्थामा प्रयाप्त मेशिनरी औजारको व्यवस्था र इन्धनको मूल्यमा छुट दिनु, युवावर्गलाई खेती पेशाप्रति आकर्षित हुने शिक्षा, हरेक वर्ग र पेशाका मानिसलाई पनि खेती गर्नु पर्ने वाध्यतात्मक अवस्था सिर्जना गरी उत्पादनशील क्षेत्र पहिचान गरी कृषिमा लगानी बढाउनु पर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ ।

धान :

यस नगरको धान खेतीको वर्तमान स्थिति हेर्दा लेटाङ वडा नं - २, ३,५,६,९,र(१ र ८ का केहि क्षेत्रका आसपासका होचा फाँटहरू र केही गाउँका वेशीहरूमा) राम्रोसंग धान उत्पादन भैरहेको पाइन्छ । राम्रो वर्षा हुन सके खोलाखोल्साहरूका मूल वढ्ने र सिंचाई पुग्ने वर्षा नहुँदा कतै वाझै र कतै सुख्खाजर्ति लागिधानको उत्पादनमा घटि हुने अवस्था छ । चामलको भात खाने चलनले गर्दा नपुग चामल तराई तिरबाट आपुर्ति भइरहेको देखिन्छ । व्यवसायिक खेती, आन्तरिक तथा वाह्य रोजगारी आदिले गर्दा उपभोक्ताले तराईबाट आएको चामलकिन्न र उपभोग गर्न सकिरहेका छन् । यस नगरमा यस वर्षमा धान खेती गरिएको जमिन लगभग १२०० हेक्टर बाट उत्पादन ३६०० मे.ट. भएको देखिन्छ ।

मकै :

लेटाङ नगरको भौगोलिक बनौट, सिंचाई सुविधा आदिको कारणले सबै भन्दा बढी खेतीगरिने वाली मकै हो । तर व्यवसायिक वालीको उत्पादन, उपभोक्ताको खाने प्रवृतिले गर्दा मकैको उत्पादन धेरै भए पनि खाद्यान्नमा यसको महत्व चामल भन्दा कम भएको देखिन्छ । अधिकांश मान्छेले खाद्यान्नको अपुग भयो भने मकै खरिद गरेर खाने चलन छैन सबैको दृष्टि चामलमा पुग्छ र चामल नै किन्छन् । खाजाको रूपमा भुटेर खाने चलनपनि घटेको महशुश हुन्छ । मकैको प्रयोग पशु आहारा र दानामा वढीरहेको देखिन्छ । तराईतिर जस्तो पोलेर उपभोक्ता समक्ष पुगेको पनि देखिदैन । तर पनिवेंशी क्षेत्रका खेतहरूमा मंसिर पौष तिर हिउदे मकै छर्ने र मकै निकाली चैते धान रोप्ने चलन वढ्दै गएको पाइन्छ भने उत्पादित मकै सुकाएर वर्षे वावशन्ते मकै झै प्रयोग गर्ने गरिएको छ । यस नगरमा यस वर्ष मकै खेतीगरिएको जमिन लगभग ४००० हेक्टर बाट उत्पादन १२००० मे.ट. भएको देखिन्छ । मकै खेतीको क्षेत्रफलमा कमी आउने कारणहरू हुनमौसमी अवस्था, व्यवसायिक तरकारी खेतीमा बृद्धि, कृषि श्रमिकको बिदेश तथा शहरमा पलायन हुनु आदिले प्रभावित भैरहेको पाइन्छ ।

गहुः

धान मकै पछिको अर्को खाद्यान्न बाली गहु हो । यस जिल्लामा गहुं खेती हुन सक्ने क्षेत्रफल प्रयाप्त हुदाहुदै पनि गहुको परिकार बनाउने र रोटी खाने चलनको कमिले गर्दा कृषकले गहुं खेती गर्न उत्सुक्ता देखिएको पाइदैन् । स्वास्थ्यको हिसाबले भात खानु भन्दा रोटी खानु धेरै राम्रो मानिन्छ । तर हाम्रो खाने प्रबृति फरक छ । भात खाई पेट टन्न भए सन्तुष्टि हुने तर रोटी खादा पेट हलुको हुन्छ र सन्तुष्टि मिल्दैन । तसर्थ पौष्टिकताको बारेमा चेतनामूलक कार्यक्रमको पनि जरूरी छ । यदि सन्तुलित मल खाद्यको प्रयोग गरी गहु खेती गरेर रोटी खाने चलन बढाउन सकिए चामलको खपतमा कमि ल्याउन सकिन्छ । गहु खेती कमि हुने अर्को कारण बढी मलखाद प्रयोग हुने, थ्रेसिङ्गको समस्या र प्रशोधन गर्ने मिलको पनि समस्यालाई लिन सकिन्छ। यस बर्ष गहऽऽ खेतीको

क्षेत्रफल लग भग १० हे. बाट उत्पादन २५ मे. ट. रहेको छ । या

कोदो :

कोदो पनि खाद्यान्नमा प्रयोग हुने वाली हो । तर पनि कोदोको अधिकप्रयोग मदिराजन्य पदार्थ उत्पादनमा भैरहेको पाइन्छ । सम्पन्नताको प्रतिक चामलको भात भएकोले सकेसम्म चामल नै बढी प्रयोग हुने हुदा कोदोबाट उत्पादित हुने खाद्य पदार्थहरूको प्रयोग घटिरहेको छ । कोदो खेती गर्न बढी खर्चिल्लो र आम्दानी पनि कम हुने तथा तरकारी खेती बाट आम्दानी बढि हुने हुंदा कोदोको क्षेत्रफल र उत्पादन घटि रहेको अवस्था छ । यस बर्ष लगभग २५ हेक्टरमा गरिएको कोदो खेतीबाट ३७.५ मे.ट. उत्पादन भएको छ ।

(ख) तरकारी बाली :

व्यवसायिक तरकारी खेतीको शुरूवात यातायातको विकास संगसंगै भएको देखिन्छ । शुरूको अवस्थामा स्कुस, कात्रा, रायो साग, मूला, आलु आदिको कृषकहरूले तराईको बजारलाई लक्ष्य गरी उत्पादन गर्दथे र आज पनि यी कृषि उपजहरू यस जिल्लामा व्यवसायिक रूपमा खेती भैरहेका छन् । स्कूसको मुन्टा वैशाखदेखि असोजसम्म जरा मंसिरबाट चैत्रसम्म र दानावाह्रै महिना जिल्ला भित्र खपत र जिल्ला बाहिर निकासी भैरहेको देखिन्छ । रायो साग फाल्गुण, चैत्र र बैशाखमा अत्याधिक निकासी भएको पाइन्छ । आधुनिक प्रविधिको विकास संगै वन्दा, काउली, गोलभेडा, घिउसीमी, मटरकोसा, मूला आदिको हाइब्रीड र उन्नत जात प्रयोग गरी व्यवसायिक उत्पादन सम्भब भए बाट यस जिल्लालाई पुर्वाञ्चलकै तरकारी खेतीको अग्रणी नगरको पहिचान मिलेको छ । तरकारी खेतीबाट तुलनात्मक रूपमाअन्य खेतीबाट भन्दा बढि आम्दानी हुने भएको हुदा दिन प्रतिदिन यस खेतीमा संलग्न कृषकहरूको संख्या बढ्दै गईरहेको छ

वन्दा तथा काउली :

नगरबाट वाहिर निकासीहुने कृषि उपजमा वन्दा तथा काउलीको पनि आउँछ । शुरूको अवस्थामा वन्दाको क्षेत्रफल र उत्पादन वढी थियो र हालपनि छ । विगत केही वर्षदेखि काउलीको उत्पादन पनि वढिरहेको छ ।

विभिन्न जातका वन्दाकाउलीका हाइव्रीड वीउहरू मौसम अनुकूल खेती भइरहेको पाइन्छ । यस नगरबाट उत्पादित काउली नगर भित्र र वाहिर पालिका जिल्लामा अत्याधिक खपत भएको पाइन्छ । यस नगरमा प्राय हिँउद महिना वन्दा तथा काउलीको खेती पाएको अवस्था छ ।

गोल भेडा :

वि.स. २०५३/५४ सालदेखि हाइव्रीड गोलभेडा खेती शुरू भएको पाइन्छ । गोलभेडा खेती लेटाङको जाँतेका सम्पूर्ण क्षेत्र, फडानी, खेरूवामा व्यवसायिक रूपामा खेती गरिएको पाइन्छ । गोलभेडा खेतीको लागि प्रसस्त मात्रामा थाक्राको आबस्यकता पर्ने भएबाट दिनानु दिनबासको खपत बढ्दै गएकोले आफ्नो क्षेत्रबाट आपुर्ति हुन नसकी कृषकहरू वर्षेनी थाक्रा व्यवस्था गर्न पकेट क्षेत्रबाट टाढा टाढासम्म गई वाँस खरिद गरेर ल्याउने चलन बढ्दै गएको छ । गोलभेडा खेतीहुने क्षेत्रमा रोगनाशक र कीटनाशक रासायनिक विषादीको प्रयोग वढी भएको र यसबाट मानव स्वास्थ्यमा नकारात्मक असर देखा पर्न थालेको परिस्थितिलाई दृष्टिगत गर्दै कार्यालयले विषादीको उचितप्रयोग गरि यसबाट हुने नकारात्मक असर न्यूनिकरण गर्न जनचेतना मूलक कार्यक्रमहरू संचालनमा जोड दिएको छ ।

(ग) फलफूल बाली : सुन्तला

मोरङ जिल्लाको सुन्तला उत्पादन हुने क्षेत्र भनेर चिनिने ले.न.पा १ साग्मामा अहिले पनि निकासी हुने कृषि उपजमा सुन्तला महत्वपुर्ण उपजको रूपमा आउछ । यातायातको सुविधा नहुदा पनि डोकामा बोकेर लेटाङ बजार निकासी हुने सुन्तला यस जिल्लाको पहिलो व्यावसायिक खेती मानिन्छ । अन्य फलफूल बाली जस्तै सुन्तला बाली पनि कुनै बर्ष बढि कुनै बर्ष कम उत्पादन हुने भएकोले यस बर्ष सुन्तलाको उत्पादन गत बर्षको भन्दा कम भयो । उत्पादन कम भएको कारणबाट प्रति के.जी. औषत् मूल्य भने बढी पाउन कृषकहरू सफल भए । सुन्तला खेतीमा सिंचाई, सन्तुलित मलखाद र विभिन्न प्रकारको रोग कीरा व्यवस्थापन गरी उत्पादनमा वृद्धि ल्याउन यस कार्यालयले प्रचार प्रसार र प्राविधिक सेवा दिईरहेको छ ।

(घ) नगदे बाली : अलैची

नगर क्षेत्रमा अलैची खेतीको शुरूवात कहिले देखि भएको भन्ने प्रमाण पाईदैन । खोल्साको सुन भनेर चिनिने अलैंची खेती ले.न.पा. ७ वारगीमा भैरहेको व्यावसायिक खेती मध्ये अग्र रूपमा आम्दानी हुने खेती मानिन्छ । अलैंची विक्री अन्तराष्ट्रिय बजारमा हुने हुंदा देशमा वैदेशिक रेमिट्यान्स ल्याउने महत्वपूर्ण कृषि उपज हो । अलैंचीको खेतीलाई प्रोत्साहन गर्ने मुख्य कारणहरूमा ओसिलो खेर गईरहेको खोल्सामा हुने, एक पटक लगाई सकेपछि पाखा पखेरा जहाँ सिचाईको सम्भावना छ खेतीहुने एक पटक लगाई सकेपछि अरू वाली जस्तो वारम्वार मेहनत गर्नु नपर्ने वर्षको २ - ३ पटक सरसफाई गरे पुग्ने र मूल्यमा आएको वृद्धिले अरू वालीले भन्दा धेरै गुणा बढी आम्दानी दिने आदि पर्दछन् । मूल्यमा आएको वृद्धि सँगै कृषकहरूले अन्य खेती हुने जग्गा पनि अलैंचीको खेतीमा विस्तार गरे । जहाँ सिंचाई छ त्यहा सम्भव पनि भयो सेपिलो ठाउमा त्यति सफल भएन । केहि वर्ष देखि हिउदे वर्षा नहुदा अलैंची बगान सुकेर नष्ट भईरहेको छ भने फल नपाक्ने रोग समेत फैलिएको छ । यस कार्यालयबाट रोग नियन्त्रणका लागि आवश्यक बाली संरक्षण बिषादी अनुदानमा बितरण गरी बगानमा प्रयोग गर्ने काम कृषकबाट भैईरहे तापनि बगान डढ्ने र फल नपाक्ने रोगले अलैचीको उत्पादन घटि रहेको छ ।

कफी : कफीखेती लेटाङ नगरपालिकाको वडा नं १ र ७ मा व्यवसायिक रूपमा खेती गरिदै आएको नगदे तथा औधोगिक बालीमा पर्छ। लेटाङ नगरपालिकाको वडा नं १ साग्मा र वडा नं ७ को वारंगीमा व्यवसायिक रूपमाफर्म दर्ता तथा कृषक समूहदर्ता गरी खेतीगर्दै आएका कृषकहरूलाई नगरपालिकाले हरेक वर्ष विभिन्न कार्यक्रम मार्फत सहयोग गर्दै आएको छ।

## २४. आ.ब.२०७८।०७९ मा देखा परेका मुख्य मुख्य रोग तथा किरा जन्य समस्याहरू :

### धान बाली :

क. प्रत्येक बर्ष धान बालीमा पहेलो गबारो, गुलाबी गबारो, पतेरो र बेरूवा किराको प्रकोप देखा पर्ने गर्दछ । यस बर्ष पनि यि किराको समस्या देखिएको थियो । तर गतबर्षको तुलनामाबढीमात्रादेखा परेको थियो ।

**मकै बाली** : यस बर्ष मकै बालीमा फौजी किराको प्रकोप अत्यदिक देखियो ।

### गोलभेडा बाली :

क. फाटफुट फलको गबारो र लाही बाहेक अन्य महत्वपुर्ण कुनै किराको प्रकोप नदेखिएको । सधै भै पछौटे डढुवा रोगको प्रकोप प्रसस्त देखा परेको । अन्य रोगहरूमा पात गुजुमुजे पात बटारिने जस्ता भाईरस जन्य रोग देखा परेको र प्लाष्टिक घरमा पाउडरी मिल्ड्युको समस्या देखा परेको । अकबरे खुर्सानी र अन्य पिरो खुर्सानी बाली :

ख. सुलसुले र लाही खेती गरिएका सबै क्षेत्रमा देखिएको । अकबरे खुर्सानीको फलमा औसाको प्रकोप देखीएको । बोट ओईलिने र डाठ कालो भै सडेर जाने ढुसी जन्य रोगको प्रकोप ब्यपक देखीएको । ५.

### काउली बाली समूह :

क. बन्दाको पुतली, ईटाबुट्टे पुतली र बन्दाको लाही काउली बन्दा खेती गरिने सबै क्षेत्रमा देखीएको । कलिलो अबस्थामा फेद काट्ने किराको प्रकोप फाटफुट रूपमा देखा परेको । ख. नर्सरीमा बेर्ना कुहिने, बयस्क बोटमा कालो सडन, अल्टरनेरिया/ थोप्ले रोग र नया रोगको रूपमा क्लब रूट (Club Root) देखा परी सामान्य क्षती पुऱ्याएको र यस लाई ब्यबस्थापन

गर्न नसकिए महामारीको रूपमा फैलिन सक्ने अबस्था देखीएको छ ।

अलैची :

क. किराको समस्या खासै देखा नपरेको ।

ख. अलैची लगाईएका प्राय सबै क्षेत्रहरूमा बगान डढ्ने समस्या ब्यापक रूपमा देखा परेको ।

ग. गानो कुहिने, पातकुहिने समस्या केहीमात्रामा देखा परेको ।

## सुन्तलाजात :

क. जुनारमा फल कुहाउने औसाको प्रकोप यथाबत रहेको, डाठको गबारो फाटफुट मात्रामा देखा परेको ।

ख. सुन्तलामा ह्रासको समस्या कम भएको छैन । सिट्रस क्याङ्कर, जरा कुहिने, फेदकुहिने र सुक्ष्म तत्वकमीका समस्याहरू बिद्यमान रहेको ।

### बाली-पात्रो **(Crop Calender)**

| | | | |
|---|---|---|---|
| १ | धान<br>-चैते<br>-बर्षे | <br>फाल्गुन-चैत<br>आषाढ-श्रावण | <br>आषाढ-श्रावण<br>कार्तिक-मंसिर |
| २ | मकै<br>-वर्षे<br>-हिउदे | <br>फाल्गुन-बैशाख<br>कात्तिक-मंसिर | <br>आषाढ-भदौ<br>फाल्गुण-चैत्र |
| ३ | गहु | कार्तिक-मंसिर | चैत-वैशाख |
| ४ | कोदो | आषाढ-श्रावण | कार्तिक-मंसिर |
| ५ | तोरी | कार्तिक-मंसिर | माघ-फाल्गुन |
| ६ | मसुरो | कार्तिक-मंसिर | फाल्गुन- चैत्र |
| ७ | मास | आषाढ-श्रावण | कार्तिक-मंसिर |

| | | | |
|---|---|---|---|
| ८ | केराउ | भदै-असोज | मंसिर-माघ |
| ९ | भटमास | जेष्ठ-आषाढ | असोज-कार्तिक |
| १० | आलु<br>-हिउदे<br>-बर्षे | <br>कार्तिक-मंसिर<br>माघ-फाल्गुण | <br>चैत्र-वैशाख<br>जेष्ठ-श्रावण |
| ११ | तरकारी (टमाटर, काउलीभन्दा, प्याज, आलु,बोडी, सिमी,खोर्सानी,बन्दा,सिमसाग,सम्पूर्ण तरकारी बाली)<br>-वर्षे<br>-हिउदे | वैशाख-चैत्र | |

## बजार व्यवस्था

| क्र.सं. | वजारको नाम | स्थान | लाग्ने बार |
|---|---|---|---|
| १ | लेटाङ वजार | ले.न.पा ४ | शनिबार |
| २ | बुधबारे बजार | ले.न.पा २ | बुधबार |
| ३ | जाँते बजार | ले.न.पा ८ | जाँते |

## २५.अनुदानका मल वितरण निर्देशिका २०७७ को कारोवार गर्ने कृषि सहकारीहरूको विवरण

| क्र.स. | मल विक्रेता सहकारीको नाम,ठेगाना | सम्पर्क नं | कैफियत |
|---|---|---|---|
| १. | उन्नतकृषि सहकारी सँस्था, लेटाङ- ८, जाँते, मोरङ | ९८४२०७२६८२ | |
| २. | आँकुरा बहुउद्देश्य सहकारी संस्था लि. लेटाङ -६ खेरूवा,मोरङ | ९८५२०५०१२७ | |
| ३ | खेरूवाकृषि सहकारी सँस्था लि. लेटाङ-६, मोरङ | ९८४२३९९६४७ | |
| ४ | किर्तिमान कृषि सहकारी संस्था लि.,लेटाङ-३, मोरङ | ९२३४३२५३८ | |

| क्र.स. | मल विक्रेता सहकारीको नाम,ठेगाना | सम्पर्क नं | कैफियत |
|---|---|---|---|
| ५ | सदाबहार प्रांगारिक कृषि सहकारी संस्था लि., लेटाङ- २, मोरङ | ९८५२०४१७६३ | |
| ६ | सानाकिसान कृषि सहकारी संस्था लि., लेटाङ-४, मोरङ | ९८४२४१८५६० | |
| ७ | मझौलाकृषि सहकारी संस्था लि. लेटाङ-५, मोरङ | ९८६२२२०१८७ | |
| ८ | उत्तरी मोरङ कृषि सहकारी संस्था लि., लेटाङ- ९, मोरङ | ९८१२३८६११७ | |
| ९ | कवेशी बहुउद्देशीय कृषि सहकारी संस्था लि. लेटाङ-४, मोरङ | - | |
| १० | सानाकिसान सहकारी संस्था लि लेटाङ-८, मोरङ | ९८२७३४०७०० | |
| ११ | वालीविकास कृषि सहकारी सँस्था लि. लेटाङ- १, मोरङ | ९७४१७५१८८४ | |
| १२ | खेरूवाकृषि सहकारी सँस्था लि. ले.न.पा ५ | | |

## २६. कृषिविकास शाखादर्ता भएकानिजि कृषिफर्मको विवरण

| क्र.स. | फर्मको नाम | ठेगाना | सम्पर्क नं | दर्ता नं/ मिति | उद्धेश्य | कै. |
|---|---|---|---|---|---|---|
| १ | चेमजोङ्ग कृषिफर्म (राजभक्त शेर लिम्बु) | ले.न.पा. ९ किसान चोक | ९८४२०७२६८२ | ०१/२०७७।६।११ | तरकारी, फलफुल, सुपारी | |
| २ | आस मौरी पालन फर्म | ले.न.पा. ९ | ९८०८२४९६३० | ०२/२०७७।६।११ | मौरी | |
| ३ | राज एग्रीकल्चर रिर्सच एण्ड नर्सरी | ले.न.पा ७ वारगी | ९८०५८६२१९२ | ०३/२०७७।६।१६ | कफी, फलफुल मिश्रित विरूवा | |
| ४ | दिव्याकृषिफर्म ( सिता घिमिरे) | ले.न.पा २ | ९८४२०६७२७० | ०४/२०७७।६।२६ | तरकारी | |
| ५ | रेखबहादुर कृषि फर्म(रेख बहादुर राई) | ले.न.पा ८ | ९८०५३२३२४४ | ०५/२०७७।६।२७ | तरकारी | |

| क्र.स. | फर्मको नाम | ठेगाना | सम्पर्क नं | दर्ता नं/ मिति | उद्धेश्य | कै. |
|---|---|---|---|---|---|---|
| ६ | पुजाकृषिफर्म(टिकाराम पिठाकोटे) | ले.न.पा ५ | ९८६२०६२३९७ | ०६/२०७७।६।२७ | तरकारी | |
| ७ | केशवी कृषिफर्म | ले.न.पा ३ | ९८६१११५८०३ | ०७/२०७७।८।३० | तरकारी | |
| ८ | थ्रीलायन्स कृषिफर्म | ले.न.पा ३ | | ०८/२०७७।८।३० | मौरी | |
| ९ | एस्तर कृषि फर्म | ले.न.पा ३ | ९८१५४३०३०५ | ०९/२०७७।९।२० | खाधान्न र तरकारी | |
| १० | दर्शन कृषिफर्म | ले.न.पा २ | ९८४२२३०१५२ | १०।२०७७।१२।२३ | कृषि र पशुपालन | |
| ११ | हातेमालो कृषि पशुपंक्षी तथा ह्याचरी फर्म | ले.न.पा. २ | ९८२९३१८६५२ | ११।२०७८।०५।२९ | कृषि र पशुपालन | |
| १२ | श्री रामकृषिफर्म | ले.न.पा ३ | ९८४२४६४८०२ | १२।२०७८।५।२९ | फलफुल, तरकारी, पशुपंक्षी पालन | |
| १३ | रोयलएग्रो कृषिफर्म | ले.न.पा. २ | ९८४२०९८४२३ | १३।२०७८।११।०२ | फलफुल, तरकारी, पशुपंक्षी पालन | |
| १४ | आयुसा कृषिफर्म | ले.न.पा ५ | ९८६०८८५५७४ | १४।२०७८।१०।२५ | फलफुल, तरकारी, पशुपंक्षी पालन | |
| १५ | उधमशिल कृषि फर्म | ले.न.पा ५ | ९८४२०९८७३८ | १५।२०७८।१२।१३ | कृषि र पशुपंक्षी पालन विक्री व्यवसाय | |
| १६ | चुरे अर्गानिक कृषिफर्म | ले.न.पा १ | ९८१०५७५८९२ | १६।२०७९।०४।२९ | कफी खेती | |
| १७ | लम्साल कृषितथापशुपालन समूह | ले.न.पा ५ | | १७।२०७९।०५।०२ | तरकारी अन्नवाली | |
| १८ | शिवजी पशुपालन तथा कृषिफर्म | ले.न.पा ५ | ९८५१०७९५४६ | १८।२०७९।०६।२० | पशुपालन तरकारी | |
| १९ | ओभा पशुपालनतथाकृषिफर्म | ले.न.पा ५ | | १९।२०७९।२० | पशुपालन तरकारी | |
| २० | शिवशक्ति सुपारी उत्पादन केन्द्र | ले.न.पा ६ | ९८५२०५०१२७ | २०।२०७९।०७।२८ | सुपारी | |

| क्र.स. | फर्मको नाम | ठेगाना | सम्पर्क नं | दर्ता नं/ मिति | उद्धेश्य | कै. |
|---|---|---|---|---|---|---|
| २१ | माया सुपारी कृषिफर्म | ले..न.पा ६ | ९८४२२४४६६८ | २१।२०७९।०७।२९ | सुपारी | |
| २२ | लोकलमौरी पालन कृषिफर्म | ले.न.पा १ | | २३।२०७९।९।०५ | मौरीपालन | |
| २३ | ग्रीनरी टेकफार्म | ले.न.पा. १ | ९८४४२७१४९१ | २४।०८०।०१।०३ | फलफुल तरकारी | |
| २४ | नमुनाकृषिफर्म | ले.न.पा २ | ९८४२०२५९३४ | २५।०८०।०१।०३ | मिश्रित | |
| २५. | लेटाङ कृषि ड्रागन फ्रुट फर्म | ले.न.पा २ | ९८००९५६३२९ | २६।०८०।०१।२९ | फलफुल | |
| २६. | कुवापानीकृषिफर्म | ले.न.पा १ | | २७।०८०।०१।३१ | मिश्रित | |
| २७. | खुशीकृषिफर्म | ले.न.पा. २ | ९८४२२४२२२१ | २८।०८०।०४।३१ | मिश्रित | |
| २८. | वीर बहुउद्धेश्य कृषिफर्म | ले.न.पा. ३ | ९८४२५०७७५१ | २९।०८०।०६।०७ | मिश्रित | |
| २९. | स्याबो कृषिफर्म | ले.न.पा७ | ९८४२५६४७६८ | ३०।०८०।०६।१४ | मिश्रित | |
| ३०. | चाम्लिङ्गकृषिफर्म | ले.न.पा७ | ९८१७४९९४९६ | ३१।०८०।०८।२५ | मिश्रित | |
| ३१. | त्रिवेणी कृषिफर्म | ले.न.पा७ | ९८११०१३९४७ | ३२।०८०।८।२५ | अलैंची, मौरी | |
| ३२. | उत्तरी मोरङ्ग तथाबाख्रापालनफर्म | ले.न.पा १ | ९८६२८८२६३९ | ३३।०८०।११।२७ | मिश्रित | |
| ३३. | राईलिम्बु कृषिफर्म | ले.न.पा. ३ | ९८४२१६४९८१ | ३४।०८१।०१।१६ | फलफुल र तरकारी | |
| ३४. | नविनकृषिफर्म | ले.न.पा. ५ | ९८२५३२४७२८ | ३५।०८१।०१।२३ | मिश्रित | |
| ३५. | राईको कृषि फर्म | ले.न.पा. २ | ९८४२४७०२४४ | ३६।२०८१।०३।०९ | मिश्रित | |

## सूचिकृत/अध्यावधिक कृषिफर्म

| क्र.स. | फर्मको नाम | ठेगाना | सम्पर्क नं | दर्ता नं/ मिति | उद्धेश्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | माँपाथिभारा कृषिफर्म | लेनपा. २ | ९८४२३९९६७२ | १५८७४/ २०७६।०७७ | तरकारी, फलफुल, सुपारी तथा पशुपालन | घरेलु तथा साना उधोग कार्यालय |
| २ | राजारानीकृषिफर्म | लेनपा. २ | | १४/१३७७४/ २०७४।०७५ | तरकारी, फलफुल, सुपारी तथा पशुपालन | ,, |
| ३ | सँयुक्त च्याउ उधोग | लेनपा ४ | ९८४०८३३६५३ | १२८६३/०७३।०७४ | च्याउ | ,, |

| क्र.स. | फर्मको नाम | ठेगाना | सम्पर्क नं | दर्ता नं/ मिति | उद्धेश्य | कैफियत |
|---|---|---|---|---|---|---|
| ४ | जि.एस अर्गानिक कृषिफर्मतथा रिर्सच सेन्टर | ले.न.पा ५ | | १६२६८/०७६।०७७ | तरकारी | ,, |
| ५ | कार्की कृषि फर्म | ले.न.पा ५ | | १६७२६८/०७६।०७७ | तरकारी | ,, |
| ६ | ललितकला कृषि फर्म | ले.न.पा ३ | ९८५२०७७०३३ | १६८०९/०७७।०७८ | तरकारी(कुरिलो) | ,, |
| ७ | मनकामना मौरीपालन श्रोत केन्द्र | ले.न.पा ९ जाँते | ९८४२०४८८७० | | मौरी | ,, |
| ८. | बहुउद्देशीयकागती कृषिफर्म | ले.न.पा ९ जाँते | ९८४२३७२१६६ | | कागती | ,, |
| ९. | महाभारत अर्गानिक कफी फर्म | ले.न.पा १ | | | फलफुल | ,, |
| १०. | साग्मा कृषि फर्म | ले.न.पा १ | | | सुन्तला | ,, |
| ११. | पुष्प स्मृति नर्सरी | ले.न.पा. ३ | ९८४२०३३५१३ | १६०४५।०७६।०७७ | कृषि वन | ,, |
| १२. | जय गुरू कृषिफर्म | ले.न.पा. ५ | ९८४२४३८६५० | १४७७७।०७५।०७६ | मिश्रित | |
| १३. | गोदावरी पशु तथा कृषिफर्म | ले.न.पा ९ | ९८४२१४३१७६ | १६९२१।०७७।०७८ | मिश्रित | |

## २७. कृषिविकास शाखाहाल सम्म दर्ता भएका कृषक समूहको विवरण

| क्र.स. | समूहको नाम | प्रतिनिधिको नाम | ठेगाना | सम्पर्क नं | दर्ता नं/ मिति | उद्धेश्य | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | युवा व्यवसायीक कृषि समूह | जिवनाथ खतिवडा | ले.न.पा. ९ | ९८४२१६४३१० | ०१/०७४।०७५ | मिश्रित खेती | |
| २ | प्रगति कृषि समूह | विष्णु ब. खत्री | ले.न.पा. २ | ९८४२२२७७१० | ०२/**०७४।०७५** | मिश्रित खेती | |
| ३ | प्रतिभा टोल कृषि समूह | जीत ब.मगर | ले.न.पा ५ | ९८१०००४३३२ | ०३/**०७४।०७५** | मिश्रित खेती | |
| ४ | अर्गानिक उपभोक्ता कृषि समूह | प्रबद्धन राई | ले.न.पा ३ | ९८४२०४९९४४ | ०४/**०७४।०७५** | मिश्रित खेती | |
| ५ | खेरूवा सुपारी उत्पादन समूह | पुष्पलालदाहाल | ले.न.पा ५ | ९८४२२५०४७८ | ०५/**०७४।०७५** | मिश्रित खेती | |

| क्र.स. | समूहको नाम | प्रतिनिधिको नाम | ठेगाना | सम्पर्क नं | दर्ता नं/ मिति | उद्धेश्य | कै. |
|---|---|---|---|---|---|---|---|
| ६ | थामिन्दिन महिला व्यवसायीक कृषि समूह | मिनाकुमारी लिम्बु | ले.न.पा १ | ९८१७३९१०७३ | ०६/**०७४।०७५** | मिश्रित खेती | |
| ७ | पाथिभारा महिला कृषक समूह | गितापौडेल | ले.न.पा ५ | ९८४२४३८५१६ | ०७/**०७४।०७५** | मिश्रित खेती | |
| ८. | प्रांगारिक कृषक समूह | गणेशपौडेल | ले.न.पा ५ | ९८४२०९८७३८ | ०८/**०७४।०७५** | मिश्रित खेती | |
| ९. | त्रिवेणी कृषि समूह | इन्द्र प्रसादचापागाई | ले.न.पा. ५ | ९८६०९९८२३४ | ०९/**०७५।०७६** | मिश्रित खेती | |
| १०. | राजारानी मौरीपालन समूह | दल ब. लिम्बु | ले.न.पा. १ | ९८६२३५६९७४ | १०/**०७५।०७६** | मौरी | |
| ११. | नवप्रतिभाकृषि समूह | सन्त ब. मगर | ले.न.पा. २ | ९८१०४९६८९४ | ११/**०७५।०७६** | मिश्रित खेती | |
| १२. | उद्यमशिलकृषि समूह | नविनलिम्बु | ले.न.पा ८ | ९८०७०७८४८० | १२/**०७५।०७६** | मिश्रित खेती | |
| १३. | त्रिवेणी व्यवसायिक कृषि समूह | दुर्गा प्रसाद राई | ले.न.पा. १ | ९८६२१७६४४३ | १३/**०७५।०७६** | मिश्रित खेती | |
| १४. | लालिगुर्रास कृषि समूह | युवराजन्यौपाने | ले.न.पा ८ | ९८४२१०४८५६ | १४/**०७५।०७६** | मिश्रित खेती | |
| १५. | नमुनाकृषि समूह | अग्नि प्रसाद भट्राई | ले.न.पा ३ | ९८४२५०७९५८ | १५/**०७५।०७६** | मिश्रित खेती | |
| १६. | मजुवाकृषि समूह | ज्ञान ब. खत्री | ले.न.पा ५ | ९८४२२५०९०० | १६/**०७५।०७६** | मिश्रित खेती | |
| १७. | मौसम कृषि समूह | वासुदेव तिम्सिना | ले.न.पा ५ | | १७/**०७५।०७६** | मिश्रित खेती | |
| १८. | गुराँस कृषि समूह | नेत्र प्र. पौडेल | ले.न.पा ५ | ९८४२५७२०२६ | १८/**०७५।०७६** | मिश्रित खेती | |
| १९. | मुनालकृषि समूह | मन्जु दाहाल | ले.न.पा ५ | ९८११०५४७३४ | १९/**०७५।०७६** | मिश्रित खेती | |
| २०. | मकालु कृषि समूह | तेज कुमारी पौडेल | ले.न.पा ५ | ९८६२१७६८२३ | २०/**०७५।०७६** | मिश्रित खेती | |
| २१. | किर्तिमान कृषि समूह | चन्द्रश्याम राई | ले.न.पा ३ | ९८४२५४३०९९ | २१/**०७५।०७६** | मिश्रित खेती | |
| २२. | संगम कृषि समूह | अम्बिका प्र. नेपाल | ले.न.पा २ | ९८४२५४३०९९ | २२/**०७५।०७६** | मिश्रित खेती | |

| क्र.स. | समूहको नाम | प्रतिनिधिको नाम | ठेगाना | सम्पर्क नं | दर्ता नं/ मिति | उद्धेश्य | कै. |
|---|---|---|---|---|---|---|---|
| २३ | आर्दश कृषि समूह | खड्ग ब. सुब्बा | ले.न.पा ५ | ९८४२२४०८२१ | २३/**०७५।०७६** | मिश्रित खेती | |
| २४ | सुनाखरी कृषि समूह | रत्ननिमेल मगर | ले.न.पा ५ | ९८२४३२१४०४ | २४/**०७५।०७६** | मिश्रित खेती | |
| २५ | स्वर्ण महिला कृषक समूह | कल्पनादाहाल | ले.न.पा ५ | ९८२९३७११६० | २५/**०७५।०७६** | मिश्रित खेती | |
| २६. | उन्नती कृषि समूह | रश्मीश्रेष्ठ | ले.न.पा ५ | | २६/**०७५।०७६** | मिश्रित खेती | |
| २७. | जनविकास कृषि समूह | हर्क ब. थापा | ले.न.पा५ | ९८४२५५९५४५ | २७/**०७५।०७६** | मिश्रित खेती | |
| २८. | सिर्जनशिल कृषक समूह | लोक ब. गिरी | ले.न.पा २ | ९८४७४०७८९७ | २८/**०७५।०७६** | मिश्रित खेती | |
| २९. | ग्रामिण पहाडी कृषि समूह | अनिललिम्बु | ले.न.पा७ | ९८०३१६२९२९ | २९/**०७५।०७६** | मिश्रित खेती | |
| ३०. | पुष्पान्जली कृषि समूह | मौसमपौडेल | ले.न.पा २ | ९८६२२११४७० | ३१/**०७५।०७६** | मिश्रित खेती | |
| ३१. | सगरमाथा कृषक समूह | राम प्र. अधिकारी | ले.न.पा ३ | ९८६२२११४७० | ३२/**०७६।०७७** | मिश्रित खेती | |
| ३२. | नमुनाकृषि समूह ख | कुल प्रसादचापागाई | ले.न.पा ५ | ९८४२४८१२४५ | ३४/**०७६।०७७** | मिश्रित खेती | |
| ३३. | पौरखी कृषक समूह | दल ब. लिम्बु | ले.न.पा १ | ९८०४३९९०४९ | ३५/**०७६।०७७** | मिश्रित खेती | |
| ३४. | अँधेरी कृषि समूह | हेम ब. मगर | ले.न.पा १ | ९८६३०१७१८९ | ३६/**०७६।०७७** | मिश्रित खेती | |
| ३५. | उन्नतशिलकृषक समूह | अग्नि प्र दाहाल | ले.न.पा ८ | ९८४२२३३५९९ | ३७/**०७६।०७७** | मिश्रित खेती | |
| ३६. | कमलपुर हरियाली कृषक समूह | अमृत राई | ले.न.पा. ३ | | ३८/**०७६।०७७** | मिश्रित खेती | |
| ३७. | नमुनाप्राकृतिक कृषि समूह | सन्त ब. लिम्बु | ले.न.पा १ | ९८००९१९६६७ | ३९/**०७६।०७७** | मिश्रित खेती | |
| ३८. | जाँते हरियाली कृषक समूह | तिल ब. राई | ले.न.पा ८ | ९८१८१७४६६३ | ४०/**०७६।०७७** | मिश्रित खेती | |
| ३९. | मंगलबारे हरियाली कृषक समूह | अर्थ बलिम्बु | ले.न.पा७ | ९८१८४१४३६३ | ४१/**०७६।०७७** | मिश्रित खेती | |

| क्र.स. | समूहको नाम | प्रतिनिधिको नाम | ठेगाना | सम्पर्क नं | दर्ता नं/ मिति | उद्धेश्य | कै. |
|---|---|---|---|---|---|---|---|
| ४०. | सयपत्री हरियाली कृषक समूह | बुद्ध कुमार लिम्बु | ले.न.पा७ | ९८१६३४०८८९ | ४२/**०७६।०७७** | मिश्रित खेती | |
| ४१. | पौरखी हरियाली कृषक समूह | सन्तमाया राई | ले.न.पा ९ | ९८११०८९२८१ | ४३/**०७६।०७७** | मिश्रित खेती | |
| ४२. | महाविष्णु हरियालीकृषक समूह | जिवनकुमार मगर | ले.न.पा७ | ९८४१३४६६१० | ४४/**०७६।०७७** | मिश्रित खेती | |
| ४३. | रातेमाटे हरियालीकृषक समूह | लक्ष्मीचौलागाई | ले.न.पा७ | ९८१२३३६३७३ | ४५/**०७६।०७७** | मिश्रित खेती | |
| ४४. | वारगीकफीकृषक समूह | रास कुमार राई | ले.न.पा७ | ९८०५८६२१९२ | ४६/**०७६।०७७** | मिश्रित खेती | |
| ४५. | खैरेनी कृषक महिला समूह | रन्जु आर्चाय | ले.न.पा २ | ९८४२३९९६७२ | ४७/**०७६।०७७** | मिश्रित खेती | |
| ४६. | लालिगुराँस हरियालीकृषक समूह | कुमार लिम्बु | ले.न.पा७ | ९८०३३२७०९० | ४८/**०७६।०७७** | मिश्रित खेती | |
| ४७. | समावेशी कृषि समूह | ढकल सिं मगर | ले.न.पा ५ | ९८४२२४७५६४ | ४९/**०७६।०७७** | मिश्रित खेती | |
| ४८. | राजारानीमौरपिालक कृषक समूह | गणेश तिम्सिना | ले.न.पा २ | ९८४२२४१०१८ | ५०/**०७६।०७७** | मौरी | |
| ४९. | जनजागृति कृषि समूह | सुदन बलम्पाकी | ले.न.पा ६ | ९८६३९८७६६० | ०१/**०७७।०७८** | मिश्रित खेती | |
| ५०. | नमुनाकृषक समूह ग | दुर्गा सुब्बा | ले.न.पा ८ | ९८१६३७०७५१ | ०२/**०७७।०७८** | मिश्रित खेती | |
| ५१. | किरातचोक कृषि समूह | नारायण ढकाल | ले.न.पा २ | | ०३/**०७७।०७८** | मिश्रित खेती | |
| ५२. | सुनगाभाकृषि समूह | टंक ब. श्रेष्ठ | ले.न.पा १ | ९८२४३३५३७८ | ०४/**०७७।०७८** | मिश्रित खेती | |
| ५३. | चाँदनी तरकारी उत्पादनकृषक समूह | छत्र ब.निरौला | ले.न.पा ५ | ९८६२३१८३२८ | ०५/**०७७।०७८** | मिश्रित खेती | |
| ५४. | पाथिभारा कृषि समूह | इन्द्र प्र. खतिवडा | ले.न.पा २ | ९८६२०००३३३ | ०६/**०७७।०७८** | मिश्रित खेती | |

| क्र.स. | समूहको नाम | प्रतिनिधिको नाम | ठेगाना | सम्पर्क नं | दर्ता नं/ मिति | उद्धेश्य | कै. |
|---|---|---|---|---|---|---|---|
| ५५. | जानकी कृषक समूह | पिताम्बर अधिकारी | ले.न.पा २ | ९८०३५५८२५३ | ०७/**०७७।०७८** | मिश्रित खेती | |
| ५६. | जनहित कृषि समूह | शुक्र ब. राई | ले.न.पा. १ | ९८४७९३८३३१ | ०८/**०७७।०७८** | मिश्रित खेती | |
| ५७. | नौलो चुरेफेदी बहुउद्धेश्उ कृषक समूह | दिपकलिम्बु | ले.न.पा ८ | ९८६६१८८०१२ | ०९/**०७७।०७८** | मिश्रित खेती | |
| ५८. | सघर्षशिल कृषि समूह | राम प्र. दाहाल | ले.न.पा. २ | ९८६२०११५१२ | १०/**०७७।०७८** | मिश्रित खेती | |
| ५९. | क्याम्पस टोल कृषि समूह | टिका ब. वि.क. | ले.न.पा ५ | | ११/**०७७।०७८** | मिश्रित खेती | |
| ६०. | आधार शिल कृषक समूह | चण्डिका कट्ेल | ले.न.पा २ | ९८४२३७५८७५ | १२/**०७७।०७८** | मिश्रित खेती | |
| ६१. | सयपत्री कृषक समूह | सागर श्रेष्ठ | ले.न.पा २ | | १३/**०७७।०७८** | मिश्रित खेती | |
| ६२. | टुँडे अलैँची कृषि समूह | सान ब. राई | ले.न.पा ७ | | १४/**०७७।०७८** | मिश्रित खेती | |
| ६३. | किसे कृषि समूह | रतन ब. लिम्बु | ले.न.पा १ | ९८२५३१६१४४ | १५।०७८।०७९ | मिश्रित खेती | |
| ६४. | पश्चिम बगर कृषक समूह | मनमाया गौतम | ले.न.पा ३ | ९८१७०१६७८२ | १६।०७८।०७९ | मिश्रित खेती | |
| ६५. | नवपालुवा महिलाकृषक समूह | कृष्ण कुमारी निरौला | ले.न.पा. ९ | | १७।०७८।०७९ | मिश्रित खेती | |
| ६६. | हाम्रो नमुनाकृषक समूह | हरि प्र. काफ्ले | ले.न.पा. ३ | ९८४२५०२६६३ | १८।०७८।०७९ | मिश्रित खेती | |
| ६८. | किर्तिमान कृषि समूह | चन्द्र श्याम राई | ले.न.पा. ३ | | १९।०७८।०७९ | मिश्रित खेती | |
| ६९. | महिला समावेशी कृषक समूह | गोमादेवी राई | ले.न.पा. ३ | | २०।०७८।०७९ | मीश्रत खेती | |
| ७०. | सक्ष्यम कृषक समूह | गिरी प्रसाद ओझा | ले.न.पा. २ | ९८६२०४४२२५ | २१।०७८।०७९ | मिश्रित खेती | |
| ७१. | कात्तिकेखोला घारी अर्गानिक कृषक समूह | टिका प्रसाद राई | ले.न.पा. १ | ९८४९८३९१४३ | २२।०७८।०७९ | फलफुल खेती र तरकारी खेती | |

| क्र.स. | समूहको नाम | प्रतिनिधिको नाम | ठेगाना | सम्पर्क नं | दर्ता नं/ मिति | उद्धेश्य | कै. |
|---|---|---|---|---|---|---|---|
| ७२. | समावेशी कृषि समूह ख | ले.न.पा ५ | | | २३।०७८।०७९ | मिश्रित खेती | |
| ७३. | डाँफे ड्रागन फल तथा कुरिलो खेती कृषक समूह | ले.न.पा. | | | २४।०७८।०७९ | ड्रागन फल र कुरिलो खेती | |
| ७४. | जाँते आधुनिक व्यवसायिक मौरी पालक समूह | इमनाथ पोखरेल | ले.न.पा ९ | | २५।०७८।०७९ | मौरीपालन | |
| ७५. | सयपत्रीउधमी कृषक समूह | रूद्र बस्नेत | ले.न.पा. ५ | | २६।०७९।०८० | मिश्रित | |
| ७६. | जाँते महिलाकृषि समूह | टिका लावती | ले.न.पा ८ | ९८१०५५४८२२ | २७।०७९।०८० | मिश्रित | |
| ७७. | कपासे कृषि समूह | घनश्याम निरौला | ले.न.पा. ६ | | २८।०७९।०८० | मिश्रित | |
| ७८. | खेरूवा सुपारी उत्पादन सम्ह | जगत ब मगर | ले.न.पा ५ | ९८६२२३१३३१ | २९।०८०।०८१ | सुपारी | |
| ७९. | समृद्धि कृषक समूह | यग्य ब मगर | ले.न.पा १ राजारानी | ९८६२९८७४१५ | ३०।०८०८१ | मिश्रित | |
| ८०. | बथाहाकृषक समूह | रिताकुमार लिम्बु | ले.न.पा १ | ९८११०४६६१५ | ३१।०८०।०८१ | मिश्रित | |
| ८१. | डुँडे अलैँची कृषक समूह | सान ब. राई | ले.न.पा७ | ९७४५७०३९७ | ३२।०८०।०८१ | अलैँची | |
| ८२. | समला कृषक समूह | नरजित राई | ले.न.पा७ | ९७६५४७९०७० | ३३।०८०।०८१ | मिश्रित | |
| ८३. | सिमाना कृषक समूह | आन्नद प्रसादलिम्बु | ले.न.पा७ | ९८१९३४७५२२ | ३४।०८०।०८१ | मिश्रित | |

# २८. सातौ कृषि गणना २०७८ बारे जानकारी

नाराः कृषि योजनाको सार, कृषिविकासको पुर्वाधार

गणना अवधि:२०७९।०१।६ देखी २०७९।२।१९

नतिजा सार्वजानिक:मिति २०८०।०५।२१

## नतिजा

- कृषि पेशामा संलग्न रहेका कृषक परिवार सँख्या ४१ लाख ३० हजार ७ सय ८९ (६२%)
- कृषिकर्म गरेका जमिनको क्षेत्रफल २२ लाख १८ हजार ४ सय १० हेक्टर
- कृषक परिवारको मुख्यआम्दानीको स्रोत कृषि रहेको ७०.४%
- आफ्नै कृषि उपजबाट वर्ष भरी खानपुग्ने किसान ४५%
- आफ्नो कृषिकर्मबाट सबै उत्पादन विक्रि गर्ने १.१%
- आफ्नो कृषिकर्मबाट भएको सबै उत्पादन घरयासी उपभोग गर्ने कृषक परिवार ६८.८%
- जम्मा कृषक परिवार मध्ये कृषिकार्यका अतिरित्त अन्य आर्थिक क्रियाकलाप गर्ने २६%

## कृषि पेशामा आवद्ध

१. पुरूषको हिस्सा ६७.६%

२. महिलाको हिस्सा ३२.४%

३. प्रदेशगत सबैभन्दा बढी कृषक परिवार भएको प्रदेश- कोशी

४. जिल्लागत रूपमा सबै भन्दा बढी कृषक परिवार- झापा

५. कृषिविमा आवद्ध कृषक १ लाख ८२ हजार ४ सय ४१(४.४%)

६. १,६३९,०००(४०%) कृषकले ट्रयाक्टर प्रयोग गर्दै आएको । सिंचाईको सुविधापुगेको जमिनको क्षेत्रफल १२,०९,२६५(५४.५%)

७. सिंचित क्षेत्रफल मध्ये बाह्रै महिना सिँचाई सुविधा उपयोग भएको जग्गाको

क्षेत्रफल ८,७९,५७० हे.(७२.७%)

८. यस गणना सम्म ३ लाख ८ हजार ५ सय(७.५%) किसान परिवारले सरकारी अनुदान पाएका । जलवायु परिवर्तन बारे जानकारी प्राप्त कृषक ५४%

९. उन्नत वीउ लगाउने कृषक परिवार २२.२%

१०. बिषादीप्रयोग गर्ने कृषक परिवार २६.७%

११. सबैभन्दा बढी क्षेत्रफललगाईने खाद्यान्नबाली – धान १२ लाख १६ हजार ३८७ हेक्टर, मकै ५ लाख ५९ हजार ९०९ हेक्टर र गँहु ६ लाख ५४ हजार १९४ हेक्टर)

१२. सबै भन्दा धेरै कृषि योग्यजमिनचलनमा रहेका ५ जिल्लाहरू क्रमशः मोरङ्ग, झापा, सिरहा, सर्लाही र सप्तरी । कोदो खेतीप्रविधि

# २९. कोदो खेती प्रविधि

–करण श्रेष्ठ
कृषि शाखा प्रमुख
लेटाङ नगरपालिका, मोरङ

## परिचय

नेपालको विभिन्न जिल्लबाट ८५० भन्दा बढी कोदोको स्थानिय जातहरू संकलन गरी खुमलटार स्थित राष्ट्रिय जीन बैंकमा संरक्षण गरिएको छ भने अनुसन्धानबाट ५ वटा विकासे सिफारिस गरिएका छन । जातिय विविधतामा निकै धनी रहेको हुनाले नेपाल लगायत भारतिय उपमहाद्धिपलाई कोदोको विविधताको उपकेन्द्र मानिन्छ । दानाको आकार र अवस्था, काण्ड र पातको रंग आदिमा फरक पाइन्छ । दानाको आधारमा सेतो र काले कोदो मुख्य छन भने पाक्ने महिनाको

आधारमा कात्तिके, भदौरे, मंसिरे आदि छन । वालाको आकार अनुसार कोदोको जात मुड्के, ल्यफ्रे र घुम्रे तीन किसिमका हुन्छन । नेपालमा खेतीहुने कृषकका स्थानिय जातहरू मा अरूण कोदो, भदौरे कोदो, बौलाहा कोदो, चरिकोटे कोदो, चुल्ठेकोदो, च्यास्ले कोदो, च्याल्ठे कोदो, डल्ले कोदो,डल्ले सेतो, दुधे कोदो, झुप्पे कोदो,कालो बुंगे, कालो कोदो,

कात्तिके कोदो, किर्ने कोदो, लोकल कोदो, लोकल कोदो, लुर्के कोदो, मंसिरे कोदो,जस्ता विभिन्न नामका कोदो खेती गरिन्छ । हाम्रा बाजे बराजुले सदियौं देखि जतनले जोगाइराखेका यीजातहरू हाम्रा अमुल्य निधि हुन । यिनिहरूमा छिटो पाक्ने, नढल्ने, रोग कीरा सहने, सुख्खा सहने, पीठो पर्ने, धेरै फल्ने, खान मिठो हुने आदि जस्ता अति महत्वपुर्ण विशिष्ठ गुणहरू रहेका छन जुन आज हाम्रो लागि मात्रै हैन, भावी सन्ततिका लागि पनि अति उपयोगी हुन सक्छ । तसर्थ हाम्रा पुर्खाको नासो यस्ता स्थानिय जातहरू लोप हुनबाट जोगाउनु हामी सबैको दायित्व हो ।








शैलुगं-१ जात जुम्ली रातो जात ओख्ले-१ डल्ले- १काब्रे - १काब्रे-२

नेपालमा पाइने उन्नतजातहरू-

ओख्ले-१, डल्ले-१, काब्रे कोदो-१, काब्रे कोदो- २, शैलुंग कोदो- १ र जुम्ली रातो कादो (NGR05113)

जलवायु, माटो तथा रोप्ने समय

जलवायु-न्यानो जलवायु, उष्ण र उपोष्ण क्षेत्र तथा तराई देखि उच्च पहाड ३१०० मी. सम्मा गर्न सकिन्छ । ५०- १०० से.मी. वर्षा हुने क्षेत्रहरू कोदो खेतीकालागि बढी उपयुक्त हुन्छ । माटो-मलिलो

माटो, दोमट, चिम्टायिलो दोमट माटो सर्वोत्तम हुन्छ ।

समय- खास गरि मनसुन सुरू हुनासाथ नै कोदो रोप्नु पर्छ । तराई देखि मध्य पहाड पहाडी भेग सम्म छरूवा वा पाउँदुरे कोदो बैसाखमा छरिन्छ भने रोप्ने कोदो ब्याडमा वेर्ना तयार गरी ठाउँ हेरिकन जेठ देखि साउन सम्ममा रोपिन्छ । उच्च पहाडी भेगमाचैत्र- बैसाखमा कोदो छर्ने गरिन्छ ।

बालीचक्र र मिश्रित खेती

कोदो बालीलाई स्थान अनुसार एकल, मिश्रित, घुसुवा वा अन्तरवाली रूपमा खेती गरिन्छ । तराई रमध्य पहाड तिर कोदो पछि आलु, केराउ, मसुरो, चना, गहुँ, जौ, तोरी, सर्स्यु, कोदो खेतीको बाली-चक्रमाअन्तर ल्याउछ ।

कोदो- भटमास(१:१ लाइनमा), कोदो- भटमास (१:९ को अनुपातमा वीउ मिश्रण)

कोदो- मस्याङ(१:८ को अनुपातमा वीउ मिश्रण)

कोदो- रहर (१०:३ को वीउको प्रयोग गरी प्रत्येक २ पंक्ति रहर पछि ५ पंक्ति कोदो रोप्ने)

जमिनको तयारी

कोदो रोप्नेका लागिजमिनको तयारी राम्रोसँग गर्नुपर्छ, माटो बुरबुराउदो र झारपात रहित तुल्याउनु आवश्यक छ ।सामन्यता कोदो रोप्ने माटो धेरै मसिनो र मिहिन बनाउन पर्दैन तर कोदोको छरूवा खेतीको लागि मसिनो माटो उपयुक्त हुन्छ । कोदो खेती गरिने जमिनमा पानी जमन नदिन निकासको राम्रो प्रबन्ध मिलाउनु पर्छ । जमिनको तयारी गर्ने बेलामा १००- २०० क्वी. प्रति हेक्टरका दरले राम्ररी पाकेको गोठेमल वा कम्पोष्टमल प्रयोग गर्नुपर्छ । प्रांगारिक मल हाल्नाले माटोको जलधारण क्षमता बढछ ।

मल खाध

पहाडी क्षेत्रमा कोदो प्राय असिंचित जग्गामा उब्जाइन्छ । असिंचित अवस्थामा माटोमा चिस्यान संरक्षण गर्न प्रांगारिक मलहरूले महत्वपुर्ण भूमिका खेल्छन । प्रांगारिक मलका रूपमा राम्ररूी कुहेको गोठेमल वा कम्पोष्ट मलप्रयोग गर्न सकिन्छ । प्रर्याप्त वर्षा हुने क्षेत्रमा ४५:३०:२० केजी नाइट्रोजन, फस्फोरस र पोटास हाल्नु पर्छ ।

वीउ दर र रोप्ने तरिका

छरूवाविधि- १० केजी/हेक्टर

लाइनमा- ६ के.जी/हेक्टर( कार्वेन्डाजिम वाथिराम। भाइटामेक्स २.५ ग्रामप्रति के.जी वीउका दरले

उपचार गर्ने) लाइनको दुरी २०-२५ सेमी कायम गरी बोटदेखि बोटको दुरी १० सेमी र गहिराई ३-४ सेमी राख्न सकिन्छ । तराई र भित्रि मधेश भित्रीटार तिर २५- ३० दिनको वेर्ना रोप्न उपयुक्त हुन्छ । पहाडी क्षेत्रमा ३५- ४० दिनको वेर्ना सार्न उपयुक्त हुन्छ ।

### सिंचाई

कोदो सुख्खा सहने वाली भएकोले सामनयता सिंचाई आवश्यक पर्दैन । तर यदिलामो समय सम्म खडेरी परेमा वा जमिनमा निक्कै सुख्खा छ भने सरा गँजाउने वागाँजहाल्ने र फुलफुल्ने बेलामा सिंचाई दिदाँ बालीको उत्पादनमा वृद्धि हुने देखिएको छ ।

### कटानी तथा चुटानी र उत्पादन

खेतीगरिएको ४ देखि ५ महिना सम्ममा कोदो काटनका लागितयार हुन्छ । तराईमा असोज साता र पहाडमा कात्तिक दोश्रो देखि मंसिर दोश्रो साता सम्म परिपक्व हुन्छ । नेपालमा २ तरिकाले कोदो काटिन्छ । कतै हसियाले कोदोको बाला काटिन्छ र कतै धान काटे झै नल काटेर ४-५ दिन घुम्साएर वा सुकाएर चुटेर राखिन्छ । यसरी सफा गरेर राम्ररी सुकाएर राख्ने हो भने ८-१० वर्ष सम्म भण्डारण गर्न सकिन्छ । नेपालमा कोदोको औसत उत्पादन १.१ टन/ हेक्टर भएको पाइएता पनि विभिन्न अनुसन्धान तथा परिक्षणको नतिजा अनुसार ४-५ टन/हेक्टर भएको पाइन्छ ।

# ३०. रागे सिमी खेती प्रविधि

## परिचय र महत्व

सिमी (Phaseolus vulgaris) एक प्रमुख कोसे बाली हो । नेपालको तराई देखि उच्च पहाडी भाग सम्म यसको खेतीगरिन्छ । सिमकि हरिया कोसा तरकारीका रूपमा र सुकेका गेडा दालका बनाई खाने चलन छ । नेपालको तराई भुभाग देखि हुम्लाको याल्बगं(३१२१ मिटर) उचाई सम्म खेति गरिएको पाइन्छ । सिमीमा प्रशस्त प्रोटिन पाइने हुनाले यसलाई गरिबका लागि मासु भन्ने गरिन्छ । प्रति १०० ग्रामसिमीमा २२.६ ग्रामप्रोटिन, ४.३ ग्राम रेसा, ३.७ ग्रामखनिज, १० ग्रामपानी पाइन्छ ।

## जातिय विविधता

हाल सम्म दाल खाने सिमीकाकुनै जातसिफरिस भइसकेको छैन तर नेपालमा कृषि अनुसन्धान परिषद(नार्क) ले तिन वटा जात(केबीएल-१, केबीएल-३ र पीबी-००४८) खानका लागि राम्रा देखिएकाले सिफारिसको प्रक्रियामा राखेको छ । यी मध्ये केबीएल-१, केबीएल-३ कर्णालीमा पाइने लोकल सिमीबाट छनोट गरी विकास गरिएका जात हुन । रोप्ने समय, तरिका र वीउ दर

| स्थान | रोप्ने समय | रोप्ने दुरी | वीउ दर |
|---|---|---|---|
| उच्च पहाड | फगुन- बैसाख | लहरा जाने ७५X३० सेमी<br>लहरा नजाने ६०X३० | ३ केजीप्रति रोपनी |
| मध्य पहाड | साउन- भदौ | | |
| तराई भित्रिमधेश | असोज- कात्तिक | | |

## मलखाध

कम्पोष्ट मल-१००० केजीप्रति रोपनी,नाइर्टोजन १ केजी, फस्फोरस ६ केजी र पोटास ३ केजी रोपनी आवश्यक पर्दछ ।

सिंचाई र गोडमेल

सिमी ज्यादा सुख्खा सहन सक्ने बालीहोइन र यो बाली लगाएको जमिनमा पानी जम्नदिनु हुदैन । झारपात हटाउनका लागि सिमीमा कम्तिमादुई पटक गोडमेल गर्नु पर्दछ । पहिलो गोडमेल रोपेको ३ हप्ता पछि र दोश्रो गोडमेल झारपातको प्रकोप र विरूवाको अवस्था हेरेर गर्नुपर्दछ ।

थाक्रादिने

थाक्रादिदा ५-६ फिट अग्लादुई तिर बाट थाँक्राको टुप्पो जोडी लाईन मिलाएर गाड्नु पर्छ । गुणस्तरीय वीउमा हुनु पर्ने गुणहरू

| | |
|---|---|
| उमारशक्ति | ८०% |
| चिस्यान | १३-१५% |
| विग्रीएको विउ | ० |
| फिक्का रगं भएको वीउ | १०% |
| अन्य | १% |

## टिपाई र भण्डारण विधि

७०-८०% कोसा पहेला भइसकेका अवस्थामा बोटलाई जमिन नजिकैबाट काट्ने वा कोसा टिप्ने कामगरिन्छ । लहरा जाने सिमीलाई कोसा सुक्दै गए पछि सुकेका कोसा टिप्दै गर्न सकिन्छ । सिमीको वीउ राम्ररी सुक्यो सुकेन भनी पत्ता लागाउन लागि गेडालाई टोकेर वा नंगले गाडेर हेर्न सकिन्छ ।

# ३१. धान खेती प्रबिधि

- करण श्रेष्ठ
कृषिशाखा प्रमुख,
लेटाङ नगरपालिका, मोरङ

## ३१.१. परिचय

क. धान प्रमुख खाद्यान्न बाली हो । पहाड र तराईमा यसको खेती बर्षा याममा गरिन्छ

ख. तल्लो पहाड तथा खोचको सिञ्चित क्षेत्रमा चैते धान पनि लगाउने गरिन्छ । उन्नत प्रबिधिबाट डेढदेखि दुई गुण उत्पादन बढाउन सकिन्छ ।

## ३१.२. जातहरू

| स्थान | उन्नतजात | वर्णशंकर |
|---|---|---|
| उच्च पहाड | माछापुच्छे, छोमरोङ्ग, जुम्लीमार्सी ,चन्दननाथ | सुचिकृत जातहरू |
| पहाड | खुमल -४, खुमल -६, खुमल -८, खुमल -१०, खुमल -११ | |
| तराई | राधा-४, विन्देश्वरी , हर्दिनाथ -१, सावित्री , मकवानपुर -१, सुख्खा( धान -१,२,र३ सावासव-१, स्वार्णसव -१,राम , लोकन्त्र , मिथ( ला,गरिमा,महिमा, बहुगुणी, रंजितआदि । अन्यनयाँजाँतहरू । | |

## ३१.३. वीउदर :

| जात | प्रति रोपनी | प्रति कट्ठा |
|---|---|---|
| उन्नत | २.५ के.जी . | १.७ के.जी. |
| वर्णशंकर | ७५० ग्रँम | ५०० ग्रँम |

- वीउ उपचार : वेभिष्टिन २ ग्राम प्रति के.जी. । वीउलाई २४ घण्टा पानीमा भिजाउने र ४८ घण्टा वोरामा राखी टुसाउने ।
- वीउलाई धुलो वा हिले व्याडमा छरी वेर्ना तयारी गर्ने ।

## ४ रोप्ने र वालीलिने समय :

| क्षेत्र /महिना | फा | चै | वै | जे | अ | सा | भ | आ | का | मं | पौ | मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वर्षे धान | | | | | | | | | | | | |
| उच्च पहाड | → | → | → | → | → | → | → | → | → | → | | |
| मध्य पहाड | | | | | → | → | → | → | → | → | | |
| खोंच तराई | | | | → | → | → | → | → | → | → | | |
| चैते धान | | | | | | | | | | | | |
| मध्य पहाड | → | → | → | → | → | | | | | | | ➡ |
| भित्रिमधेश , तराई | → | → | → | → | → | | | | | | | |

## वेर्नाको उमेर :

- २०-२५ दिनको वेर्ना सार्नको लागिउपयुक्त हून्छ ।
- वेर्नामा ४ पातलागेको हुनुपर्छ । **जमिनको तयारी** :
- रोपाई गर्नु भन्दा १ हप्ता अगाडी काल्ना खुर्कने , आलीलगाउने र मुसाका प्वाल टाल्ने
- गह्वामा पानी जमाएर झारपात कुहाउने । जमिनमा पानी लगाई २ पटक राम्रोसंग जोतेर हिल्याउने र पाटा लगाई सम्याउने । तयारी जमिनमा ४ देखि ५ से.मि . सम्म पानी जमाउने । **७ रोपाई गर्ने प्रविधि** :
- पंक्तिको दुरी २० से.मी . .एक वित्ता र वोटको दुरी २० से.मी . राख्ने ।

- वर्ण संकर जात ३० से.मी. लाइन र २५ से.मी . वोटको दुरीमालगाउने ।

८. रोपाई गर्ने प्रविधि :

- उन्नतजातको लागि एक ठांउमा २-३वटा वेर्ना रोप्ने ।
- वर्णशंकर जातको लागी एक ठांउमा १ वेर्ना रोप्ने । रोपाई गर्दा ३ से.मी . भन्दागहिरो गरी नरोप्ने । गहिरो रोपेमागांजहाल्नहिलो हुन्छ ।
- छरूवाविधि वाट समेत धान खेती गर्न सकिन्छ । यो विधिमावैशाख /जेष्ठ महिनामा ५ के.जी . प्रति कट्ठा वीउ छर्नु पर्ने हुन्छ । यो विधिवाट खेतीगर्दा झारपात नियन्त्रण गर्न अतिआवश्यक हुन्छ ।

## ९. मलखाद :

रासायनिकमलको परिणाम माटोको उर्वरा शक्ति, अघिल्लो वाली , कम्पोष्ट मलको परिमाण र धानको जातमा भर पर्दछ ।

## ३२. उन्नतजातको लागि सिफारिस मलखालको मात्रा :

| मलखाद | प्रति रोपनी | प्रति कट्ठा | कहिले लगाउने | कैफियत |
|---|---|---|---|---|
| कम्पोष्ट | ६०० के.जी.(२० डोको) | ४०० के.जी. | जमिनतयारी गर्दा | |
| डि. ए. पि. | ४.५ के.जी. | ३. ० के.जी. | ,,-----------,, | |
| पोटास | २.५ ,, | १.७ के.जी. | ,,-----------,, | |
| युरिया | २ .० ,, | १.३के.जी. | रोपेको २५ देखि ३० दिनमा | दोश्रौं पटक युरीयाको मात्रा रोपेको ४५ देखि ५५ दिनमा |

नोट : वर्णशंकर जातको धानलगाउदाउन्नतजातको भन्दा डेडगुणा वढिका दरले मलखादतथा रासायनिकमलको प्रयोग गर्नुपर्छ ।

सिंचाई तथा निकास :

क. वेर्ना रोपेको २० -३० दिन सम्म ४-५से.मी. खेतमापानी रहनुपर्छ ।

ख. निकासको सुविधाभए १५ दिनको फरकमा ४-५ दिनपानी काटी जमिन सुख्खा राख्दा राम्रो हुन्छ ।

## १०. झारपात नियन्त्रण :

झारपातको प्रकृति हेरी वेर्ना सारेको २५देखि ३० दिनमापहिलो र ४५-५५ दिनमा दोश्रो गोडमेल गर्ने , वा झारको प्रकोप वढि हुने ठांउमा वेर्ना सारेको ४ दिनभित्र व्युटाक्लोर दाना १ के.जी. २५०ग्राम प्रति रोपनीवा ८०० ग्रामप्रति कट्ठाका दरले सवै ठांउमा पर्ने गरी समान रूपले सवै ठांउमा पर्ने गरी समान रूपले छर्ने , वा छरूवा धानमा झार नियन्त्रण गर्न पेण्डिमेथालिन ३० प्रतिशत रासायनिक विषादी ४ एम . एल . प्रति लिटर पानीमा मिसाई १ रोपनीमा ३० लिटर (प्रति कट्ठा २० लिटर) का दरले रोपेको ३ दिनभित्र छर्ने । रोपुवा धानमा व्युटा कलोर ५० इ. सी. रासायनिका विषादी १.५ एम. एल. प्रति लिटर पानीमा २५ लिटर झोल मिसाएर प्रति रोपनी (प्रति कट्ठा १६ लिटर )मा ३ दिनभित्र छर्ने ।

वाली काट्ने /चुट्ने :

१. ८०-९०प्रतिशत दाना पाकेको वेला धान काट्दा गेडा झर्ने समस्या हुदैन ।

२. स्थानिय विधि वा थ्रेसर प्रयोग गरी चुट्ने र घाममा राम्ररी सुकाएर सफा गरी भित्र्याउने ।

उत्पादन :

१. उत्पादन जात मौषम तथा वाली व्यवस्थापन मा निर्भर गर्दछ ।

२. उन्नत जातको उत्पादन २०० के.जी. प्रति रोपनी वा १३३ के.जी. प्रति कट्ठा । वर्णशंकर जातको उत्पादन ४०० केजी प्रति रापनी वा २६६ जी प्रति कटठा ।

# ३३. डि. कम्पोजर

करण श्रेष्ठ
कृषि शाखा प्रमुख
लेटागं नगरपालिका, मोरगं

डि. कम्पोजर यो एउटा अत्याधुनिक आर्गानिक प्रविधि हो । यो वनमा चरि चराउ भएका स्थानिय जातका गाईको गोवरको बाहिरी भागमा भएको झिल्लीबाट निर्मित पदार्थ हो । गाईको गोबर मल नभएर त्यसको बाहिरी तत्वमा मात्र मलिलो पदार्थ हुन्छ भन्ने सास्वत प्रमाण भारतिय कृषि वैज्ञानिकहरूले प्रमाणित गरि यो पदार्थ प्रकाशमा ल्याईएको हो । यसलाई मल बनाउने विधि निम्न बमोजिम उल्लेख गरिएको छ । डि. कम्पोजर बनाउने उपाय निम्न छन्:

१. डि. कम्पोजरको बिउ -२ लिटर
२. सक्खर बा-भ्याली - २ के.जी.
३. पानी - २०० लिटर

(एउटा ठुलो प्लाष्टिकको ड्रममा मन तातो ३ लि. पानीमा सक्खर वा भ्याली पगालेर डि. कम्पोजरको बीउ मिसाएर ड्रममा लगाउने, यसलाई एउटा सफा लट्ठीले राम्रोसंग चलाएर सफा कपडाले माथिबाट ढाकिदिने, यसलाई दैनिक २ पटक चलाउने । यो तत्व गर्मीको समयमा पांच दिनमा र जाडोको समयमा आठ दिनमा जमिनमाप्रयोग गर्न योग्यमल बन्छ । यसको एक लिटर तत्वमा पाँच लिटर सम्म पानी मिसाएर जमिनमा वा बोट बिरूवामा स्प्रे गर्न सकिन्छ । यसलाई आर्गानिक मलको रूपमा प्रयोग गरिन्छ । यस तत्वले रासायनिक मलको प्रयोगबाट जमिनको ६ फिट भित्र सम्म लुकेर बसेका गड्यौलाहरूलाई जमिनको सतहमाथि उपस्थित गराउछ । यो नै जमिनलाई सुरक्षा दिने सितैको सिपाहीहो । हाम्रो देशमा रासायनिक मलको अत्याधिक प्रयोगले गड्यौलाहरू

रक्षात्मक रूपमा छन् । यिनीहरूको सुरक्षा नै मानबजिवनको सुरक्षाहो । डि–कम्पोजर ठूलो मात्रामा निर्माण गरेपछि वर्ष दिनसम्म सुरक्षित रहन्छ । यसलाई नविकरण गर्नु पर्दा २०० लिटरमा एक लिटर डि–कम्पोजरको बिऊ र एक के.जी. सक्खर थप गर्दा पुनःयसको म्याद अरू एक वर्षको लागि सुरक्षित गर्न सक्छ । यसलाई भारतिय कृषि वैज्ञानिकहरूले सफल अनुसन्धान र प्रयोग गरि गुजरात र सिक्किम राज्यलाई आर्घानिक राज्य घोषित गरि सकेका छन् । निकट भविष्यमा पञ्जाव, हरियाना, यु.पि. र विहारमा समेत यो अभियानलाई सफलपार्ने कोशिस भईरहेको छ । भारतिय प्रधानमन्त्रि नरेन्द्र मोदिले यसै प्रबिधिबाट आगामि सन् २०२२ सम्ममा भारतको साबिक उत्पादनलाई डबल बनाउने घोषणागरि सक्नु भएको छ ।

हामी नेपालीहरूले पनि सरकार, निजि क्षेत्र, सहकारीको संयुक्त प्रयासमा डि–कम्पोजरको सफल प्रयोगद्धारा आर्घानिक नेपाल बनाउन सक्ने बलियो सम्भावना छ । यो हामी स्वाभिमानी नेपाली कृषि ब्यवसायिहरूको जिम्मेवारीमा छ ।

## ३३.१. डि–कम्पोजरद्धारा बिउको उपचार

१ प्रतिशत वेड डि कम्पोजरको घोलमा ३ गुणा पानीथपेर कुनै पनि अन्न तरकारी आदिको बिउलाई एक घण्टा डढयाउने (भिजाउने) त्यसपछि १/२ घण्टा शितलमा फिजाउने। त्यसपछि दल अथवा ब्याड राख्न बोटविरूवामा डि–कम्पोजर प्रयोग गर्ने विधि १ लिटर डि–कम्पोजरमा ५ देखि ८ लिटर सम्म पानी थपि बालिको अवस्था अनुसार प्रयोग गर्ने । बोटविरूवा वाबालि नाली धेरै कमजोर अवस्थामा छ भने बे डि–कम्पोजर, सुक्ष्म खाद्ययतत्व, बरावर लिएर ५ देखि ८ गुणा बालिको अवस्था हेरि पानीथप गरेर बोटविरूवामा स्प्रे गर्ने।

## ३३.२. माइक्रोन्युट्रेन शुक्ष्म खाद्यतत्व निर्माण तथा प्रयोग विधि :

यसलाई निर्माण गर्ने सामानहरू यसप्रकार छन् :- :

१, डि. कम्पोजर - ५० लि. २, काँटी वाफलामका टुक्रा - २०० ग्राम

३, तामा - २०० ग्राम ४, पित्तल - २०० ग्राम ५, काँसो -१०० ग्राम

६, तोरीको फुलो - ५० ग्राम ७, तिलको फुलो - ५० ग्राम
८, रहरी १केजी ९, चना १ केजी १०, मुसुरी आधाकेजी
११, कालो दालआधाकेजीमिसाएर बेसन बनाउने, त्यसपछि डि.

कम्पोजरमा मिसाउने, यसलाई एउटा सफा लट्ठी ले घोलेर माथिबाट ढक्कन लगाउने, यसलाई दशदिन पछि एक लिटरमा १० लि. पानीथपेर कुनैपनिबोट बिरूवालाई कपडछन् गरेर स्प्रे गर्न सकिन्छ। यसले बिरूवामा भएका सबैखाले रोग नियन्त्रण गर्न सक्छ । यो एक वर्षसम्म सुरक्षित रहन्छ । यसलाई नविकरण गर्न ५० लिटर पानीका१ के जी सक्खर १ लिटर डि-कम्पोजर वाभ्यालि मिश्रण गरेपछि पुनः १ बर्ष सम्मयसको म्यादथपहुन सक्छ । यो एक पटक खरिद गरेपछि यसैबाट बिउ सुरक्षितहुने हुदा बारम्बार पैसा खर्च गर्नु पर्दैन । त्यसैले यसलाई सैसारको सस्तो र भरपर्दो प्रबिधिभनेर भारतिय कृषि वैज्ञानिकहरूले प्रमाणित गरेका छन् । एउटा कुनै पनि बालीचक्रमा ३ पटक प्रयोग गरेमा रासायनिकबाकम्पोष्ट मलको आवश्यकता नपर्ने प्रमाणित भई सकेको छ ।

यो प्रविधिवाट वन जंगलमा भएका अनावश्यक गंधेलहरा वटेनहरूलाई काटछाट गरी आर्गानिकमल र वान्सपतिविषादी को रूपमाप्रयोग गर्न सकिन्छ । कृषिवातावरण र वनकोलागि यो अति नै उपयोगि छ ।

## ३३.३. सुक्ष्म खाद्ययतत्व प्रयोग विधि

सुक्ष्म खाद्ययतत्व १४ किसिमको बोटविरूवाको लागिआवश्यक पर्ने तत्वहो । यसलाई टाइक्रोडामा, ढुसी नाशक विषादी ( डाइथिम एण्ड ४५) को सट्टा मापनिप्रयोग गर्न सकिन्छ । धुम्मदिन भएमा वा पानी परेम ात्यसको भोलि पल्ट नै ढुसीनाशक विषादीको ठाँउमा वनस्पतिविषादी डि-कम्पोजरसंग घोल बनाएर ५ देखि १० गुणा सम्म पानी थप गरेर प्रयोग गर्दा अति प्रभावकारी भएको छ । अहिले सम्मको तथ्याङक अनुसार यो प्रविधि रासायनिक मल, रासायनिक विषादीसंग राम्ररी प्रतिस्पर्धा गर्न सक्ने भारतिय कृषि बैज्ञानिकहरूले प्रमाणित गरि सकेका छन् । यस विषयमा बढी जानकारीका लागि वे डि-कम्पोजर गाजिया बाट

भारत अष्अिप गरेर नेट हेर्न सकिन्छ ।

## ३३.४. किटनिरोधक वानस्पतिक बिषादी

डि. कम्पोजर ५० लि . पशु वस्तुले नखाने जातका झारपातहरू निम, करबिर, असुरो, धतुरो, बोझो आदिलाई कुटेर डि. कम्पोजरको ड्रममा लगाउने दशदिनमा सबै झारपात संग भएको तत्व डि. कम्पोजरमा सर्छ ।त्यसपछि कपडछान गरेर सफा ड्रममा सुरक्षित गरेर राख्ने, यो प्रति लिटर पानीमा मिश्रण गरि बोट बिरूवा तथा वालिबिरूवामा प्रयोग गर्न सकिन्छ ।यसले सबै खाले किराहरू सहज रूपमा नियन्त्रण गर्न सकिन्छ ।यो एक वर्ष सम्म सुरक्षित रहन्छ ।

## ३३.५. वनस्पति विषादीको प्रयोग

इको सिस्टममा हानी नपुऱ्याउने गरी यो विषादीको निर्माण गरिएको छ । यस लाई प्रयोग गर्दा मानव, पशुबस्तु लाई कुनै किसिमको प्रतिकुल प्रभाव पर्दैन ।त्यसैले अहिले प्रयोग गरेको विषादी २ घण्टा पछाडी राम्रो संग पखालेर खान सकिन्छ ।वनस्पतिविषादीप्रयोग गर्दा वा सुक्ष्म खाद्ययतत्व वे डि-कम्पोजर समेत बालिनालीमाप्रयोग गर्नु पर्दा बिहान बेलुकाको समयमागर्नु पर्छ ।आर्घानिकतत्वमाभएका जिवाणुहरूले सुर्यको ताप मन पराउदैनन ।यस विषयमा धेरै चनाखो भएर प्रयोग गर्न आवश्यक छ ।

माछा पोखरी, चिया बगान अन्न तरकारी फलफुल खेती, कुखुरा तथा पशुपालन, दुर्गन्ध ब्यवस्थापन, वायो ग्यास व्यवस्थापन हस्पिटलहरूमा सरसफाई आदि कार्यमा भारतिय कृषि वैज्ञानिकहरूले सफलता साथ प्रयोग गरिरहेको कुरा माथिको नेटबाट हेर्नु हुनेछ ।अमेरीकाको मेरील्याण्ड पेन्सिल भेनिया र न्य जर्सि र वासिनटनविसी समेतका ७ राज्यमा वे डिकम्पोजर जस्तै टेक्नोलोजी प्रयोग गरेर अर्गानिकमल वनाएर प्रयोग गरेको देखियो त्याहाका मकैवालीमा ३देखी४ घोगालागेको पाईयो हामिले पनियसलाई फलोअप गर्न पर्छ ।अनि मात्र देशमा

सवृद्धी भित्रिन सक्छ ।

# ३४.बेमौसमी गोल भेडा खेती

तल्लो तथा मध्यपहाडमा वैशाखदेखि भदौसम्म वेर्ना रोपी मध्य असार देखि मध्ये मंसीरसम्म गोलभँडा फलाउन सकिन्छ । यति वेला निस्कने गोलभँडाले बजारमा राम्रो भाउ पाउँदछ र यसलाई वेमौसमी गोलभँडा खेति भनिन्छ ।

गोलभँडा बालीले बढी जाडो र बडी गर्मी दुवै सहन सक्दैन । त्यसैलो तराई, भित्रिमधेस र तल्लो पहाडी क्षेत्र (६०० मिटर भन्दा तल) बढी गर्मी हुने भएकोले वर्षायाममा गोलभँडा खेतिगर्न सकिदैन । त्यस्तै, उच्च पहाडी क्षेत्रमा (२०० मिटरभन्दामाथि) राती बढी चिसो हुने हुँदा गोलभँडा वालीले राम्रो उत्पादन दिन सक्दैन् ।

मध्यपहाडी क्षेत्र (८००-१६००) मा असार देखि मंसीर सम्म बढी जाडो वा बढी गर्मी नहुने हुँदा गोल भँडाको सफल खेतीगर्न सकिन्छ ।

## ३४.१. सफलवर्षे गोलभँडा खेतीका लागि ध्यान दिनु पर्ने मुख्य कुराहरू

क. डढुवा रोग तथा ओइले रोग सहनसक्ने जातहरू छान्नुपर्छ । जस्तै एच.आर. डी.-१, एच.आर. डी.-७, एच.आर. डी.-१७, सिर्जना आदि । गोलभँडा खेति गर्ने ठाँउ विहान देखि बेलुकासम्म घाम लाग्ने वा पारिलो हुनुपर्छ ।

ख. पानी नजम्ने, पानीको निकासको राम्रो व्यवस्था भएको र बलौटे दोमट माटो भएको बारी जग्गामा मात्र गोलभँडा लगाउनुपर्दछ । बेर्ना ड्याङ्गमा सार्नुपर्दछ ।

ग. आलु, गोलभँडा, भण्टा, खुर्सानी आदि वाली डेढ दुई वर्ष सम्म नलगाएको बारी हुनुपर्दछ

## ३४.२. गोलभैँडा खेतिको लागि प्लाष्टिक घर

मध्ये पहाडी क्षेत्रमा वर्षायाममा गोलभैँडा बालीलाई चाहिने तापक्रम प्राप्त हुने तर बढी वर्षात्बाट बचाउन को लागि प्लाष्टिक घरको निर्माण गर्नु आवश्यक हुन्छ । प्लाष्टिकको छानो मात्र दिनु पर्ने ठाँउमा पूर्ण गुमोजभित्र गोलभैँडा रोपेमा त्यस्तो गुमोजभित्र तापक्रम ज्यादै बढ्न जान्छ र तापक्रम बढी हुँदा गोलभँडामा फूल कम लाग्ने र फूलहरूमा फल ज्यादै कम लाग्ने हुँदा बालीबाट राम्रो उत्पादन लिन सकिँदैन । अर्कोतर्फ त्यस्तो गुमोजभित्र सामेक्षिक आर्द्रता पनि ज्यादै बढी हुन जान्छ जसले गर्दा डढुवा, पाउडरी मिल्ड्यु आदि रोगहरू उपयुक्त बाताबरण बन्छ र बालीहरूलाई ती रोगहरूबाट बचाउन मुस्किल पर्छ ।

प्लाष्टिक घरका किसिम

क. धुरी नकाटिएको प्लाष्टिक घर

ख. भेन्टिलेसनयुक्त वा धुरी काटिएको घर, प्लाष्टिक घरको साइज हावा पानि अर्थात गर्मीपनाको आधारमा प्लाष्टिक धरको उचाई फरक फरक बनाउनुपर्दछ ।

**भौगोलिक क्षेत्र अर्थात ठाँउको उचाइको आधारमा प्लाष्टिक घरको उचाई**

| भौगोलिक क्षेत्र | ठाँउको उचाई(मिटर) | धुरी खाँवाको लम्वाई (मिं) | बँलेसी खाँवाको लम्लाई (मि.) |
|---|---|---|---|
| बैंसी वातल्लो पहाड | ७००-१००० | ३.६ | २.६ |
| मध्य पहाड क्षेत्र | १०००-१६०० | ३ | २ |
| उच्च पहाड क्षेत्र | १६००-२००० | २.५ | १.६ |

प्लाष्टिक घरको लम्वाई छोटोमा १० मिटर देखि लामोमा २१ मिटरसम्म बनाउँदा ठीकै हुन्छ ।

प्लाष्टिक घरलाई लामो समयसम्म टिकाउ बनाउन आवश्यक केही कामहरू

क. धुरी र बलेसीखाँवाका माटोमुनि गाडिने भागलाई धमिरा र चिसोबाट बचाउनकरिब १ मिटरसम्म अलकत्रालगाउने वा प्लाष्टिक बेरेर खाँवा गाड्ने
ख. वाँस काट्दा सकेसम्म कृष्ण पक्ष (अँधरीरा भएको समय )मा काट्ने र बाँसमापानी नचढ्दै असोज देखि माघ महिनाभित्र काटिसक्ने, जसले गर्दा धुलियालाग्ने सम्भावनाकम हुन्छ । यदि बेमौसममावाँस काट्न पर्ने स्थिति भएमा बाँसका खाँवा र साटामा मट्टितेल वा कडा खालका किटनासक विषादी छर्ने र ८-१० दिनसम्म जुटको वोराले चिसो हुने गरि छोपीदिने
ग. छाना लगाउने भाटा ३० सेमी को फरकमा राख्ने ।

## ३४.३. वर्षायाममा खेति गर्न सकिने केहीजातहरू

क. सानाथामभ्फौलाफलदिने जातःएच. आर. डी.-१, ग्रेस्को-१, लप्सी गेडे
ख. मभ्फौलाफलदिने जातःबारी-४, बारी-५, एच.आर.डी.-७, सिर्जना, विशेष, एन-१६२
ग. ठुलो फल दिने जातः थेप्स-१, थेम्स-२, थेम्स-१६, मनिषा, स्नेहलता आदि
घ. यी जातहरू मध्ये ग्रेस्को, सिर्जना, विशेष आदि जातहरूले प्लाष्टिकको छानोविना खुला आकाशमुनि नै राम्रो उत्पादन दिइरहेका छन् । त्यसैले यी जातहरूलाई प्लाष्टिकको छानोको खासै जरूरत पर्दैन ।

## ३४.४. नर्सरीमा स्वस्थ बेर्ना उत्पादन

१. वीउ जमाउने समयः आवश्यकता अनुसार बेशाख देखि साउनसम्ममा वीउ जमाउने,
२. नर्सरीका लागि मलिलो र सकभर नयाँ ठाँउ छान्ने,
३. पहाड, कान्ला, रूख वा घरगोठको छाँया नपर्ने पारिलो ठाँउ छान्ने,
४. नर्सरीमा बेर्ना बाक्लो हुने गरि बीउ जमाउनु हुदैन । त्यसैले नर्सरीमा एक हार देखि अर्को हारको फरक करिव ६ अङगुल (१० से. मी.) र हारमा एक वीउ देखि अर्को वीउको फरक २, ३ अङ्गुल (४ से.मी.) को फरक पर्ने गरि वीउ जमाउने,

५. नसर्री व्याड कम्तिमा एक कुरेत (१५सेमी) र सम्भव भएसम्म ३० सेमी अग्लो वनाउने र नर्सरी माथि करिव एक डेढ मिटर अग्लो हुने गरी प्लाष्टिकको छानो दिने । वीउ जमाएको १५-२० दिनमा बेर्ना सार्न लायक हुन्छ ।

## ३४.५. बेर्ना सार्ने

१. बेर्नाको उमेर १५-२० दिनको भएपछि अथवा बेर्नामा ४-५ वटा पात आएपछि बेर्ना सार्नुपर्दछ । बेर्ना उखेल्नु भन्दा १, २ घण्टा अगाडि व्याडमा प्रशस्त पानी दिनुपर्छ र बेर्नाको जरा नचुडिंलिकन उखेल्नुपर्दछ ।

२. बेर्ना बेलुका पख (२ बजेपछि) मात्र उखेल्ने र सार्ने गर्नुपर्दछ ।

३. बेर्ना सार्दा व्याडमा बेर्नाको जति भाग माटोले पुरिएको थियो, त्यति नै भाग मात्र माटोले पुर्नुपर्दछ ।

४. बेर्ना सारेपछि पराल, छ्वाली, वा मसिना सुकेको घाँसपात आदिको छापोदिनुपर्दछ । छापो दिईसकेपछि जरामा मात्र पर्ने गरि पानी दिनुपर्दछ ।

५. बैशाख वा जेठको मध्यसम्ममा बेर्ना सार्ने हो भने ड्याङ नउठाइकन बेनौ सार्दा राम्रो हुन्छ र पछि बर्षात्को समयमा वा असारमा विरूवालाई उकेरा लगाउनुपर्दछ ।


६. असार-साउनमा वेर्ना सार्ने हो भने मल राखिएको कुलेसोलाई माटोले छोप्दा एक कुरेत अग्लो ड्याङ् बनाउनुपर्दछ र त्यस ड्याङ्मा बेर्ना सार्नुपर्दछ । यसरी ड्याङ् बनाएन भने वर्षाको बेला विरूवाका जरा वरिपरि चिस्यान बढ्छ र रोगको समस्या बढ्न सक्छ ।

## ३४.६. विरूवा सार्ने दुरी

विरूवा लगाउँदा धेरै बाक्लो नहुने र धेरै पातलो नहुने गरि ठिक्कको दुरीमा सार्नुपर्दछ, जुन निम्नानुसार छ । हार देखि हारको दुरी - ६० से. मी. (हिंड्न नमिल्ने बन्द हार)

क. हार देखि हारको दुरी- ९० से. मी. (हिंड्न मिल्ने बन्द हार)

ख. विरूवा देखि विरूवाको दुरी- ४०-६० से.मी.




## ३४.७. बेर्ना सार्नु अघि:

१. गोठेमल ३ किलो, डी. ए. पी. १० ग्राम र पोटास ६ ग्राम प्रति बोट पर्ने गरि राख्ने

२. पाउन सकेमा वायोजाइम, जि, बोरेक्स १-१ किलो प्रति रोपनीको दरले राख्ने

३. पिना ५० ग्राम प्रतिबोटका दरले राख्ने

४. बेर्ना सार्नका लागि कुलेसो बनाईसकेपछि माथि भनिएका सबै मलखादहरू कुलेसोमा हाली माटोमा मिलाउने र बेर्ना सार्ने गर्नुपर्छ । अथवा कुलेसो नवनाइकन बेर्ना सार्नको लागि खाडलहरू बनाउन सकिन्छ र बेर्ना सार्नको लागि खनिएको हरेक खाल्डोमो मल राख्नुपर्दछ ।

## ३४.८. पुन: मलखाद दिने (टप ड्रेसिङ्ग)

बेर्ना सारेको २० देखि २५ दिनमा पहिलोपटक तल दिइएको मात्रा

अनुसार पुनः मल दिनुपर्छ । डि. ए. पी. -१० ग्राम प्रति बोट
पोटास -१० ग्राम प्रति बोट
बोरेक्स -१ किलो प्रति बोट

पशुमुत्र बाहेक माथि दिइएको मलखादहरू ड्याङ्को एक साइडमा करिव एक कुरेत जति गहिरो कुलेसो खनी त्यसमा सबै मल हाली माटोले छोपिदिनुपर्छ । विरूवा सारेको ४०-४५ दिनपछि फेरि दोस्रोपटक सोही मात्रामा मलखाद दोहोर्‍याउनुपर्दछ । यसरी दोस्रोपटक मल हाल्दा पहिले राखेको साइडतर्फ नराखि अर्को साइडतर्फ राख्नु राम्रो हुन्छ । यसरी गर्दा हरेक विरूवाका सवै जराहरूको विकास समानरूपले हुन पाउँछ र उत्पादन पनि राम्रो हुन्छ ।

टप ड्रेसिङ्गका लागि पशुमूत्र प्रयोग गर्न सकिन्छ भने माथि उल्लेख गरिएका रासायनिक मल प्रयोग गर्नुपर्दैन । पशुमुत्र प्रयोग गर्ने हो भने गोलभँडा सारेको २०, २५ दिन देखि प्रयोग गर्न सुरू गरि हरेक १०, १२ दिनको अन्तरालमा प्रयोग गर्दै जानुपर्छ । यसरी प्रयोग गर्दा प्रत्येक पटक करिव ५० मिलिलिटर पशु मुत्र २०० मिलिलिटर पानीमा मिसाई प्रतिबोटका दरले राख्नुपर्दछ । अर्थात् करिव १ भाग मूत्रमा ४ भाग पानी मिलाएर बनाएको झोल करिव २५० मिलिलिटर प्रति बोटको दरले प्रयोग गर्दै जानुपर्दछ ।

उपलब्ध हुन सकेमा विभिन्न सुक्ष्म खाद्यतत्वहरू र हर्मोन पनि प्रयोग गर्नु राम्रो हुन्छ । प्रयोगमा आएका त्यस्ता सुक्ष्म खाद्यतत्वहरूमा मल्टिप्लेक्स, जिनोप्लेक्स, एग्रोमिन आदि छन् भने हर्मोनमा मिराकुलन आदि छन् ।

मल्टिप्लेक्स वा जिनोप्लेक्स वा एन्जो वा एग्रोमीन जस्ता सुक्ष्म खाद्यतत्वहरूको प्रयोगले विरूवालाई कुनै पनि तत्वको कमि हुन दिदैन र विरूवा स्वस्थ्य भई उत्पादन बृद्धि हुन्छ ।

गोठेमल/कम्पोष्ट मल लगायतका प्राङ्गारिक मल र पशुमुत्र प्रयोग गर्ने हो भने रासयानिक मल प्रयोग गर्नु जरूरत पर्दैन । त्यसका लागि राम्ररी पाकेको गोठमल ४ किलो प्रति बोटको दरले गोलभँडा सार्ने बेलामा प्रयोग गर्नुपर्छ र एक

पटकमा करिव ५० मिलिलिटर पशुमुत्र २०० मिलीलिटर पानीमा मिलाई बनाएको झोल प्रति बोटका दरले १०, १२ दिनको अन्टरालमा प्रंयोग गर्दै जानुपर्छ । त्यसरी १०,१२ पटकसम्म प्रयो गर्दा प्रति बोट करिव आधा लिटर पशुमूत्र र दुई लिटर पानी लाग्दछ ।

## ३४.९. फल लाग्ने समय, पाक्ने समय र टिप्ने समय

मोटामोटी रूपमा तल्लो तथा मध्य पहाडी क्षेत्रमा बैशाख देखि असार भित्र रोपिएको गोलभैंडा बेर्ना सारेको २५ देखि ३० दिनमा फुल फुल्न थाल्दछ र फूल खेल्न थालैको ३५ देखि ४० देखि पहिलोपटक फल टिप्न लायक हुन्छ । फल टिप्दा घाम लागेको र शीत नभएको ओभानो बेला पारी टिप्नुपर्दछ ।

कत्तिको पाकेको टिप्नुपर्छ भन्नै कुरा सो फल कति टाढा पुर्‍याउने हो वा कति दिनभित्र प्रयोग गरि सक्ने हो भन्ने कुरामा भर पर्दछ ।

तर फल टिप्दै गएपछि नयाँ फूल फूल्ने र फल पनि बढी लाग्ने हुँदा फल अलिअलि रातो पहैंलो भएको अवस्थामा टिपेर १, २ दिन ओभाने स्थानमा राख्नुपर्दछ । वर्षे गोलभैंडा

गोलभैंडामा लाग्ने रोगहरू र तिनका व्यवस्थापन

१. डढुवा रोग यो रोग ढुसीद्धारा लाग्दछ र यो गोलभैंडा बालीको सवभन्दा हानिकारक रोग हो ।

लक्षण

यो रोगलाग्दा सुरूसुरूमा गोलभैंडाको पातमा पानीको थोपाले कपडा भिजेको जस्ता स-साना थोप्लाहरू देखिन्छन् । यी थोप्लाहरू पछि गएर खैरा र काला रंगमा बदलिन्छन् । यी थोप्लाहरू विस्तारै पूरा पातहरू फैलिएर जान्छन् र पातहरू डढ्न थाल्छन् । क्रमशः रोगका लक्षणहरू डाँढ र गोलभैंडाका दानामा समेत देखापर्छन् । रोग छिप्पिदै जाँदा पूरै पातहरू डढेर जानुका साथै बाटसमेत मरेर जान्छ । हावामा ज्यादै बढी आर्द्रता र न्यानो मौसम भएमा अर्थात

सिमसिमपानी पर्ने अलिअलि घाम लाग्ने फेरि सिमसिमपानी पर्ने मौसम भएमा यो रोग निकै छिटो फैलिन्छ ।

### ३४.१०. व्यवस्थापन

१. डढुवा रोग तथा ओइले रोग सहन सक्ने जातहरू छान्नुपर्छ । जस्तै एच.आर. डी.-१, एच.आर. डी.-७, एच.आर. डी.-१७, सिर्जना आदि । गोलभैँडा खेति गर्ने ठाँउ विहान देखि बेलुकासम्म घाम लाग्ने वा पारिलो हुनुपर्छ ।

२. पानी नजम्ने, पानीको निकासको राम्रो व्यवस्था भएको र बलौटे दोमट माटो भएको बारी जग्गामा मात्र गोलभैँडा लगाउनुपर्दछ । बेर्ना ड्याङ्गमा सार्नुपर्दछ ।

३. आलु, गोलभैँडा, भण्टा, खुर्सानी आदि वाली डेढ दुई वर्ष सम्म नलगाएको बारी हुनुपर्दछ

४. छापोको व्यवस्था गर्ने

५. रोगको प्रकोप बढ्ने सम्भावना भएमा इन्डोफिल एम ४५ र रोग लाग्न सुरू भइसकेपछि मेटाल्याक्सिल ८ प्रतिशत र म्यानकाजेव ६४ प्रतिशत भएको धुलो २ ग्राम प्रति लिटर पानीमा मिसाई ८ १० फरकमा छर्ने

# ३५. अमेरीकन फौजी किराको परिचय

१. अमेरीकन फौजीकीरा मकैवालीमा लाग्ने पुतली समूह अन्तर्गत पर्ने रात्रीचर कीरा हो। यस कीराको लार्भा अवस्थाले मकै लगायत विभन्न ८० प्रकारका वालीनालीमा नोक्सानी पुर्याउने गरेको तथ्य पाइन्छ।

२. मुख्यतया मकै मन पराउने यस कीराले मकै नपाएको अवस्थामा जुनेलो,धान,गहुँ,कोदो,उखु तथा घाँसेवालीहरु र तरकारी वालीमा समेत व्यापक

रुपमा क्षति पुर्याउने गर्दछ।

३. यो कीरा छिटो तथा आक्रामक तवरले ठुलो क्षेत्रमा फैलन सक्दछ । उपयुक्त खाना तथा वासस्थानको खोजीमा यो कीराको वयस्क पुतली एक रातमा १०० किलोमिटर टाढा सम्म पनि उडेर जान सक्दछ।

४. त्यसैले, नेपालमा यो कीराको प्रवेश भएमा एक देखि दुई हप्तासम्मको अवधिमा पुरै नेपाल ढाक्न सक्दछ । तर उत्तरी क्षेत्रतिर चिसो हावापानी हुने भएकोले यसको प्रकोप कम हुने र तराई तथा टार बेसीहरुमा तापक्रम बढी हुने हुँदा यसको प्रकोप बढी हुने देखिन्छ ।

५. हिउँदमा भन्दा वर्षादमा यो कीराको असर बढी हुन जाने सम्भावना देखिन्छ ।

## ३५.१. क्षतीको लक्ष्माण

१. यस कीराको लार्भा अवस्थाले मकैको पात,गुभो,जुगां तथा घोगामा समेत क्षति पुर्याउदछ।भरखरै फुलवाट निस्केका साना लार्भाहरुले पातको तल्लो सतहवाट हरीयो भाग खाएर झिल्ली मात्र वाकी राख्द्छ जसले गर्दा पातमा लाम्चा प्वालहरु देखा पर्दछ।

२. यो कीराले मकैका पातहरुमा सियोको प्वालजत्रो धेरै प्वाल पारी मकैको पात छियाछिया बनाएको हुन्छ र हरियो भाग खुर्केर खानाले पातमा यसले खाएको ठाउँहरुमा झ्यालको सिसाजस्तै आकृति देखिन्छ

३. लार्भाको आकारमा वृद्धि हुदै जाँदा पछि मकै बोटको वृद्धिसँगै मकैको डाँठ, घोगामा प्वाल बनाएर र धानचमरा खाएर क्षति पु-याउँछ ।

४. तर त्यतिखेरसम्म यसको नियन्त्रण गर्न कठिन भइसकेको हुन्छ । यो निरीक्षण कार्य नियमित रुपमा मकै बाली हाम्रो कुमसम्मको उचाई वा प्रजनन अवस्थामा नपुगुन्जेलसम्म गर्नुपर्दछ ।

## ३५.२. किराको पहिचान तथा जीवनचक्र

१. वयस्क पुतली १.६ से.मी लामो र खरानी मिश्रीत खैरो रङ्गको हुन्छ।

२. भाले पुतलीको अघिल्लो पखेटाको टुप्पोतिर ठुलो सेतो धव्वा हुन्छ भने वीचतीर अण्डाकार हल्का खैरो रङ्गको धव्वा देखिन्छ तर पोथी पुतलीमा यस्ता धव्वाहरु देखिदैन।

३. पोथी पुतलीले मकैको पातको फेद र डाँठ जोडिएको तल्लो भागको सतहमा झुण्डमा फुल पार्दछ।

४. एक समूहमा १००-२०० फुल हुन्छ र अण्डा पारिसकेपछि अण्डाको सुरक्षाको लागि पोथी माउले आफ्नो पेटले हल्का दलेर पुरै अण्डालाई कत्ला वा भुत्लाले ढाकिदिन्छ ।

५. एक पोथी पुतलीले आफ्नो जीवनमा १००० भन्दा वढि फुल पार्दछ।

६. फुल वाट २-५ दिनमा लार्भा निस्कन्छ र पातको हरियो भाग खान्छन र विस्तारै शरीरवाट निस्केको रेशमी धागोको सहायतावाट अरु पात वा विरुवामा सर्दछ।

## ३५.३. किराको पहिचान

१. यस कीराको लार्भा सुरुको अवस्थामा हल्का हरियो रङ्गको हुन्छ भने टाउको कालो हुन्छ।

२. हुर्किदै जादा पछिल्लो अवस्थामा लार्भाको शरिर खैरो रङ्गको र टाउको गाढा खैरो रङ्गको हुन्छ।

३. लार्भाको टाउकोमा अंग्रेजी अक्षरको Y आकारको सेतो रङ्गको धर्का हुन्छ।लार्भाको अन्तिम खण्डमा ठुला काला रङ्गको चारवटा थोप्लाहरु वर्गाकार रुपमा देखिन्छ।र लार्भाको शरीरको माथिल्लो भागमा तीनवटा पहेलो रंगका धर्काहरु टाउको पछाडी देखी अन्तिम भागसम्म समानन्तर रुपमा रहेको प्रष्ट देखिन्छ।

४. यसको लार्भा अवस्था ६ वटा चरणमा पुरा हुन्छ र मकै तथा अन्य वालीमा क्षति गर्ने लार्भा अवस्थानैहो।पांचौ र छैटौ अवस्थाका लार्भा वढि खन्चुवा हुन्छ।

५. लार्भा रातको समयमा वढी सकृय हुन्छ र उज्यालो समयमा अध्यारो स्थानतिर (माटो मुनी वा मकैको गुभोमा) लुकेर वसेको हुन्छ।

६. लार्भाले एक अर्का लाई खाने हुनाले केही दिन पछि एक वोटमा १-२ लार्भा मात्र निस्कन्छ।लार्भा को लागि २०-३०० से. तापक्रम उपयुक्त हुन्छ।

## ३५.४. किराको व्यावस्थापन

- कीरा लाग्न नदिन अपनाउन सकिने उपायहरु

१. मकै रोप्ने समयमा परिवर्तन गर्नेः वीउ छर्ने समयको हेरफेर गरी अघौटे वा पछौटे मकै बालीका जातहरु लगाएर कीराको उच्च घनत्व हुने समय छल्न सकिन्छ । तर एकै खेतमा विभिन्न समयमा मकै रोप्ने कार्य गर्दा कीरालाई निरन्तर लामो समयसम्म खाना उपलव्ध हुने भएकोले यस्ता कार्य भने कदापी गर्नु हुँदैन ।
२. एउटा क्षेत्रमा सम्भव भएसम्म एकै पटक विउ छर्नेः यसो गर्नाले वालीचक्र वमोजिम कीराले नियमित आश्रय नपाउने भएकोले क्षति कम हुन्छ।
३. मिश्रीत खेती पद्धति अपनाउनेः यसो गर्नाले कीराको प्राकृतिक शत्रुहरुको संख्या बढ्नुका साथै कीराको फैलावटमा बाधा हुन्छ।
४. पासो बाली ०मकैबालीको वरिपरी नेपियर घाँस र बालीको वीच(वीचमा अन्तर बालीको रुपमा डेस्मोडियम घाँस लगाउने। डेस्मोडियम बाट उत्पादन हुने **ख्यबितर्षभिक** ले कीरालाई विकर्षण गर्दछ। नेपियर घाँसले मिचाहा फौजी कीरालाई आकर्षण गर्दछ र आकर्षित भएका कीराहरुलाई विषादी प्रयोग गरी नस्ट गर्ने।
५. सन्तुलित मात्रामा मात्र रसायनिक मलको प्रयोग गर्नेः खास गरी नाईट्रोजनयुक्त रसायनिक मल बढी मात्रामा प्रयोग गर्नाले विरुवाको वानस्पतिक विकास बढी हुने र कीरालाई विरुवामा क्षति पुर्याउन सजिलो हुने भएकोले सन्तुलित मात्रामा रसायनिक मलको प्रयोग गर्ने ।

- बालीको नियमित अनुगमन (Monitoring):

मकै बाली हाम्रो कुमको उचाई पुग्नु भन्दा अगाडि नै कीराको नियन्त्रण गरिसक्नु पर्दछ । यदि मकै बाली धानचमरा वा जुँगा निस्केर घोगा लाग्न थालेपछि लार्भाहरु मकैको घोगामा प्वाल पारी घोगाभित्र परेर क्षति पार्न थालिसकेको हुन्छ र यो अवस्थामा तिनीहरुको नियन्त्रण गर्न असम्भव नै हुन्छ । त्यसकारण, मकै उम्रन थालेदेखि नै बाली निरीक्षण गर्न शुरु गरी यसले गरेको क्षतिको संकेत जाँच गरी कीरा नियन्त्रण गर्नुपर्दछ ।

१. बालीले ढाकेको क्षेत्रमा ु ध् वा ु ः आकारमा कम्तिमा छठाउँमा नमूनाको रुपमा प्रत्येक ठाउँबाट ण्ज्ञ(ण्ज्ञवटा बोटमा कीराको फैलावटको अवस्था जाँच गर्ने र रेकर्ड राख्ने।
२. कीराको क्षतिको अवस्था हेरी सकेसम्म छिटो भन्दा छिटो व्यवस्थापनका उपायहरु

छनौट गर्ने।

- व्यवस्थापन (Management):
- भौतिक तथा यान्त्रिक तरिका(Physical & Mechanical Method):

१. खेतबारीको नियमित अवलोकन गरी यस कीराका फुल, लार्भा भेटिएमा किचेर वा तातो पानीमा डुवाएर मार्ने।

२. फनेल ट्र्यापको प्रयोग गर्ने: यस ट्र्यापमा फल आर्मिवर्म ल्यूर राखेर १ हेक्टर क्षेत्रफलमा १० वटाका दरले मकै उम्रेको 5 दिन पछि मोहीनी पासोको रुपमा प्रयोग गर्ने। यस किसीमको पासोको प्रयोगबाट ठूलो संख्यामा भाले पुतलीहरु आकर्षण गरी नष्ट गर्न सकिन्छ।

- जैविक तरिका (Biological Method):

१. ट्राइकोग्रामा चिलोनिस वा टेलिनोमस स्पेसिस 1 हप्तामा 3 पटक प्रति हेक्टर 10000० का दरले छोड्ने।यो परजीवीहरुले यो कीराको अण्डामा फुल पारेर खतरनाक कीरा नियन्त्रणमा काम गर्ने भएकोले यी परजीवीहरुको पनि प्रयोग गर्न सकिन्छ ।

२. NPV/Beauveria bassiana/Baccilus thuringiensisजस्ता शुक्ष्म जैविक विषादीहरुको प्रयोग गर्ने।

३. पतेरो, बारुला, कमिला, चरा र चमर्रोआदिले पनि यो कीराको नियन्त्रणमा मद्धत पुर्याउँछ । त्यसैले, यस्ता कीराहरुलाई संरक्षण पनि गर्न सक्नुपर्दछ।

४. विरुवा उम्रेको 10 दिन पछि निमयुक्त विषादी Azadiractine 0.03% EC,३-5 मिलिलिटर प्रति लिटर पानीमा घोलेर 10-12 दिनको फरकमा पुनः प्रयोग गर्ने।

- रसायनिक तरिका (Chemical Method):

१. कीराको क्षति देखिनासाथ तल उल्लेखित विषादीहरु मकैको वोट पुरै (पात, डाठ र गुभो) भिज्ने गरी स्प्रे गर्ने।

२. एमामेक्टीन बेन्जोएट 5%SG 0.5 ग्राम प्रति लिटर पानीका दरले स्प्रे गर्ने।

३. स्पिनोसाड 45% SC १ मिलिलिटर प्रति 3 लिटर पानीका दरले स्प्रे गर्ने।

४. क्लोरान्ट्रानिलिप्रोल 18.5% SC,१ मिलिलिटर प्रति 3 लिटर पानीका दरले घोलेर बोट पुरै भिज्ने गरी स्प्रे गर्ने।

५. कीरामा विष पचाउन सक्ने क्षमताको विकास हुन नदिन एउटा विषादी एक-दुई पटक स्प्रे गरेपछि अर्को पटक पुनः स्प्रे गर्नुपर्ने भएमा सम्भव भएसम्म सोही विषादी स्प्रे नगर्ने (अर्को विषादी स्प्रे गर्ने)। विषादी प्रयोग गर्दा विहानीपख अथवा साँझपख स्प्रे गर्दा बढी प्रभावकारी हुन्छ।

## ३६. कृषि क्षेत्रको इतिहास देखी हाल सम्मको अवस्था र विकासका आधारहरूः


करण श्रेष्ठ
(कृषि शाखा प्रमुख)
लेटाङ नगरपालिका मोरङ


आज भन्दा करीव साडे चार अर्व बर्ष पहिले यो पृथ्वीको उत्पती भएको मानिन्छ । सुर्य बाट उच्छिछट्टिएर बनेको यस ग्रहलाई सेलाएर जिव बस्न योग्य बन्न अरबौ बर्ष लागेको थियो ।यस धर्तीमा सर्व प्रथम एक कोषिय जिवको उत्पति भयो एक कोषिय जिवहरु उत्पती भएको लामो कालखण्ड पछी बहुकोषिय जिवहरुको उत्पती भएको थियो ।आज भन्दा करिव चालिस करोड बर्ष पहिले मुगाको उत्पती भएको मानिन्छ त्यस्तै आज भन्दा करिव बत्तीस करोड बर्ष पहिले माछाको उत्पती भयो संभवत ससांरमा पहिलो रक्तको उत्पती पनी यही समयमा भएको मानिन्छ । करिव उन्नाईस करोड बर्ष पहिले सरिसृप तथा उभयचर गोही, कछुवा जस्ता जल तथा स्थल प्राणिहरु को उत्पती भयो यहि समयमा पंक्षीको पनी उत्पती भएको मानिन्छ सुरुमा पक्षींहरु दाँत भएका थिए भने पछी बिस्तारै सुद्ध पंक्षी तथा स्थानपायीको रुपमा विकास भए, यो आज भन्दा करिव सात करोड बर्ष पहिले देखी भएको मनिन्छ, आज भन्दा करिव सोह्र करोड बर्ष पहिले स्थनपायी प्राणीको उत्पती भएको मानिन्छ । लामो कालखण्ड पछी करिव तिन करोड बर्ष पहिला देखी आजका मानवका पुर्खा मानिने पुच्छर भएका र नभएका बानरहरु देखा पर्न थाले यि मध्य आजका बानर

जातीहरु पुच्छर नभएका बानरको समूहमा पर्दछन। लगभग दुई करोड बर्ष अगाडी आजका मानिसका निकट मानिने ओरङ्गटन, चिम्पान्जी, गुरिल्ला जातका नरमानवहरु देखा परेको तथ्य भेटिन्छन।चाल्स डार्विन ले बानर जाती बाट नै आजका मानवको विकास भएको तर्क राखेका छन।

## ३६.१. ढुङ्गे युगकालिन समाज:

ईसा पुर्व तिस लाख बर्ष देखी ईसा पुर्व दश हजार बर्ष सम्मको समाजलाई पुरा पाषणकालिन समाज भनिन्छ। यस समयलाई ढुङ्गे युग पनि भनिन्छ।यसताका मानिसहरु घुमन्ते थिय, ओडार तथा गुफामा बस्ने, कन्दमुल तथा जङ्गली जनावरको सिकार गरी खाने अत्यन्त अस्तव्यास्त जिवन शैली थियो।







## ३६.२. मध्ये ढुङ्गे युगकालिन समाज:

पुरा पाषणकालिन समाज पछी मध्य पाषणकाल ई.पु. १३००० बर्ष देखी ई.पु. ८००० बर्ष बिच सम्मको समाज भएको मानिन्छ। यस समयमा हतियारहरु आफु अनुकुलका चुचा, तिखा तथा बिभिन्न आकारका विकसित भएका थिए।तत्कालिन मानव जंगली अनाजहरु तथा कन्दमुलको सङ्ग्रह गर्ने गर्थे।यसै युग देखी पशुपालनलाई तत्कालिन मानिसले अवलम्वन गरे। सुरुमा कुकुर, बिरालो, हरिण जस्ता जङ्गली जनावरहरु पाल्न सुरु गरियो पछी सोझा प्रकृतिका जनावरहरु भेडा, बाख्रा, सुगुर, गाई, भैषी, घोडा जस्ता जनावरहरु

पाल्न सुरुगरेको पाईन्छ ।भेडा पालन ई.पु. ९००० बर्ष अगाडी ईराक बाट, बाख्रा ई.पु. ८००० बर्ष अगाडी र गाईबस्तु ई.पु. ६००० बर्ष अगाडी ईरान बाट पालन गर्न, सुगुर पालन ई.पु. ८००० बर्ष अगाडी थाईल्याण्ड बाट त्यस्तै घोडा ई.पु. ४३५० बर्ष अगाडी युक्रेन बाट पालन सुरुवात गरेको अनुमान छ ।कृषि तर्फ कृषि कार्य गर्न सक्ने समाजको भने यो समय सम्म पनी विकास भएको थिएन ।

## ३६.३. पछिल्लो ढुङ्गे युगको समाजः

नव पाषण समाज ई.पु. ८००० बर्ष देखी ई.पु. ४००० बर्ष बिचको समयलाई नव पाषणकालिन समाज भनिन्छ यो समयमा कृषि को उत्पादन जस्ता युगान्तकारी परिवर्तन भएको पाईन्छ । यस समयमा स्थायी बसोवास तथा कृषिको विकास भएको कारण चक्कु, कोदाली, हसिया , माछा मार्ने बल्छी, ओखल, जातो, ढिकि, हलो, छिना, अन्न हाल्नका लागी टोकरी, भकारी आदि जस्ता साधनहरुको प्रयोग भएको पाईन्छ । सुरुमा कृषि समुदायका मानिसहरु मध्यपुर्वी एसिया तथा उत्तरी अफ्रिकाका नदीको किनारका उष्ण भुमिमा बसोवास गर्थे केही मानिसहरु टिग्रिस र युफ्रेटस दुई नदि बिचको मेसोपोटामिया(बर्तमान इराक) को उर्वर भुमीमा बस्न थाले । केही मानिसहरु इजिप्टको नाईल नदिको किनारमा बस्न थाले समूह तथा परिवारको उदय भयो । सिचाई कार्यको थाली भयो सर्व प्रथम जौ, गहु मकै जस्ता अन्नको खेती भयो भने पछी सागपात लगाएत अन्य अन्नपातको पनी खेती भएको पाईन्छ ।

## ३६.४. आधुनिक कृषिको थालनी:

जनसङ्ख्याको ८०% मानिस गाँउमा बसोवास गर्दथे।उधोगका क्षेत्रमा ऊनी र सुति कपडा तथा कोईला आदि घरेलुस्तरमा बिधमान थिए।अठारौँ शताब्दीको उत्तरार्ध र उन्नाईसौँ शताब्दीको पुर्वार्ध(१७६०-१८४०) मा ईङ्गलैण्डको उधोग क्षेत्रमा ठुलो परिवर्तन भयो अर्ध स्वचालित तथा स्वचालित मेसिनको

अविस्कार भयो, मेसिनहरु ठुला ठुला भएकाले यिनिहरुलाई  घरमा राखी संचालन गर्न कठीन भयो।त्यसैले यस्तो मेसिनहरु संचालन गर्न घर बाहिर छुट्टै स्थानमा काम गर्नुपर्ने भयो यसले गर्दा कारखानाको स्थापना भयो । यिनै परिवर्तनले औधोगिक क्षेत्रमा हातले काम गर्नुको सट्ट शक्तिद्वारा संचालित मेसिन र उधोगको संचालन घरमा गर्नुको सट्टा फैक्ट्री उत्पादनले लिएकोले उत्पादन प्रकृयामा क्रान्तिकारी परिवर्तन आयो जसले गर्दा कृषिप्रधान ईङ्गल्याण्ड उधोग प्रधान देशमा रुपान्तरण भयो । त्यो भन्दा अगाडी कुल जमिनको ५०% मात्र खेती हुन्थ्यो यो ५०% खेति योग्य जमिनमा पनि पुरानो प्रणाली अनुसार १/३ खेतियोग्य जमिन बाझै राख्ने चलन थियो । खेतको उर्वरा शक्ति पुन स्थापना गर्न हरेक २ बर्ष पछी जमिन बाँझो राख्ने चलन थियो ।

Rechard Trevithicksले सन १८१२ मा बाफबाट चल्ने थ्रेसिङ मेसिनको अविस्कार गरे । ई.सं. १८३८ मा Royal Society of Agriculture को स्थापना भयो, यसले प्रत्येक जिल्ला-जिल्लामा कार्यालय स्थापना गरी कृषिको आधुनिकतम बिषयमा ज्ञान गरायो । रासायनिक मल उत्पादन गर्ने कारखाना सन १८४२ मा स्थापना भयो । कृषिको विकासका लागी मल खाध कारखानाहरु खुलेपछी साथै सिचाईको सुबिधा बढाईयो जसले गर्दा उत्पादनमा गुणात्मक परिवर्तन भयो।कृषि औजार जस्तै ड्रिल, ट्याक्टर, चुट्ने, काट्ने मेसिनहरुको प्रयोगमा ल्याईयो।यसरी अनुसन्धानमा आधारित विकासले बेलायतमा अठारौ शताब्दिमा नै कृषिमा ठुलो परिवर्तन भयो । यसको देखासेखी तथा प्रभाव युरोप तथा अमेरिका भरी रह्यो ।कृषि मेसिनरिहरुको धेरैजसो उनाईसौ सताब्दीमा अविश्कार भए ।पहिलो पेट्रोल बाट चल्ने र गुडाउन मिल्ने ट्याक्टर भने अमेरिकी बैज्ञानिक John Froelishले सन ले १९८२ मा निर्माण गरे । डान अल्बोन ले सन १९०१ मा साधारण किसिमले चलाउन सकिने पेट्रोल ईन्जिन भएका ट्याक्टरको निर्माण गरे पछी व्यावसायिक

उत्पादन यसै बेला देखी भयो।यस्ता ट्याक्टर बाट पशुबाट जोत्ने तथा तान्ने कार्यलाई बिस्थापित गर्यो भने कृषिको यान्त्रिकिकरण बाट कृषि उत्पादनको लागतमा कमी तथा प्रति ईकाइ उत्पादनमा बृद्धी भई निर्भाहमुखी रहेको कृषि व्यावसायिक भयो।हानिकारक किराहरु तथा रोग नियन्त्रणका लागी कृषि रसायनहरुको अविस्कार भयो , हाईब्रिड बिउ को उत्पादन गरियो जसले कृषि उत्पादनमा गुणात्मक परिणाम बृद्धि गर्यो पशुहरुमा नस्ल सुधार भई यिनिहरु ले दिने उत्पादनमा पनी आमुल परिवर्तन ल्याईयो ।






कृषिमा आधुनिकीकरणबाट संचालित खेती प्रणालीरहेका देशहरुको हालको अवस्था परिकल्पना बाहिर रहेको पाइन्छ।





कृषिमा आधुनिकीकरणको प्रयोग गरी गरीएकोखेती प्रणाली न्युन स्थानमा बाहेक हाम्रो नेपालको कृषि अवस्था पाषाणकालिन युग जस्तै छ ।





अधिकांश स्थानहरुमा खेती प्रणाली परम्परागत तरिका बाट नै चलिरहेको छ , आधुनिक कृषि औजार उपकरणको प्रयोग सिमित ठाँउमा बाहेक अन्यन्त्र अत्यन्तै न्युन छ । जस कारण भए गरेको कृषि उत्पादन ले लागत मुल्य उठाउनै धौ धौ छ । बजारमा प्रतिस्पर्धा गर्न अत्यन्तै कठिन छ ।देश भित्र कृषिमा यान्त्रिकिकरण सुरुवात नएको भने हैन तर अधिकांश ठाउ उस्तै छ ।

## नेपालको भू- उपयोग तथ्यांक

| क्र.स | क्षेत्र | नेपाल | | कोशी प्रदेश | |
|---|---|---|---|---|---|
| | | क्षेत्रफल(हजारमा हे.) | प्रतिशत | क्षेत्रफल(हजारमा हे.) | प्रतिशत |
| १. | खेती गरिएको जमिन | ३,०९१ | २१ | ७१४.३८ | २७.५ |
| २. | खेती नगरिएको खेती योग्य जमिन | १,०३० | ७ | ११२.२ | ४.३३ |
| ३. | वन जंगल | ५,८२८ | ३९.६ | ९७०.६ | ३७.४६ |
| ४. | चरन क्षेत्र | १,७६६ | १२ | १३४.०५ | ५.१८ |

सं-कोशी प्रदेश कृषि डायरी

कुल ग्राहस्थ उत्पादनमा प्रमुख क्षेत्रगत योगदान

| क्र.स | विवरण | कुल प्रतिशत (नेपाल) | प्रतिशत (कोशी) |
|---|---|---|---|
| १. | कृषि | २३.९५ | ३६ |
| २. | गैह्र कृषि | ७६.०५ | ६४ |

सं-कोशी प्रदेश कृषि डायरी

कृषि पेशामा संलग्न जनसँख्या

| विवरण(वि.स २०७८) | नेपाल | कोशी प्रदेश |
|---|---|---|
| कृषि पेशामा संलग्न जनसँख्या प्रतिशत | ५०.१७ | ५४.५ |
| कृषि पेशामा संलग्न जनसँख्या प्रतिशत पुरुष | ४६.१ | ४७.१ |
| कृषि पेशामा संलग्न जनसँख्या प्रतिशत महिला | ५३.९ | ५२.९ |

सं-कोशी प्रदेश कृषि डायरी

यस तथ्यांकबाट के पहिचान गर्न सकिन्छ भने कृषि पेशा र कृषिमा अश्रित जनसँख्या

वर्षौ पिच्छे घटदै गइरहेको छ।

कृषिको आधुनिकिकरण भई आज आएर यो पेशा सम्मानित पेशाको रुपमा रुपान्तरण हुनुपर्नेमा यो पेशा परम्परागत निर्वाहमुखी रुपमा संचालन हुदा बाबू आमाको पेशाको रुपमा मात्र रुपान्तरण हुन पुगेको छ या बाध्यात्मक पेशाको रुपमा मात्र कृषि पेशा लिईने गरिन्छ।यही रुपमा अगाडी जाने हो भने टोपी लगाउने पुस्ता ढलेपछी कृषि पेशा नै सङ्कटमा नपर्ला भन्न सकिन्न। गाँउ घरमा कृषि काम गर्ने मानिसको चरम अभाव हुदै गईरहेको छ। युवा बिहिन गाँउ घरहरु सुनसान बन्दै गईरहेका छन भने ति गाँउहरु बिस्तारै बृद्धा आश्रममा रुपान्तरण हुदैछन।हराभरा पहाड उराठ लाग्दा झाडीमा बदलिदै जादै छन भने तराईका उब्जाउ फाँटहरु कङ्क्रीटमय बनिरहेको छ।

अव्यवस्थित तथा योजना विहिन बिकासका पुर्वाधारहरु निर्माण, भु-माफियाको बिगविगि, सहरिया जनसङ्ख्या बृद्धी जस्ता  कारण कृषि योग्य भुमि चरम चपेटामा परेका छन।

<u>जसको परिणाम</u>



खाध असुरक्षा,भोकमरी, वरोजगारी, गरिबी र जनस्वास्थमा समस्या जस्ता समस्या देखा पर्न सक्छ।

गत आ.व २०७९।८० को २०७९ श्रावण देखी २०८० बैसाख सम्मको कृषि जन्य बस्तु १० महिनामा २.५ खर्बको आयात भएको भन्सार प्रतिवेदनबाट जानकारीमा आएको पाइन्छ। गत आ.व २०७९।८० को १० महिनामा चामल लगायत खद्यान्न खरिदमा ४७

अर्ब २९ करोड रुपैया, तयारी खाद्यबस्तु ११ अर्ब ६९ करोड रुपैया, तरकारी २७ अर्ब ५३ करोड,फलफुल तथा मसाला ६ अर्ब ६४ करोड रुपैया,सुर्तिजन्य बस्तु २ अर्ब ७६ करोड, डेरी प्रोडक्ट लगायत २१ अर्ब १९ करोड, तोरी तेल फलफुल लगायतका विउ २० अर्ब रुपैयाको आयात भएको पाइन्छ।

कृषिमा आधुनिकीकरण, यान्त्रिकरण र व्यवसायीकरण नहुदाँ कृषिजन्य वस्तुमा परनिर्भरता बढदै गएको छ। युवाहरु दिनहु हजारौको सँख्या रोजगारको सिलसिलमा विदेश पलायन हुनु र नेपालमा रहेको जमिन वाझो रहनु यस्को मुख्य समस्याको रुपमा लिन सकिन्छ।

कृषिलाई आधुनिकीकरण तथा व्यवसायीकरण कसरी गर्ने तथा कृषि विकास आधारहरु ?

१. खेती गर्ने पद्धतिमा सुधार

- कृषि क्रान्तीको पहिलो आधारनै हार हार खेती पद्धती हो।
- जस्ले विउदर कम लाग्ने,उत्पादनमा वृद्धि, गोडमेल गर्न सजिलो, रोगकिरा प्रकोप कम हुनु, सिंचाइ गर्न सजिलो, कम श्रम, यान्त्रिकरणमा सहयोग हुन्छ।





२. सिचाई प्रणालीमा सुधार

- सिचाईका लागी बर्षादको पानी सङ्कलन, प्लाष्टिक पोखरीहरु , थोपा सिचाई भुमिगत तथा सतह सिंचाइ।




३. .उत्पादन पछी बजार हैन। बजारको माग अनुसारको उत्पादन गरी र बजारीकरण गर्ने ।

४. बढी उत्पादन दिने जातको छनौट, स्वस्थ बेर्ना रोप्ने ।

५. मल्चिङ

- झारपातको समस्या कम , चिस्यानकोमात्रा कायम रहने कम पानि खपत ।
- माटोको उर्वरा शक्ती कायम हुने भुक्षय न्युन , काम गर्न सजिलो ।
- उत्पादन लागतमा कमी, कम श्रमको खपत , उत्पादनमा बृद्धि




६. कृषिमा यान्त्रिकिकरण:

खेती प्रक्रिया सहज बनाउने किसिमका रोप्ने,जोत्ने,काटने,भण्डारण, तथा कृषि प्रणाली सहजीकरण हुने यन्त्रहरुको प्रयोग गर्ने। (जस्तै: पावरटिलर, मिनिटिलर,स्प्रेयर, कर्नसेलर, ब्रस कटर, रोटाभेटर, सिड ड्रिलर, एरिएटर, थ्रेसर, चापकटर, कम्बाइन मिल जस्ता अन्य कृषि यन्त्र उपरकणहरु)

७. <u>सुचना प्रबिधिको प्रयोग</u>:

विभिन्न कृषि सम्बन्धी सरकारी तथा गैह्र सरकारी कार्यालयहरुको मोबाइल एप तथा विभिन्न अनलाइन तथा अफलाइन सुचना प्रविधिहरु मार्फत नविनतम कृषि प्रविधि बारे जानकारी तथा कृषकहरुलाई आइ परेका कृषि सम्बन्धी समस्या बारे समाधान सुझाव प्राप्त गरि कृषि उत्पादन र व्यवसायीकरण गर्न सकिन्छ। (जस्तै: हाम्रो कृषि एप, जियो कृषि एप, कृषि गुरु, स्मार्ट कृषि जस्ता प्रविधिहरुको प्रयोग गर्ने)

८. कृषि विमा :

- बाली तथा पशु विमाको गराउदाँ लाग्ने विमा शुल्कको ८० प्रतिशत अनुदान नेपाल सरकारबाट उपलब्ध गराउने व्यवस्था रहेको छ।
- विमालेखले रक्षावरण गर्ने जोखिमहरु
- आगलागी, चट्याङ
- भुकम्प,खडेरी,बाढी,डुवान,पहिरो,आधीभेरी,असिना,हिउ वा तुसारो, आकस्मिक दुर्घटनाजन्य बाह्य कारण,रोग किराको प्रकोप जस्ता विमालेखमा व्यवस्था भए वमोजिम।

९. मुल्य श्रृखंला तथा कृषि उपजको भण्डारण,प्याकेजिङ र व्रान्डीङ गरी मुल्य तोक्ने।

१०. बजार व्यवस्थापन

११. गाँउ मिलेर कृषिलाई पर्यटन संग जोड्ने योजना तर्जुमा।

१२. बाझो जमिन खेती गर्न प्रोहत्साहन गर्ने।

१३. कृषि क्षेत्रमा रोजगारीको अवसर पहिचान।

१४. बालीमा लाग्ने रोगकिरा तथा समस्याको निराकरण।

१५. जलवायु मैत्री खेती प्रवर्द्धन गर्ने (नर्सरी,प्लाष्टिक घर, हाइटेक घर प्रविधमा जोड)।

यी माथीका बुदाँहरुलाई आत्मसाथ लिएर कृषि कर्म अघि बढदा अवश्य पनि कृषिमा आधुनिकीकरण, व्यवसायीकरण, रोजगारी श्रृजना र आम्दानीमा वृद्धि, खाध सुरक्षाको प्रत्याभुति साथै पोषण सुरक्षाको सुनिश्चितता, उत्पादन र उत्पादकत्वमा वृद्धि, आयातमा प्रतिस्थापन र कृषि क्षेत्र व्यापार सन्तुलन र बजारीकरणमा सहजता हुन गई कृषि क्षेत्रको

विकास गर्न सकिन्छ।

हाल वर्षौ पिच्छे वैदेशिक रोजगारीको लागी लाखौ युवाहरु परदेश जाने प्रवित्तिको अन्त गर्नको लागी साथै वार्षिक खर्बौ रुपैया कृषिजन्य वस्तु आयातलाई विस्तारै घटाउदै देश आन्तरिक कृषि आयमा वृद्धि गर्न कृषिलाई आधुनिकीकरण यान्त्रिकरण र बजारिकरण गर्दै औधोगिकरण तर्फ उन्मुख गर्न र यी विकासका आधार आवश्यक रहेको छ।

धन्यवाद!!!

# ३७. कृषितथा पशुपन्छी बीमा

बीमाऐन, २०४९ को दफा ८ (घ२) ले दिएको अधिकार प्रयोग गरी बीमा समितिले तत्कालीन कृषिविकास मन्त्रालयको सहयोग र समन्वयमा बाली तथा पशपन्छी बीमा निर्देशन, २०६९ जारी गरी नेपालमा औपचारिक र कानुनी रूपमा कृषि बीमाको सुरूवात गरिएको हो ।कृषकहरूले लगाएका कृषिजन्यबाली तथा पालेका पशपन्छीहरू बालीतथा पशपन्छी बीमाको दायरमा पर्दछन ।कानुनले निषेध गरिएका बालीहरू (जस्तै सर्ती ) तथा जडीबट्टीहरू यस बीमाभित्र पर्दैनन ।बाली तथा पशुहरूको बीमा गराउँदा लाग्ने बीमाशुल्क (Premium) को ८०प्रतिशन अनुदान नेपाल सरकारबाट उपलब्ध गराउने व्यवस्था गरेको छ । सरूको अवस्थामा बाली बीमा लागतको (खेतीखर्च) आधारमा भएता पनि विगतका वर्षहरूमा बीमा समिति द्वारा विभिन्न बालीहरूको बीमा लेख उत्पादनका आधारमा जारी गरिएको र सोको निरन्तरता रही आएको छ ।२०७५ साल वैशाख १ गते देखि बीमा समितिद्वारा हरेक बाली तथा पशपन्छी बीमा गर्ने बीमित रू २ लाखको दुर्घटना बीमा संरक्षणरू. २०० विमा शुल्क रूपमा गर्ने गरी समावेश गरेको छ । २०७७ मसिर १५ गते देखि "बालीतथा पशुपन्छी निर्देशन २०६९" लाई संशोधन गरी बालीतथा पशपन्छी बीमा निर्देशिका,२०७७ लागु गरिएको थियो ।२०७७ मंसिर १५ गते देखी जडिबुटी तथा अन्न भण्डारण समेतलाई यस बिमामा समावेश

गरिएको छ ।कृषितथा पशपन्छी बीमा, बीमा समितिमा दर्ता भएका१२० वटा निर्जीवन बीमा कम्पनीहरू (बीमक) ले नेपालका सबै जिल्लाहरूमा कार्य गर्न सक्ने भएता पनि बीमा समितिद्वारा बीमाकार्यमा सहजता पुगोस भन्ने उद्देश्य राखी ती कम्पनीहरूलाई तीनदेखि चार वटा जिल्ला विभाजन गरी कार्यक्षेत्र तोकिएको छ । कार्यक्षेत्र तोकिएको जिल्लाहरूमा ती कम्पनीहरूले अनिवार्य रूपमा बीमा कार्य गर्नुपर्नुर्नेछ । यदि कार्यक्षेत्र तोकिएका बीमा कम्पनीहरूले बीमा गर्न नमानेमा बीमा समितिमा उजुरी गर्न सकिन्छ । बाली तथा पशपन्छी बीमा गर्ने प्रक्रियाः कृषकद्वारा प्रस्ताव फाराम भर्नेः कृषकद्वारा सर्वप्रथम आफ्नो बाली तथा पशपन्छी के को बीमा गराउने हो ? सोको बीमाकम्पनीद्वारा उपलब्ध गराइएको प्रस्तावफाराम भरी सोधिएका प्रश्नहरूको सहीउत्तर दिई सो फाराम सम्बन्धी बीमा कम्पनी वा सो कम्पनीको बीमाअभिकर्तालाई बझाउनु पुर्ने छ । प्राविधिकको प्रमाण पत्रः कृषकद्वारा पेश गरिएको प्रस्ताव उपर मुल्याङ्कन गर्न सम्बन्धित कृषि वा पशु प्राविधिकलाई सो प्रस्ताव फाराम बीमा कम्पनीले उपलब्ध गराई बिमाङ्कनन रकम कायम गर्नु पर्छ । प्राविधिकले मुल्याङ्क नगर्ने कार्य सहित सो बालीवा पशपन्छीको ५ वटा स्थिर फोटो र ३ मिनेटको भिडियो क्लिप राख्नु पर्ने हुन्छ । बीमालेख जारी गर्नेः कृषकद्वारा पेश गरी सम्बन्धित प्राविधिकद्वारा सो प्रस्ताव उपर मुल्याङ्कन गरी दिइएको प्राविधिक प्रतिवेदन अनसार कायमभई आएको बिमाङ्कन रकमको बीमा लेखमा॰ यवस्था भए बमोजिमको बीमा शलुकको २५% बीमाशलुक कृषक (बीमित) ले बीमा कम्पनीलाई बझाए पश्चात बीमालेख जारी हुनेछ । बाली बीमाकाप्रकार र बीमाशुल्कःबीमा समितिद्वारा हालसम्म जारी भएका बाली बीमाका बीमा लेख यस प्रकार रहेका छन । यसबाहेक अन्य बालीहरूको बीमालेखहरू बीमा समितिद्बारा क्रमशःतयार गरी कार्यान्वयनमा ल्याउने क्रम जारी छ ।

| क्र स | वर्गीकरण | बीमालेख | प्रकार | बीमाशुल्क |
|---|---|---|---|---|
| १ | बालीबीमा | तरकारी बीमालेख | उत्पादनमाआधारित | बिमाङ्कन ७% (प्रतिबाली) |
| २ | बालीबीमा | तरकारी बीमालेख | लागतमाआधारित | बिमाङ्कन ५% (प्रतिबाली) |

| क्र स | वर्गीकरण | बीमालेख | प्रकार | बीमाशुल्क |
|---|---|---|---|---|
| ३ | बालीबीमा | अन्नबालीबीमालेख | उत्पादनमाआधारित (बीजवद्धि , चैतेधान) | बिमाङ्कन ५% (प्रतिबाली) |
| ४ | बालीबीमा | अन्नबालीबीमालेख | लागतमाआधारित (खायन, अन्नबाली) | बिमाङ्कन ५% (प्रतिबाली) |
| ५ | बालीबीमा | मसलाबालीबीमालेख | उत्पादनमाआधारित(अदवु ) | बिमाङ्कन ७% (प्रतिबाली) |
| ६ | बालीबीमा | मसलाबालीबीमालेख | उत्पादनमाआधारित(बेसार) | बिमाङ्कन ५% (प्रतिबाली) |
| ७ | बालीबीमा | फलफुलबीमालेख | लागतमाआधारित (के रा) | बिमाङ्कन ५% (प्रतिबाली) |
| ८ | बालीबीमा | फलफुलबीमालेख | उत्पादनमाआधारित ( सुन्तला, जनार, कागती) | बिमाङ्कन ५% (प्रतिबाली) |
| ९ | बालीबीमा | फलफुलबीमालेख | उत्पादनमाआधारित मौसम सुचाका (स्याउ) | बिमाङ्कन ८% (प्रतिबाली) |
| १० | बालीबीमा | फलफुलबीमालेख | लागतमाआधारित | बिमाङ्कन ८% (प्रतिबाली) |
| ११ | बालीबीमा | उखु बीमालेख | लागतमाआधारित | बिमाङ्कन ८% (प्रतिबाली) |
| १२ | बालीबीमा | चियातथाकफीबीमालेख | उत्पादनमाआधारित | बिमाङ्कन ८% (प्रतिबाली) |
| १३ | बालीबीमा | अलैंचीबीमालेख | लागतमाआधारित | बिमाङ्कन ८% (प्रतिबाली) |
| १४ | बालीबीमा | च्याउबीमालेख | लागतमाआधारित | बिमाङ्कन ८% (प्रतिबाली) |
| १५ | पशु बीमा | विभिन्नपशु बीमालेख | लागतमाआधारित | बिमाङ्कन ८% (प्रतिबाली) |
| १६ | पन्छी बीमा | ब्रोइलर कुखरा बीमालेख | लागतमाआधारित | बिमाङ्कन १.२५% (प्रतिब्याच |
| १७ | पन्छी बीमा | लेयर्स.प्यारेन्ट.हाँस बीमालेख | लागतमाआधारित | बिमाङ्कन ५% (प्रतिब्याच) |
| १८ | पन्छी बीमा | अष्ट्रिच बीमालेख | लागतमाआधारित | बिमाङ्कन २% (प्रतिब्याच) |
| १९ | अन्य | माछा बीमालेख | लागतमाआधारित | बिमाङ्कन २% |
| २० | अन्य | मौरी बीमालेख | लागतमाआधारित | बिमाङ्कन ५% (प्रति घार) |

- अभिकर्ता मार्फत बीमा गराएमाकुलबीमाशलुकको १० प्रतिशतअभिकर्ताले प्राप्तगर्दछन भने सदस्य संस्थामार्फत बीमा भएमा कुल बीमाशुल्कको ५% र ५% प्राविधिकहरूलाई प्राविधिक जाँच सिफारिस वापत पारिश्रमिक दिइने व्यवस्था रहेको छ । सरक्षण हुने बालीहरूको क्षेत्रफलन्युनतम क्षेत्रफल :

लागतका आधारमा बालीहरूको बीमागर्दा न्युनतम क्षेत्रफल पहाडमा चार आनातथा तराईमा आधाकट्ठा हुनु पुर्नेछ । उत्पादनका आधारमा हुने बालीबीमाको

हकमा सम्बन्धित बालीको बीमालेखमा व्यवस्था भए अनसारको न्युनतम क्षेत्र फल बमोजिम बीमा कार्य हुनेछ ।

## ३७.१. सरक्षण हुने बाली तथा पशु पन्छीहरूको लागत/बिमाङ्कन रकम

१. बिमाङ्कनकायमगर्दा बीमा लेखमाउल्लेख भएको हकमाबीमा लेख बमोजिम र अन्यको हकमाबजार मलुय, बीजकमलुय र स्थानी यचलन चल्तीको मुल्यलाई आधार लिई आपसी सहमतिको आधारमा कायम गर्नु पर्ने छ । लागतको आधारमा हुने बालीहरूको बीमा कृषि तथा पशपन्छी विकास मन्त्रालयले उपलब्ध गराएको लागतको अधीनमा रही स्थानीय तहको कृषि हेर्ने इकाईबाट उपलब्ध गराएको लागत अनसार बिमाङ्कन रकम कायमहुनेछ । पन्छीहरूको बिमाङ्कन रकमतपसिलअनसार हुनेछ ।

२. प्रति पन्छीको बिमाङ्कन रकम = दानाखर्च निर्धारित गुणाङ्क + चल्लाकोमुल्य

३. पशुहरूको बीमायोग्य उमेरको सन्दर्भमाबीमालेखमाउल्लेख भएको उमेरलाई आधार लिनपुर्ने छ । उमेरः पशधुनको बीमायोग्य उमेर (न्युनतम र आयु अधिकतम) देहायबमोजिमहुनेछः-

४. स्थानीय तथा उन्नत जातको गाई २ वर्ष (अथवा पहिलो बेत भएको) देखि १० वर्षसम्म

५. भैंसी ३ वर्ष (अथवा पहिलो बेत भएको) देखि १२ वर्षसम्म

६. स्थानीय तथा उन्नतनश्लको बाच्छी-कोरेलीवा पाडीको ६ महिनादेखि २ वर्षसम्म

७. प्रजननका लागि उन्नतनश्लको साँढे वा राँगाको ३ वर्षदेखि ७ वर्षसम्म ढुवानी वा जोत्नका लागि गोरू वा राँगा ३ वर्षदेखि १२ वर्षसम्म

८. भेडा, बाख्रा र बंगुर ३ माहिना देखि बिक्रीका लागि तयार हुन्जेल सम्म ।

९. माछा पालनका लागि न्युनतम २०० वर्गमिटरको पोखरी र कम्तीमा तीन (३) फिट पानीको गहिराइ भएको पोखरी हुनु पर्दछ तर ट्राउट माछाको हकमा प्राविधिकको सिफारिस अनसारको संरचन ाभएको हु नपुर्नेछ ।

## ३७.२. बाली तथा पशु पन्छी बीमाक्षतिको दाबी भुक्तानी व्यवस्थाः

. बीमा अवधि भित्र पुन क्षति भएमा बिमाङ्कन रकमको ९० प्रतिशत भुक्तानी उपलब्ध हुने ।

आंशिक क्षति भएमा कृषि प्राविधक तथा बीमा लेखमा व्यवस्था भए अनरू पदाबी भुक्तानी उपलब्ध हुने । बीमा लेखले रक्षावरण गर्ने जोखिमहरु देहायका कुनै कारणबाट धानबाली, तरकारी, फलफुल, आल, पन्छी र माछा बीमा अवधि भित्र हानि नोक्सानी भएमा बीमकले बिमाङ्कन रकमको ९० प्रतिशत रकम बीमितलाई भुक्तानी गर्नेछः (धानबाली, तरकारी, फलफुल, आल, पन्छीको हकमा) आगलागी, चट्याङ, भुकम्प, बाढी खडेरी, डढुवा,पहिरो, अँधिभेरी, असिना तुसारो, आकस्मिक रोग किराको हानी नोक्सानी भए बमोजिमका अन्य जोखिमहरू ।

## ३७.३. दाबी सम्बन्धी प्रकृया

बीमा गरेको बाली, पशुपन्छी, माछा लगायतका बस्तुहरूमा बीमालेखले रक्षावरण गरेका जोखिमहरूमा क्षति पुर्याएमा तत्काल टेलिफोन मार्फत बीमा कम्पनीलाई जानकारी दिनपुर्ने छ । साथै बीमा कम्पनीको सम्बन्धीत नम्बरमा SMS समेत अनिवार्य रूपमा पठाउन पर्नेछ । बीमालेखकले रक्षावरण गरेको जोखिमहरूका कारणबाट बीमित माछा र पशपन्छीको हानि नोक्सानी भएमा सात (७) दिनभित्र र धान, तरकारी, फलफुल, आलु (बालीरूको) हकमा १५ दिन भित्र वा सो अवधि भित्र सम्भव नभएमा सोको कारण सहित सम्भव हुना साथ बैंक सदस्य संस्था मार्फत देहाय वमोजिमका कागजातहरू वीमक समक्ष पेश गर्नु पर्नेछ ।

१. आंशिकक्षतिको अवस्थामा बीमालेख फोटोकपी सक्कल र बीमालेख पुर्ण रूपले भरिएको दाबीफारम । सम्बन्धित प्राविधिकको प्रतिवेदन( प्रतिवेदन साथ क्षाति भएको ५ वटा फोटो र ३ मिनेटको भिडियो क्लिप । वडा कार्यालयको सिफारिस कम्तिमा २ जना छिमेकीको सर्जमिन मुचुल्का । मरेको पशुको हकमा ट्याग सहितको फोटो । अन्य उल्लेख गरिएका बाहेक बीमा लेख बमोजिमका अन्य आवश्यक कागजातहरू ।

# ३८. लेटाङ नगरपालिका

(कृषिविकास शाखा)

कृषिफार्म तथा कृषि उधोग दर्ता/नबिकरण निबेदन

मिती : २०८....../.......

श्रीमान् शाखाप्रमुख ज्यू,

कृषिविकास शाखा लेटाङ, मोरङ

बिषय : दर्ता/नबिकरण गरी पाउँबारे । महोदय,

उपरोक्त बिषयमा निम्न बिवरण भएकोलाई त्यस कार्यालयमा दर्ता/नबिकरण गरि प्रमाण-पत्र उपलब्ध गराई दिनु हुनको लागि तपशिल बमोजिमका कागजहरू साथ रू. १० को टिकेट टाँसि गरि यो निबेदन पेश गर्दछु ।

बिवरण :

१. दर्ता हुने कृषिफर्मको नाम :

२. ठेगाना : सम्पर्क नं. :

३. स्थापना मिती : फर्मको किसिम र उद्देश्य :

४. सदस्य संख्या : जम्मा(महिलापुरूष ) ।

| जनजाती | | | दलित | | | अन्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | |
| | | | | | | | | | |

५. अन्यकार्यालयमादर्ता भए सोको नाम र ठेगाना :

६. संस्थाले संचालन गरेको कार्यक्रम :

७. सुरूको लगानी रकम रू. : स्थिर पुँजी रू. चालुपुँजी रू.

८. हालको बार्षिक कारोबार रू. : आम्दामी रू.: मुनाफ रू.:

९. गतआ.ब.को कारोबार रू. : आम्दामी रू. : मुनाफ रू. :

१०. सुरूको बाली/बार्षिक उत्पादनबिवरण :

११. हालको बाली/बार्षिक उत्पादनबिवरण :

१२. गत आ.ब.को बाली/उत्पादनबिवरण :

संलग्न कागजातहरू :

१. सम्बधित वडा कार्यालयको सिफारिस ।

२. आबेदकको शैक्षिक योग्यता/नागरिकता/जग्गाधनीपुर्जाको प्रतिलिपी /तालिमको प्रमाण-पत्रको प्रतिलिपी ।

३. माईन्यूटको निर्णयको प्रतिलिपी ।

४. कृषिकार्यालय/घरेलु/अन्यकार्यालय/संस्थामादर्ता भए प्रमाण-पत्रको प्रतिलिपी ।

५. संलग्न गर्ने पर्ने थप केहि भए :

निबेदक

ब्यक्ति/संस्थाको नाम :

पद :

ठेगाना :

सम्पर्क नं. :

सहि :

संस्थाको छाप :

(नोट : संस्थादर्ता/नबिकरण गर्न आउदा संस्थाको आधिकारीक ब्यक्ति र बिवरण तथातथ्यांक सम्बन्धीजानकारी भएको ब्यक्ति आउनु पर्दछ ।

## ३८.१. कृषि फार्म तथा कृषि उधोग स्थापना/दर्ताको लागि पेश गर्नुपर्ने प्रस्तावको नमुना

१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धि विवरण :-

| | |
|---|---|
| आवेदकको नाम | |
| स्थायी ठेगाना | |
| हालको ठेगाना | |
| स्थायी लेखा नं | |
| कृषिफर्म दर्ता गर्ने मिति | |
| प्रोपाईटर वा अध्यक्षको नाम | |
| मोबाईल नं र इमेल नं | |
| निजि कृषि फर्म संचालन स्थल(कार्यक्षेत्र) | |

| | |
|---|---|
| प्रस्तावित कृषिफर्मको नाम | |
| कृषिफर्म संचालनको लागिकुलखर्च रू. | |
| स्थिर खच रूे. | |
| चालु खर्च रू. | |

## ३८.२. २) कृषिफर्मको औचित्य तथा महत्वः-

३) आवेदकको हालको कृषि अवस्थाः-

| क्र.स. | हालको कृषिकार्य वा खेतीपाती | खेतीपाती गरेको क्षेत्रफल | अनुमानितवार्षिक आम्दानी(केजी.) | अनुमानितवार्षिक आम्दानी(रू.) | रोजगारीको सिर्जना |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

४) कृषि फर्मका निर्माणका लागि मूख्यमूख्य क्रियाकलापहरू

| क्र.स. | क्रियाकलापको विवरण | ईकाई | परिमाण | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | विधमान | थपगर्ने | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५) कृषिफर्म स्थापना र संचालनपश्चात अपेक्षितउपलब्धीहरू र बार्षिक उत्पादन विवरण

प्रस्तावितनिजि कृषिफर्म अपेक्षितउपलब्धिहरू तपसिल वमोजिम हुनेछ ।

| विवरण/ वर्ष | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
|---|---|---|---|---|---|
| व्यवसायको आकार | | | | | |
| वार्षिक उत्पादन | | | | | |
| वार्षिक खर्च | | | | | |
| वार्षिक जम्माआम्दानी | | | | | |
| रोजगारीको सिर्जना | | | | | |

६) खर्चको विवरण

## क) स्थिर खर्च विवरणः-

कृषियन्त्र उपकरणहरू, जग्गा, भवन, तारवार, सिंचाई व्यवस्थापनआदि जस्ता संरचनानिर्माण, वाली उत्पान पूर्व संचालनखर्च आदि ।

| क्र.स. | क्रियाकलापविवरण | इकाई | परिमाण | दर रू. | जम्माखर्च रू. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| | कुलजम्मा रू. | | | | |

## ख) चालु खर्चको विवरणः

कामदार मलविउ,रोगकिरा व्यस्थापनखर्च आदी ।

| क्र.स. | क्रियाकलाप विवरण | इकाई | परिमाण | दर रू. | जम्मा खर्च रू. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | कुलजम्मा रू. | | | | |

# ३९. परिशिष्ठ १

## कृषक समूहको विधान(नमुना)

परिचय

नेपाल जस्तो विकासोन्मुख मुलुकको लागि समूहको अवधारणा अन्यन्त महत्वपूर्ण छ । त्यसमा पनि कृषि विकासको सन्दर्भमा समूहले अझै अहम भुमिका खेल्दछ । कृषककै कृषकले भरिएको हाम्रो जस्ती देशमा सिमित जनशक्ति र श्रोत साधनबाट कृषकवर्ग बीच यथोचित सेवा पुर्याउन कठिन र बढी खर्चिलो पनि हुने हुदाँ कृषक समूह सेवा प्रवाह गर्ने उपयुक्त माध्यम हुन सक्छ ।

यस सन्दर्भमा समूह गठन देखि लिएर सन्चालन र परिपक्व अवस्था नपुगुन्जेलसम्म अत्यन्त सावधानी लिनुपर्ने हुन्छ। अलिकति समय बढी नै लगाएर समूह मुर्तरुप पाउनु पर्दछ।स्वत स्फुर्त समूह मात्र दिगो र स्वावलम्बी हुन्छन। समूह गठन भएपछि समूह भित्र योजना तर्जुमा कार्यान्वयन अनुगमन र मुल्याङकनको साथै बैठक संचालन जस्ता कार्यहरु सही अर्थमा सन्चालन गर्नुपर्छ। समूह भित्र पारदर्शिता, प्रजातान्त्रिक अभ्यास र इमान्दरिताबाट समूह लक्ष्य र सुदृढ बन्ने कुरा निश्चित छ।

प्रस्तावना

कृषिजन्य बस्तुको उत्पादन, उतुपादकत्व बढाउन, उत्पादन सामाग्री सुलभ बनाउन, उत्पादित सामाग्रीको विक्री वितरण, भण्डारण व्यवस्थापन गरी उन्नत वीउ एवं आयवृद्धि, बचत संकलनबाट आत्मनिर्भर हुनको लागि कृषि शाखा........................नगर कार्यपालिकाको सहयोगमा श्री................................. कृषक समूह गठन गर्यौं।

## १) प्रारम्भिक:

१. संक्षिप्त नाम र प्रारम्भ :

- यस समूहको नाम श्री.........................................कृषक समूह –२०७७ रहनेछ।
- यो विधान समूह सम्बन्धित स्थानीय तहको कृषि विकास शाखाले हेर्ने इकाईमा दर्ता भएपछि तुरुन्त लागु हुनेछ।

## १.२ परिभाषा:

विषय र प्रसंगको अर्को अर्थ नलागेमा यो विधानमा

क. समूह भन्नाले यस विधानमा उल्लेखित कृषि कार्यद्धारा कृषि उपजको उत्पादन र उत्पादकत्व बढाई आय आर्जन गर्न ईच्छुक कृषकहरुको समूहलाई जनाउदछ।

ख. सदस्य भन्नाले कृषक जो........................... कृषक समूहको उद्वेश्य अनुसार उत्पादन र उत्पादकत्व बढाउन विधानको दफा ३ वमोजिम सद्स्यता लिएको हुन्छ।

ग. कार्य समिति भन्नाले»विधान अनुसार निर्वाचित अध्यक्ष,उपाध्यक्ष,सचिव,सहसचिव,कोषाध्यक्ष तथा सदस्य पदाधिकारी» हरुलाई जनाउदछ।

घ. साधारण सभा भन्नाले यस विधानको दफा ४ वमोजिम गठित सभालाई जनाउदछ।

## १.३ समूहको छाप

२. गोलो घेरा भित्र यस समूहको नाम श्री..............................कृषक समूह–२०७७ पढन सकिनेछ।

## १.४ समूहको कार्यालय:

यस समूहको कार्यालय.......................जिल्ला.................न०पा वडा नं.........................मा रहनेछ।

## १.५ समूहको दर्ता:

३. कृषक समूह सम्बन्धित स्थानीय तहको कृषि विकास शाखामा दर्ता गर्नु पर्नेछ। साथै अनिवार्य रुपले आन्तरिक राजश्व कार्यालयमा समेत दर्ता गरी स्थायी लेखा नं लिनु पर्नेछ।

४.

# २. उद्देश्य र कार्य

## २.१ उद्देश्य :

सदस्यहरुको सामजिक,आर्थिक,कृषि जन्य व्यवसायिक हितलाई ध्यान राखी देहाय वमोजिम समूहको उद्देश्य हुनेछ।

क. कृषि व्यवसायलाई आधुनिकिकरण उवं विविधिकरण गरी उत्पादकत्व उत्पादन वृद्धिका लागि उक जुट भई काम गर्ने।

ख. सदस्यहरुको आर्थिक तथा सामाजिक जिवनस्तर उठाउने।

ग. सदस्यहरुमा स्वालम्बनको ज्ञान पारस्परिक सहयोग र मितव्ययिता भावानासिल गर्ने।

समूहको विधान दफा २.१ वमोजिम उद्देश्यहरु प्राप्त गर्न यो समूहले देहमय बमोजिम कार्यहरु गर्नेछ।

१. उन्नत प्रविधि खेती गरी उत्पादन एवं उत्पादकत्व बढाउने।

२. विज वृद्धि गरी आत्मनिर्भर हुने

३. कृषि उत्पादनबाट आय वृद्धि गर्ने

४. उन्नत प्रविधि अपनाउने
५. समूहबाट बजार व्यवस्थापन गर्ने
६. कृषकद्धारा उत्पादित बस्तुको मुल्यमा एकरुपता ल्याउने।
७. भण्डारणको व्यवस्था
८. सदस्यको सीपमा वृद्धि गर्नका लागि अन्य कार्यक्रमहरु तर्जुमा गरी संचालित गर्ने।
९. सदस्य बीच स्वालम्बन, पारिस्परिक सहयोग एवं मितव्ययीता अभिवृद्धी गरी नियमित बचत गर्ने।
१०. समूह सदस्यहरुमा उत्पादनशिल आयमुलक एवं सिपमुलक उद्धेश्यका लागि सुलभ व्याजदरमा ऋण प्रदान गर्ने।
११. आफ्नो उद्धेश्य प्राप्तिका लागि समान उद्धेश्य भएका स्थानीय क्षेत्र, राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थासँग सहयोगात्मक भावना राख्ने।
१२. सिँचाईको सुविधा उपलब्ध गराउने।
१३. खेती विकास योजना तयार गर्न एव पकेट प्याकेझ कार्यक्रमलाई सहयोग पुर्याउने।
१४. सघन कृषि विकास कार्यक्रमलाई सघाउ पुर्याउने।
१५. नगदेवाली उत्पादन,भण्डारण,प्रशोधन तथा विक्री वितरण व्यवस्था गर्ने।
१६. संकलित बचत/हितकोष संकलन गर्ने।
१७. समूह वा सदस्यलाई अनावश्यक ऋण उपलब्ध नगराउने।
१८. माथि उल्लेखित उद्धेश्यहरु पुर्ति गर्न अन्य कार्य गर्ने।

## ३.0 सदस्यता

एकै उद्धेश्य एवं समान अर्थिक अवस्था भएको यस समूहको विधानको परिधि भित्र रहने इच्छा गरेको व्यक्तिलाई समूहको सदस्यता प्रदान गर्न सकिनेछ। तर सदस्य हुन चाहने व्यक्तिले कम्तिमा समूह सदस्यहरुको लिखित सिफारिस साथ दरखास्त दिनु पर्नेछ ।

## ३.१ सदस्यको लागि सदस्यता

१. आफै खेतीपाती गरेको/गर्न सक्षम भएको
२. समूहको उद्देश्य अनुरुप कार्य गर्न ईच्छुक भएको।
३. समूहको विधान अनुसार कार्य गर्न मन्जुरी भएको।
४. कृषक– कृषक बीच आपसी सहयोग बढाउन इच्छुक भएको।
५. सदस्यताको लागि १६ वर्ष उमेर पुगेको हुनु पर्ने।

## ३.२ साधारण सदस्य

सदस्यता शुल्क रु......................... तिरी साधारण सदस्यताको निवेदन दिई कार्य समिति निर्णय वमोजिम साधारण सदस्यताप्राप्त गर्न सक्ने छ। यस्तो सदस्यले मासिक बचत रु०००००० प्रत्येक महिना जम्मा गर्नु पर्नेछ।समूह गठन भईसकेपछि कुनै पनि योग्यता पुगेको व्यक्तिले समूह सदस्यता लिन चाहेमा समूहमा आवद्ध प्रति सदस्य बराबर उक्त मिति सम्म संचित हितकोष र सोको व्याज साथै नियमानुसार अन्य शुल्क बुझाई सदस्यता प्रापत गर्न सक्नेछ।

## ३. ३ सदस्यता कायम नरहने अवस्था (सदस्यको अयोग्यता)

कार्य समितिले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यहरुलाई सदस्यताको लागि अयोग्य ठहराई समाप्त गर्न सक्नेछ।

१. तोकिएको मासिक बचत तथा अन्य तिर्नुपर्ने रकमहरु ३ महिना सम्म नतिरेमा।
२. विधानको उद्देश्य विपरित कार्य गरेमा वा समूहको रकम वा कागजात हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्य समितिबाट निस्कासन गरेमा र
३. सदस्यताबाट राजिनामा दिएमा।
४. अपराधिक कार्यमा संलग्न भएको दोषी प्रमाणित भएमा।
५. कृषि पेशा त्यागी अन्य कार्य गर्न थालेमा।
६. मृत्यु भएमा।
७. समूहको सिद्धान्त वा नियम वा प्रतिष्ठामा आँच बउने कार्य गरेमा।

## ४. साधारण सभा तथा कार्य समिति

### ४.१ साधारण सभा

यस समूहको सदस्यता प्राप्त सम्पुर्ण सदस्य साधारण सभाको सदस्य हुने छ जुन समूहको उच्चतम निकाय हुनेछ। यसले विधान पारित एवं सशोधन गर्न सक्नेछ। साधारण सभा वर्षमा एक पटक बस्नेछ। तर आवश्यकता अनुसार जुनसुकै बेला साधारण सभा बोलाउन सकिनेछ।

### ४.२ साधारण सभाको अधिवेशन

कारय समितिले तोकेको मिति र समयमा यस समूहको सचिवले अध्यक्षको परामर्श लिई लिखित सूचनाद्धारा सम्पुर्ण सदस्यलाई साधारण सभाको स्थान,समय,मिति तथा एजेण्डाको जानकारी गराउनु पर्नेछ।

### ४.३ साधारण सभाको काम कर्तव्य र अधिकार

१. कार्य समितिको निर्वाचन गर्ने तथा गठन गर्ने।
२. विधान संशोधन गर्ने।
३. वार्षिक बजेटको अनुमोदन गर्ने।
४. समूहको वार्षिक कार्यक्रम स्वीकृत गर्ने।
५. समूहको वार्षिक कार्य योजना बनाउने।
६. कार्ययोजना बनाउदा ६० प्रतिशत कृषि कार्यक्रम बनाउने।

### ४.४ साधारण सभाको गणपूरक संख्या

समूहको साधारण सभाको बैठकमा कम्तिमा पनि ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा हुनु पर्नेछ। यदि सो नभए फेरी ३ दिन भित्र अर्को सभा बोलाउनु पर्नेछ। यसमा कुल साधारण सदस्यको २५ प्रतिशत उपस्थिति भएमा पनि यो सभाको बैठक बस्नेछ।

### ४.५ कार्य समिति गठन विधि

१. कार्य समिति ७ सदस्यीय हुनेछ।

२. कार्य समितिमा अध्यक्ष सचिव कोषाध्यक्ष तथा सदस्यहरु रहने छन। आवश्यकता अनुसार उपाध्यक्ष तथा सह सचिव को व्यवस्था गर्न सकिनेछ।

३. कार्य समितिका पदाधिकारीहरुको बैठक हरेक महिनाको......................... गते हुनेछ। तर आवश्यकता अनुसार जुनसुकै समयमा बस्न सक्नेछ।

४. कार्य समितिको पदाधिकारीहरुको कार्य अवधि २ वर्षको हुनेछ।

५. कार्य समितिको कुनै पद खाली भएमा साधारण सदस्य मध्येबाट कसैलाइ पनि समितिको पदमा समितिको बहुमतबाट मनोनित गर्न सक्नेछ।

६. कार्य समितिको कोरम २/३ लाई मानिनेछ तथा निर्णय बहुमतद्धारा हुनेछ।

७. साधारण सभा सदस्यहरुले आफु मध्येबाट निर्वाचन प्रकृयाद्धारा अध्यक्ष सचिव कोषाध्यक्ष तथा अन्य पदाधिकारीहरुको चयन गरी कार्य समिति गठन गर्नेछ। तर अध्यक्ष सचिव कोषाध्यक्ष मध्ये एक पदमा महिला सदस्य अनिवार्य रुपमा हुनु पर्दछ।

४.६ कार्य समितिको काम कर्तव्य र अधिकार

१. विधानको परिधि भित्र रही, समूहको उद्धेश्य अनुरुप साधारण सभाले गरेको निति निर्देशन लाई पालन गर्ने।

२. समूहको वार्षिक कार्यक्रम बनाउने तथा समूहको क्रियाकलापहरु संचालन गर्ने।

३. सहकारी तथा गैर सहकारी संस्थाहरुसँग सम्पर्क वृद्धि गर्ने कृषि सम्बन्धी अन्य संघ संस्थाहरु सँग सम्पर्क गरी बढी भन्दा बढी सहयोग प्राप्त गर्ने।

४. सहकारीमा जाने प्रयास गर्ने।

५. समूहको कार्य योजना बनाई लागु गर्ने।

६. समूहको वार्षिक प्रतिवेदन बनाउने र प्रस्तुत गर्ने।

४.७ समूहको बैठक

समूहको नियमितबैठक प्रत्येक महिनाको.....................गते बस्ने छ। समूह बैठकहरु

कार्य समितिले निधो गरेको ठाउँ मिति र समयमा नियमित रुपमा बस्नेछ । पुर्व निर्धारित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भउमा सो को जानकारी कारण सहित पहिले नै दिनु पर्दछ । लगातार तीन बैठकमा उपस्थिति नहुने सदस्यलाई समूहको सहमतीको आधारमा निष्कासित गरिनेछ ।

## ५. पदाधिकारीको काम कर्तव्य र अधिकार

### ५.१ अध्यक्षको काम कर्तव्य अधिकार

- आवश्यक अनुसार बैठक र साधारण सभा बोलाउने ।
- समूहलाई क्रियाशिल गराउने र उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने ।
- बैठक अध्यक्षता गर्ने तथा बैठक नियन्त्रण गर्ने ।
- कुनै बिषयमा मतदान हुदाँ मत बराबर भएमा निर्णायक मत दिने ।